नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



**नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।**

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ०१-४२६११७९

एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)



» सोमबार साउन १४, २०७५ » Monday, July 30, 2018 » www.newsofnepal.com » नेसं ११३८ दिल्लागा २ » वर्ष २४, अंक २०१ » पृष्ठ १२ » मूल्य रू १०/–



२ { फेरियो संरचना

५ { प्रसाईलाई कारबाहीको माग गर्दै जरूरी सार्वजनिक महत्वको प्रस्ताव

९ { न्यौपानेको अगुवाइमा कांग्रेससँग साझेदारी

१० { नेपाल ९ विकेटले विजयी


# श्रीपेच प्रदर्शनीको मिति सरेको सऱ्यो

ईश्वरराज ढकाल, काठमाडौं



श्रीपेच प्रदर्शनीमा राख्ने अन्तिम तयारी गरेको नारायणहिटी विकास समितिले इलेक्ट्रोनिक सुरक्षा प्रणाली सुदृढ गर्ने प्रक्रिया थालनी शुरू गरेको छ। पुरातत्त्व विभागका महानिर्देशक भेषनारायण दाहालको संयोजकत्वमा गठित समितिले सुरक्षा प्रणाली मर्मत संहार गर्न टेन्डर आह्वान गरेको छ। २०६९ सालमा करिब १ करोड ५० लाख रुपियाँमा जडान गरिएको सीसीटीभीलगायतका सुरक्षा यन्त्रमा खराबी देखिएपछि त्यसलाई मर्मत गर्न टेन्डर आह्वान गरिएको हो। समितिले शनिबार २८ लाख ७५ हजार रुपियाँ बराबरको सुरक्षा प्रणाली मर्मत गर्न टेन्डर आह्वान गरेको हो।

'सकभर असोज नभए कात्तिक मसान्तभित्र श्रीपेचलगायतका सामग्री राख्न मिल्ने गरी सुरक्षा यन्त्रहरू मर्मत गर्न लागिएको हो।' -समितिका संयोजक दाहालले भन्नुभयो। सुरक्षा प्रणाली मजबुत भएपछि श्रीपेच राख्ने प्रक्रिया अघि बढाइने भएको छ। नेपाली सेनाको कडा सुरक्षाभित्र श्रीपेचसहित राजदण्ड, दुई वटा मेस, ढाल, तरबार, रानीले लगाउने मुकुट (टायरा), एउटा झारी, र दुई वटा चमर राख्न मिल्ने गरी बुलेटप्रुफ सोकेस तयारी भइसकेको छ।

सरकारले ३ महिनाभित्र श्रीपेच प्रदर्शनीमा राख्ने योजना बनाएपछि समिति तातेको हो। लामो समयपछि सुरक्षा प्रणाली अवलोकन गर्दा बिग्रिएको फेला परेपछि पुन: मर्मत गर्न टेन्डर आह्वान गरिएको संयोजक दाहालले बताउनुभयो। समितिका सदस्य एवं संग्रहालयका पूर्वप्रमुख रोहित ढुंगानाले सोकेस र दर्शकले अवलोकन गर्ने स्थलको सुरक्षा प्रणाली सुदृढ गर्न लागिएको जानकारी दिनुभयो। ५ वर्षअघि तयार गरेको सुरक्षा प्रणालीले काम गर्न छाडेको र ती डिभाइस निर्माण गर्न समितिले टेन्डर गरेको हो। श्रीपेचलगायत सामग्री राख्ने स्थान वरपर २६ वटा सीसीटीभी जडान गरिएको थियो। तीमध्ये करिब १० वटा बिग्रिसकेको छ।

नयाँ सीसीटीभी राख्न तथा नेपाली सेना, नेपाल प्रहरी र नारायणहिटी संग्रहालयको प्रशासन कक्षमा अत्याधुनिक सुरक्षा प्रणाली जडान गर्न टेन्डर आह्वान गरेको ढुंगानाको भनाइ थियो। तीनै निकायले श्रीपेचको सुरक्षा अवस्थाबारे २४ घन्टै अवलोकन गर्नेछन्। अत्याधुनिक सुरक्षा प्रणालीअन्तर्गत अधिकांश गतिविधि नियन्त्रण गर्न रिमोट कन्ट्रोलको व्यवस्था हुनेछ।


(क्रमश : पृष्ठ ९)


# बिमस्टेक सम्मेलनअगावै शीर्ष जमघट

नेपाल समाचारपत्र

काठमाडौं

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) को चौथो शिखर सम्मेलनमा जुटेको सरकारले सम्मेलनअघि 'सिनियर अफिसियल्स मिटिङ' (सोम) आयोजना गर्ने भएको छ।

सोम जमघटमा सदस्य राष्ट्रका परराष्ट्र सचिवहरूकोसंलग्नता रहनेछ। आगामी दुई साताभित्रैमा त्यस्तो जमघट गराउने तयारी भइरहेको तर मिति भने तय हुन बाँकी रहेको परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ। 'सम्मेलनको पूर्वतयारी स्वरूप सोम मिटिङ गर्ने छलफल भइरहेको छ', मन्त्रालयका एक अधिकारीले भने- 'विदेश मन्त्रालय तहका उच्च अधिकारीहरूको जमघटले घोषणापत्रको मस्यौदा तयार गर्न र अन्य तयारीमा सघाउ पुऱ्याउँछ।'

ती अधिकारीले भने- '४ वर्षसम्म सम्मेलन भएन, तोकिएको मितिमा सम्मेलन सफल बनाउने र काठमाडौं सम्मेलन र घोषणापत्र स्मरणीय बनाउने प्रयासमा हामी जुटेका छौं।' चौथो सम्मेलन आगामी भदौ १४ र १५ गते काठमाडौंमा आयोजना हुँदै छ। २ वर्षअघि सन् २०१६ भित्रै हुनुपर्ने चौथो सम्मेलन नेपालकै विविध कारणले धकेलिँदै आएको थियो। सन् २०१४ को मार्चमा म्यानमारको राजधानी ने पी तोमा तेस्रो शिखर सम्मेलन सम्पन्न भएपश्चात् नेपाल बिमस्टेकको अध्यक्ष राष्ट्रको भूमिकामा छ।

बिमस्टेक शिखर सम्मेलनमा सदस्य राष्ट्रका राष्ट्र प्रमुख र सरकार प्रमुख सहभागी हुने प्रचलन छ। सदस्य राष्ट्रका सरकार प्रमुख र राष्ट्र प्रमुखलाई सम्मेलनमा सहभागी हुन गत साता औपचारिक निमन्त्रणा पठाइएको परराष्ट्रका सहायक प्रवक्ता रामबाबु ढकालले जानकारी दिनुभयो। 'सबै किसिमको तयारी भइरहेको छ, सबै मुलुकलाई औपचारिक निम्तोसमेत पठाइसकेका छौं।' -उहाँले भन्नुभयो। बिमस्टेकमा नेपालसहित बंगलादेश, भुटान, भारत, म्यानमार, श्रीलंका र थाइल्यान्ड सदस्य छन्।

# प्रमाणपत्र विवादमा अल्झियो प्रधानन्यायाधीश नियुक्ति

प्रशान्त वली, काठमाडौं



संसदीय सुनुवाइ समितिको बैठकले प्रस्तावित प्रधानन्यायाधीश दीपकराज जोशीको सुनुवाइ अनुमोदन गर्न नसक्दा थप अन्योल सिर्जना भएको छ। प्रस्तावित प्रधानन्यायाधीश जोशीको सुनुवाइ गत बिहीबार भए तापनि २ दिन बितिसक्दा पनि सुनुवाइ अनुमोदन हुन सकेको छैन।

बिहीबार प्रस्तावित प्रधानन्यायाधीश जोशीलाई सुनुवाइ समितिमा सांसदहरूले प्रश्न सोधेका थिए। सांसदहरूको प्रश्नमा जोशीको जवाफ आइसके पनि पर्याप्त छलफल नभएको भन्दै शुक्रबारका लागि बैठक सरेको थियो।

समितिको बैठक आइतबार बिहान ८ बजेका लागि डाकिए पनि आज सोमबार २ बजेसम्मका लागि स्थगित भएको समिति सदस्य निरुदेवी पालले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

आइतबार बिहान बस्ने भनिएको बैठक समितिका सदस्यद्वय पुष्पा भुसाल र जितेन्द्र देव काठमाडौंबाहिर भएको र आवश्यक छलफल गर्न पनि बाँकी रहेको हुँदा बैठकै नबसी स्थगित भएको समितिका सदस्य सांसद पालले जानकारी दिनुभयो।

उहाँ भन्नुहुन्छ- 'प्रधानन्यायाधीश जोशीले झारा टार्ने तरिकाले जवाफ दिनुभएकाले हामीलाई चित्त बुझेको छैन। उहाँले आजको बैठकमा थप सुनुवाइ गर्नुपर्ने स्थिति सिर्जना पनि हुन सक्छ।'

पूर्वन्यायाधीश बलराम केसी न्यायपरिषद्ले न्यायाधीशहरूको रेकर्ड फाइल चुस्त दुरुस्त नराख्दा समस्या भएको बताउनुहुन्छ। केसीले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'समिति शक्तिशाली हुन्छ।'


(क्रमश : पृष्ठ ९)


# हराएको ३० वर्षपछि दाहसंस्कार

गंगा बराल, काठमाडौं

सुन्दा अचम्म लाग्ला, हराएको ३० वर्षपछि दाहसंस्कारसँगै काजकिरिया गरियो भन्दा। तर सत्य हो, ताप्लेजुङको फुङलिङ-८ तीनधारेका घिमिरे परिवारले भर्खरै मात्र विधि पुऱ्याएर पितृ संस्कार गरेका छन्।

गत आइतबार १३ दिनको काम सकिएको हो। १ श्रीमती, ४ छोरा र २ छोरीले धान्यप्रसादको मृत्यु संस्कार सकेका हुन्। 'जसरी अरू संस्कार गरिन्छ त्यस्तै नै भयो, कुशको शव बनाएर खोलामा लग्यौं', छोरी चण्डिकाले भन्नुभयो- 'बुबाको सम्झना नै हराइसकेको छ, कस्तो हुनुहुन्थ्यो बिर्सिसक्यौं।' चण्डिकाभन्दा सानी १ बहिनी र ३ भाइ छन्। कृषि सामग्री संस्थान ताप्लेजुङमा कार्यरत उहाँ बढुवा भएपछि तत्कालीन चाँगे गाविसमा जागिर खान जानुभएको थियो।

नयाँ कार्यालयमा केही दिन काम गरेर फर्कने क्रममा उहाँ नाङ्गेमा एकजना प्याकुरेल थरका आफन्तकोमा १ रात बस्नुभएको थियो। पुरानो कार्यालयको काम बाँकी छ भन्दै तमोरपारि जाने भन्नुभएका उहाँ अहिलेसम्म भेटिनुभएको छैन। जेठा छोरा गंगाप्रसाद घिमिरे बुबा हराएपछि धेरै दिन



खोज्दा पनि नभेटिएको बताउनुहुन्छ।

'यहाँ खोज्न बाँकी छ भन्ने नै भएन, फिदिमसम्म नै खोज्यौं, भेटिएन', गंगाप्रसाद भन्नुहुन्छ- 'बुबाको निधनपछि दु:खले नै परिवार चल्यो, एकातिर पारिवारिक चिन्ता अर्कातिर घरधन्दा चलाउन समस्या।'


२०४५ साल जेठ १४ गते हो, धान्यप्रसाद बेपत्ता हुनुभएको। जेठ १४ लाई नै आधार मानेर यसपछिका सबै संस्कार गर्ने निर्णय भएको उहाँहरूको भनाइ छ। अघिल्लो मंगलबार १५ दिनको मासे सकिएको छ। ४ छोराले सेतो पोसाक लाउनुभएको छ। आफन्त, साथीभाइ र छरछिमेकीहरूले आएर समवेदनाका शब्दहरू प्रकट गरिसकेका छन्।

पुरानै फोटो भए पनि बाहिर राखेर पुष्पगुच्छाले दिवंगत आत्माको चिरशान्तिको कामना गरिएको थियो। ३० वर्षअघिको घटना भएकाले धेरैले धान्यप्रसादको हिजोका दिनको सामाजिक काम र त्यति बेलाको इतिहाससमेत बिर्सिए। माना चामल पनि ल्याइयो, गरुड पुराण भनेर यस्तै रहेछ मृत्युको पीडा भन्दै एक-आपसमा दु:ख साटियो। मलमासका कारण असार १७ गते तिथि परेको थियो तर फेरि जुठो परेकाले केही ढिलो गरी पितृ कार्य सकियो।

काठमाडौंको वाल्मीकि क्याम्पसका धर्मशास्त्र विभागका प्रमुख प्राडा देवमणि भट्टराई धेरै वर्षसम्म मानिस नभेटिएपछि क्रियाकर्म गर्न सकिने बताउनुहुन्छ।


(क्रमश : पृष्ठ ९)





# महानगर

हाल गठन भएको केन्द्रको नयाँ संरचनाअन्तर्गत शैक्षिक योजना तथा विकास महाशाखा, शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा महाशाखा र मानव संसाधन विकास महाशाखा छन्।

## फेरियो संरचना





ईश्वरराज ढकाल
ishor32@gmail.com

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ३ सरकारी निकायको संरचना परिवर्तन गरी एउटै कायम गरेको छ। परिवर्तन गरेको संरचनाको नाम शिक्षा तथा मानव स्रोत विकास केन्द्र रहेको छ। शिक्षा विभाग, अनौपचारिक शिक्षा केन्द्र र शैक्षिक जनशक्ति विकास केन्द्रलाई गाभेर नयाँ संरचना निर्माण गरिएको हो। साउन १ गतदेखि नयाँ संरचनाअनुसार काम अघि बढिसकेको छ। नवगठित केन्द्रको प्रमुखमा तत्कालीन शिक्षा विभागका महानिर्देशक बाबुराम पौडेललाई जिम्मा दिइएको छ। ४ सह-सचिवलाई उप-महानिर्देशकको जिम्मा दिइएको छ। उप-महानिर्देशकमा सह-सचिव खगेन्द्र नेपाल, टेकनारायण पाण्डे, दीपक शर्मा र चुडामणि पौडेललाई जिम्मा दिइएको छ। नयाँ संरचनाको आधारमा उप-महानर्देशकले काम गर्न थालिसकेका छन्।

मुलुक संघीय संरचनामा गएसँगै स्थानीय तहलाई सम्पूर्ण शैक्षिक अधिकार हस्तान्तरण भइसकेपछि बाँकी रहेका निकायलाई मर्ज गरी एउटै बनाइएको हो। 'तीनवटै शैक्षिक एकाइको संगठनात्मक स्वरूपका रूपमा केन्द्रको स्थापना गरिएको शिक्षा मन्त्रालयका प्रवक्ता वैकुण्ठ अर्यालले बताउनुभयो। उहाँले भन्नुभयो- 'नयाँ संरचनाअनुसार काम शुरु भइसकेको छ। मन्त्रालयले केन्द्रमा रहेका महाशाखाले काम शुरु गरिसकेको जनाए तापनि हालसम्म कसरी कर्मचारी व्यवस्थापन गर्ने, कुन कर्मचारीलाई कुन निकायमा राख्ने भन्ने विषयमा निक्यौंल गर्न सकेको छैन।' केन्द्रले देशकै समग्र कर्मचारीलाई मानव स्रोत विकास, मानव स्रोत आवश्यकता प्रक्षेपण, मानव स्रोत परिचालनसमेतको राष्ट्रिय जिम्मेवारी हिसाबले नभई पुरानै काम कारबाहीलाई निरन्तरता दिने उल्लेख गरिएको छ। तीनवटा बृहत् शैक्षिक एकाइको एक स्वरूपका रूपमा निर्माण भएको एकाइ शिक्षा तथा मानव स्रोत विकास केन्द्रको संगठन संरचनाअनुसार केन्द्रमा ३ महाशाखा र १७ शाखाहरू बनाइएका छन्।

हाल गठन भएको केन्द्रको नयाँ संरचनाअन्तर्गत शैक्षिक योजना तथा विकास महाशाखा, शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा महाशाखा र मानव संसाधन विकास महाशाखा छन्। शैक्षिक योजना तथा विकास महाशाखाअन्तर्गत योजना तथा अनुगमन, प्रारम्भिक बालविकास, विद्यालय शिक्षा मापदण्ड निर्धारण, शैक्षिक सूचना व्यवस्थापन र शासकीय सुधार गरी ६ शाखा निर्माण गरिएको छ। शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा महाशाखाअन्तर्गत पाठ्यक्रम तथा सामग्री, श्रव्यदृश्य, शैक्षिक प्रविधि, अनौपचारिक तथा वैकल्पिक शिक्षा र समावेशी गरी ५ शाखा रहेका छन्। त्यस्तै मानव संसाधन विकास महाशाखाअन्तर्गत शैक्षिक व्यवस्थापन तालिम, शिक्षक तालिम, अनुसन्धान तथा गुणस्तर सुधार, आर्थिक प्रशासन, आन्तरिक प्रशासन र सूचना प्रविधि तथा पुस्तकालय गरी ६ शाखा रहेका छन्। नयाँ संरचनामा १७ शाखा छन्।

शिक्षा विभाग सम्बद्ध शाखाहरूलाई शैक्षिक योजना तथा विकास, अनौपचारिक र शैक्षिक जनशक्ति विकास केन्द्रको दूर शिक्षा तथा खुला सिकाइतर्फका शाखाहरूलाई शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा महाशाखाअन्तर्गत राखिएको छ। साथै शैक्षिक जनशक्ति विकास केन्द्रको मानव संसाधन महाशाखा र अन्य प्रशासनसँग सम्बन्धित शाखालाई मानव संसाधन विकास महाशाखाअन्र्तगत राखिएको छ। नयाँ केन्द्रमा १ सय १० जना कर्मचारी राख्ने तयारी भएको छ। कुन कर्मचारीलाई कुन शाखाको जिम्मा दिने भन्ने विषयमा हालसम्म निर्णय हुन सकेको छैन। महाशाखामा खटाइएका सह-सचिव पुरानै कार्यालयमा बसेर काम गरिरहेका छन्। ४ सह-सचिवहरू शैक्षिक जनशक्ति विकास केन्द्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा बसेर काम गरिरहेका छन्। जिम्मेवारविहीन बन्न पुगेका तर पद पाएका सह-सचिवहरू पुरानै कार्यालयमा बसेर काम गरिरहेका छन्। मन्त्रालयले करिब ३ सयको संख्यामा रहेका कर्मचारीमध्ये कसलाई के काममा खटाउने भन्ने विषयमा निर्णय गर्न नसक्दा अधिकांश कर्मचारी कार्यालय आउने र फर्कने मात्र भएको छ।

संगठनलाई चुस्त, दुरुस्त बनाउन तीन तहलाई गाभिएको जनाए तापनि नयाँ संरचनाअन्तर्गत केन्द्रमा कसरी काम गर्ने भन्ने विषयमा कर्मचारीहरूनै दोधारमा रहेका छन्। महाशाखा र शाखा विभाजन गरिए तापनि काम सम्पादनका लागि जनशक्ति अभाव देखिन थालेको छ। प्रदेश, संघ र स्थानीय सरकारलाई शैक्षिक क्षेत्रको सम्पूर्ण अधिकार हस्तान्तरण गरेसंगै ३ वटा कार्यलयबाट सम्पादन हुँदै आएका काम कारबाही नवगठित इकाइमार्फत् गर्ने निर्णय भएपछि नयाँ संरचना बनेको केन्द्रको अवस्था भद्रगोल देखिएको छ। मन्त्रालयले भने नयाँ संरचना निर्माण भएका कारण व्यवस्थापन गर्न केही समय लाग्ने जिकीर गरको छ।

## कंगारुको एक दिने शैक्षिक मेला

कंगारु एजुकेसन फाउन्डेसनले एक दिने कंगारु 'एजुकेसन फेयर' (शैक्षिक मेला) गर्ने भएको छ। विधार्थीहरूलाई वैदेशिक शिक्षासम्बन्धी सही सूचना तथा परामर्श प्रदान गर्ने उद्देश्यले फाउन्डेसनले साउन १६ गते आफ्नै केन्द्रीय कार्यालय, एबी कम्प्लेक्स पद्मोदयमोड पुतलीसडकको सभाहलमा 'एजुकेसन फेयर' गर्न लागेको हो।

फाउन्डेसनका प्रमुख कार्यकारी निर्देशक महेशबाबु तिमल्सिनाले शैक्षिक मेलामा अस्ट्रेलिया, अमेरिका, क्यानडा, न्युजिल्यान्ड र युरोपका विभिन्न २६ वटा प्रतिष्ठित विश्वविद्यालय, सरकारी तथा प्राइभेट कलेजहरूको सहभागीता रहनेछ।

शैक्षिक मेलामा आउने सम्पूर्ण विद्यार्थी र अभिभावकहरूले विश्वविद्यालय तथा कलेजका प्रतिनिधिहरूसँग प्रत्यक्ष भेट गरी अन्तरक्रिया गर्न र सत्यतथ्य जानकारी लिन पाउने तिमल्सिनाले जानकारी दिनुभयो। एजुकेसन फेयर बिहान १० बजेदेखि ५ बजेसम्म हुनेछ।





**बाबुछोरी**
हास्यव्यंग्य अभिनेता मदनकृष्ण श्रेष्ठ छोरी शरनाका साथ घुमघाममा।

PAGE 3

**यो चाहिँ हो**
गायक रामकृष्ण ढकाल अमेरिकामा ढकाल सुमधुर साँझको तयारीका क्रममा।



# सीमा पाँचौं मिसेस नेपाल आइकन



राजधानीमा सम्पन्न विवाहित महिलाबीचको सौन्दर्य प्रतियोगितामा सातदोबाटो ललितपुरकी सीमा भुर्तेलले मिसेस नेपाल आइकन-२०१८ चुनिएकी छिन्। एएनपी मिडिया हाउसद्वारा शनिबार राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न प्रतियोगितामा सीमा प्रमुख उपाधिका साथ मिसेस फोटोजेनिक र मस्ट ट्यालेन्ट उपउपाधि विजेतासमेत चुनिएकी छिन् भने प्रमुख उपाधि जितेबापत स्कुटर पुरस्कार प्राप्त गरेकी छिन्।

प्रतियोगितमा सरू अर्याल फस्ट रनर्सअपका साथमा फेसन आइकन र मस्ट डिर्जभिङ, अम्बिका थापा सेकेन्ड रनर्सअपका साथ बेस्ट स्पीच, दया शार्मा थर्ड रनर्सअपका साथ मिसेस कन्जिनियालीटी तथा प्रिया कार्की फोर्थ रनर्सअपका साथ मस्ट पपुलर र मस्ट फ्रेन्ड्ली भएका छन्। गीत-संगीत प्रस्तुतिको सांगीतिक माहोलका बीच सम्पन्न प्रतियोगितामा अनाकिका रञ्जितकार भिवर्स च्वाइस र मस्ट एक्टिभ, सानु तामाङ मस्ट ग्याम वाक, सरिता सिग्देल मल्टी मिडिया च्वाइस र मस्ट इन्टिलेक्चुअल, सुष्मा पाठक बेस्ट स्माइल, राधिका थपलिया बेस्ट हेयर तथा जानकी बस्नेत बेस्ट स्किन र मस्ट पन्चुयल भएका छन्।

गायक अनन्द कार्की, अधिवक्ता तथा अभिनेता कृष्ण ढुंगान, नेपाल लायन्स क्लबकी प्रथम महिला गर्भनर सुष्मा शर्मा, डा. शान्ता सापकोटा, पूर्ण लामा र हिसानका अध्यक्ष युवराज शर्मा निर्णायक रहेको प्रतियोगितामा लक्ष्मी लुइँटेल आइकनिक आइज, बिना अधिकारी श्रेष्ठ मस्ट डिसिप्लेन, अनिता राना आले बेस्ट पर्सनालिटी, मेनुका बोगटी बेस्ट फिजिक र बेस्ट पर्फमर, कमला चुधारा मस्ट चार्मिङ, प्रज्ञा ढुंगेल मस्ट कन्फिडेन्ट, आशा थापा श्रेष्ठ मिसेस ब्युटिफुल, अमरावती बलामी महर्जन मेनेजमेन्ट च्वाइस र मस्ट इस्टाइलिस्ट, रूपाली पौडेल मस्ट पर्फेक्ट, अनिता चौधरी मस्ट पोजिटिभ एटिच्युट, चन्दा श्रेष्ठ बेस्ट डान्स र उमा श्रेष्ठ बेस्ट सिंगर भए। शम्भुप्रसाद रेग्मीको संयोजन तथा अश्विनी झाको कोरियोग्राफी र सञ्चालनमा भएको कार्यक्रममा गायक आनन्द कार्कीले गीत गाएर दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए। गायक ध्रुव बिस्कोले पनि गीत-संगीत प्रस्तुत गरेका थिए। कार्यक्रममा विशेष अतिथि स्वास्थ्य तथा बालबालिका राज्यमन्त्री पद्माकुमारी अर्यालले विभिन्न व्यक्तिलाई सम्मान गरेकी थिइन्। गृहिणी, पेसाकर्मी तथा विभिन्न व्यवसायमा संलग्न तथा कलेजमा अध्ययनरत विवाहित नारीको वौद्धिक विकास तथा नैतिक क्षमता अभिवृद्धिका लागि हरेक वर्ष यो कार्यक्रम आयोजना गरिँदै आएको एएनपी मिडिया हाउसका प्रबन्ध निर्देशक लवबहादर कार्कीले बताए। उनका अनुसार यस वर्षदेखि विजयी प्रतियोगीलाई स्कुटर पुरस्कारको व्यवस्था गरिएको हो। प्रतियोगिता काष्ठमण्डप टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गरिएको थियो।

# साथीको जन्मदिनलाई टपलेस






चर्चित ब्रिटिस अभिनेतृ तथा गायिका रिटा ओरा एकपटक पुन: चर्चामा छिन्। यसपटक चर्चाका कारण भने उनी आफैंले इन्स्टाग्राम अकाउन्टमा शेयर गरेको उनकै टपलेस तस्वीर हो।

उनले आफ्नो साथीको जन्मदिनमा शुभकामना दिने बहानामा अश्लील फोटो इनस्टाग्राममा हालेर सनसनी मच्चाएकी हुन्। 'मलाई थाहा छ कि यो फोटो कसैलाई देखाउन लायक त छैन, तर केही फरक पर्दैन। किनकि आज तिम्रो जन्मदिन हो', उनले तस्वीरसँगै लेखेकी छिन्- 'मेरो प्रिय साथीलाई जन्मदिनको शुभकामना। हामी एक-अर्काको बच्चैदेखिका साथी हौं र हामीसँगै बढेका हौं।' उनले जुन साथीलाई बधाई दिएकी हुन्, उक्त तस्वीरमा ती साथी पनि छिन्।

तस्वीरमा रिटाले फुलको इमोजीले आफ्नो खुला एक छाती ढाकेकी छिन् भने उनकी साथीले हातको मद्दतले अर्को छाती छोपिदिएकी छिन्। यो फोटो शेयर गरेका कारण उनले धेरैको आलोचना खेप्नुपरेको छ।

# ७ वर्षे बालकको मार्मिक अभिनय





*मेरो मामु* नामक फिल्मको गीत सार्वजनिक गरिएको छ। राजधानीमा आयोजित एक समारोहबीच एक ७ वर्षीय अबोध बालकले आमा गुमाउनु पर्दाको पीडा समेटेर तयार गरिएको *मेरी मामुको गीत मलाई माफ गरिदेउ आमा* सार्वजनिक गरिएको हो।

व्यक्त गरिएको छ। गीतमा ७ वर्षीय बाल कलाकार आयुव सेनले आमा गुमाउँदाको अबोधपन र मातृत्व विहीनताको आभाषसँगै एकलपनले सताएको मार्मिक अभिनय गरेका छन्। गीत सकिँदा जो-कोहीलाई पनि आफ्नी आमाको महत्त्व र ममताको याद गराउँछ। गीतका रचनाकार रवि मल्ल, संगीतकार कल्याण सिंह र गायक रोहित जोन क्षत्री हुन्।

*चंखे शंखे पंखे, प्रेमगीत* र *प्रेमगीत-२* जस्ता व्यावसायिकरूपमा फिल्म सफल भएपछि निर्माता सन्तोष सेनले निर्माण गरेको फिल्मको यो शीर्ष गीतमा बाल कलाकार आयुव सेनसँगै सारुक ताम्राकार र कुसुम गुरुङले अभिनय गरेका छन्। फिल्ममा अश्लेषा ठकुरी, भुवन चन्दलगायतले अभिनय गरेका छन्। यम थापाको लेखन निर्देशन रहेको फिल्ममा पुरुषोत्तम प्रधान र मानकृष्ण महर्जनको छायांकन, बनिष शाह र भूपेन्द्र अधिकारीको सम्पादन रहेको छ।







**आयो है गाईजात्रे तन्त्र**
**पठाउनुहोस् तपाईंको व्यंग्य र कार्टुन मन्त्र**

आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ-आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आए'नि असारमै काम गर्नुपर्ने?
मेलम्ची र सडक विस्तारको बहानामा खाल्डै खाल्डो भयो शहर
चल्ला नचल्ला पानीजहाज र रेल, वर्षाको पानी जम्दा जनता डुब कि मर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने बहुमतको सरकार आउँदासम्म सधैं उस्तै सास्ती।
दोषीचाहिं छाती फुलाएर हिंड्ने निर्दोषलाई जेल
पिटेजस्तो गर्दै रोएजस्तो गर्ने कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुटियो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ सास्तीमाथि सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् उस्तै मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् झनै भयो जनतालाई झुक्याइरहने थलो।
पेटभरि खाना छैन, खाली खुट्टे यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
भान्छा भान्छामा ग्यास पुऱ्याइदिने वचन पूरा गरिदियो भक्तपुरको वर्षाले
नेताले भाषण दिइरहने, जनताले पत्याइरहने, जनता लड्डिरहे यस्तै नशाले।
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति, सुध्रिएनन् नेता र मन्त्रीका मति।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको ३५ वर्षदेखिको यही हो धोको।

**व्यंग्य लेखक, कार्टुनिस्ट घुंडा धसी बस**
**जनतामारा फटाहालाई जति सक्छौ घोच।**
**छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्यचित्र**
**यही साउन २१ म्याद यसको, पठाऊँ यहीभित्र।**

हरेक साल उत्कृष्ट छ, परारभन्दा पोहोर
बांगाटिंगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।

**कामना न्यूज पब्लिकेसन्स्**
**कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं**
**पो. ब. नं. २०४५**
**ईमेल** : merokamana@gmail.com, kamana2041@yahoo.com

# विचार

मानिसको विचार
उसको कामले
जाहेर गर्दछ।
- लाङ्क

अर्ति, उपदेश र
औषधि
मीठो हुन्न।
- नेपाली उखान

**सम्पादकीय**

नेपाल समाचारपत्र

## कारबाहीको दायरामा ल्याऊ

संसारमै प्रदूषणयुक्त शहरको उपमा पाएको काठमाडौं उपत्यकाको वायुको गुणस्तर मापनका लागि स्थापना भएको स्टेसनले नियमितरूपमा काम नगर्दा वायु प्रदूषणको वास्तविक अवस्था कस्तो छ भन्नेमा सरोकारवाला निकाय नै अन्यौलमा परेको छ। मुलुकको एकमात्र वायु प्रदूषण मापन गर्ने स्टेसनले नियमितरूपमा प्रदूषणको अवस्थाको बारेमा जानकारी नगराउँदा विदेशी स्टेसनको भर पर्नुपरेको छ। उनीहरूले दिएको रिपोर्टलाई सरकारले आधिकारिक मान्नुपर्ने विडम्बना विद्यमान रहेको छ। सरकारीस्तरमा स्थापना गरिएका वायु प्रदूषण मापन यन्त्रहरू बिग्रिएपछि मर्मत गर्न सम्बन्धित निकायले चासो नदेखाउँदा यस्तो समस्या आउने गरेको छ।

काठमाडौं उपत्यका र उपत्यकाबाहिरका विभिन्न ५ स्टेसनका उपकरण समयमा मर्मतसम्भार नहुँदा प्रदूषणको तथ्यांक एकिन हुन सकेको छैन। काठमाडौं उपत्यकामा पहिलोपटक सन् २००२ मा वायु तथा प्रदूषण मापन केन्द्र जडान गरिएको थियो। डेनिस सरकारको अनुदान सहयोगमा पुतलीसडक, पाटन, मच्छेगाउँ, भक्तपुरलगायत विभिन्न ६ स्थानमा केन्द्र स्थापना गरेर वायुको गुणस्तर मापन गर्न शुरु भएको थियो। करिब ७ वर्ष सञ्चालनमा रहेका ती केन्द्र हाल पूर्णरूपमा बन्द छन्। ती स्टेसन पुनः सुचारु गर्ने अवस्था नभएपछि २ वर्षयता नयाँ स्टेसन स्थापना गरियो तर ती स्टेसनसमेत अहिले बिग्रिएको अवस्थामा छन्।

काठमाडौंको कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय परिसरमा रहेको एक स्टेसन विगत १० महिनायता अवरुद्ध छ भने शंखपार्कको स्टेसन एक महिनादेखि अवरुद्ध छ। त्यसै गरी पोखराका ३ स्टेसन पनि विगत एक महिनादेखि सञ्चालन हुन सकेका छैनन्। उपकरण नियमित अपडेट 'क्यालिब्रेसन' गर्ने क्रममा ४ वटा स्टेसन अवरुद्ध भएको र कीर्तिपुर स्टेसनको ब्याट्री र उपकरण चोरी भएकाले सञ्चालन हुन नसकेको भन्दै वातावरण विभागले लाचारीपन प्रस्तुत गर्नु पक्कै राम्रो होइन। बिग्रिएका स्टेसनको मर्मतसम्भार गरेर सञ्चालन गर्न सरकारले सम्बन्धित निकायलाई समयमा नै निर्देशन नदिने हो भने यस्तो समस्या पटक-पटक दोहोरिन सक्छ। यसलाई वातावरण विभाग तथा अन्य नियमनकारी निकायले समयमा नै ध्यान दिन सक्नुपर्छ। काठमाडौं उपत्यकाको वायु प्रदूषण मापन गर्ने एकमात्र त्रिविको हाताभित्र रहेको स्टेसनको ४ वटा ब्याट्री चोरी भएपछि त्यसको मर्मतसम्भार गर्न चासो नदेखाउनुलाई सरकारी निकायको चरम लापर्वाही भन्नुपर्दछ। जनस्वास्थ्यसँग जोडिएको प्रदूषण मापनयन्त्र बिग्रँदासमेत बेवास्ता गर्ने निकायलाई सरकारले कारबाहीको दायरामा ल्याउन पहल गर्नुपर्दछ।

# विधिको शासन र सुशासनका कुरा



डा. डीआर उपाध्याय

सरकारले विकास, समृद्धि र सुशासनका कुरा गर्न थालेको धेरै नै भो तर न विकास र समृद्धि हुने संकेत देखिएको छ, न त सुशासनका कुराले नै महत्व पाएको छ। जनता यतिखेर निराश पो हुन थालेका छन्। विगतका सरकार र वर्तमान सरकारमा केही फरकपन नदेखिएपछि के आधारमा सरकारको विश्वास गर्ने ? सरकारले विकास र सुशासनका कुरा त गरिरहेको छ, व्यवहारमा कार्यान्वयन नदेखिएपछि त्यसको के मतलव ? सरकार तीव्र आर्थिक विकासका कुरा गरिरहेको छ, तर देशको अर्थतन्त्र नै टाट पल्टिएको अवस्था छ। नेपालको विकास भनेकै गाउँको विकास हो। गाउँगाउँमा सिंहदरबार भनिएको छ तर गाउँगाउँका युवायुवतीहरू सबै विदेश पलायन छन्। यो ठूलो समस्या हो। गाउँको विकास नै आजको आवश्यकता हो। हाम्रा गाउँ अझै पनि अशिक्षा, अभाव र असुविधाले ग्रस्त छन्। अहिले मुलुकमा ७५३ वटा गाउँ सरकार छन्। यी सरकारले गाउँको विकास गर्न सक्छन कि सक्दैनन्, त्यो भने चासो, चिन्ता र जिज्ञासाको विषय बनेको छ।

अब हामी विकास र समृद्धिको मार्गचित्रमा जोडिनुपर्छ। सबैभन्दा शुरुमा गाउँको विकास गरौं। गाउँमा सडक, विद्युत्, खानेपानी, रोजगारी, निर्यातमुखी कृषि, आधुनिक पशुपालन, कृषिमा आधारित उद्योगको स्थापना, पर्यटनलगायतका क्षेत्रमा व्यापक लगानी र कामको जरुरी छ। यी क्षेत्रको विकास नभई गाउँको विकास सम्भव छैन। विकास र समृद्धिका लागि दक्ष जनशक्तिको आवश्यकता पनि छ। दक्ष जनशक्तिविना पनि विकास र समृद्धिको कल्पना गर्न सकिँदैन। गाउँमा युवा जनशक्ति नै छैन। यो विडम्बना हो। राज्यले युवाका बारेमा सोच्नुपर्छ। युवाका बारेमा गाउँमा केही आयआर्जनका अवसर सिर्जना गर्ने खालको कार्यक्रम राज्यले निर्माण गर्नुपर्छ।

देशमा भ्रष्टाचार व्याप्त छ। भ्रष्टाचार रोक्ने काममा सरकार लाग्नुपर्छ। भ्रष्टाचार नरोकिएसम्म सुशासनका कुरा व्यर्थ हुनेछन्। सुशासन भनेको विधिको शासन हो। विधिको शासनअनुसार मुलुक चलेको छ कि छैन ? त्यसमा धेरै कुराको अर्थ हुन्छ। अहिले सरकारका सामु सुशासनका बारेमा प्रश्न उठ्ने पनि गरेका छन्। सरकारले कसरी हेर्छ, त्यो आफ्नो ठाउँमा रहेको छ। मुलुकले विकास र समृद्धि चाहेको छ। त्यसमा कुनै दुईमत छैन। सरकारका पछिल्ला गतिविधि हेर्दा विकास मैत्री देखिँदैन। नेपाली जनताले अहिलेसम्म सुशासन र विकासको कुनै अनुभूति गर्नसमेत पाएका छैनन्। लोकतन्त्रमा जनताले चाहेको कुरा धेरै हो, तर केही पाउन सकिरहेका छैनन्। लोकतन्त्रमा नेता धनी, जनता गरिब हुँदै गएका छन्। हामीले कस्तो खालको लोकतन्त्रको अवलम्बन गरिरहेका छौं ? बहस गर्नुपर्ने आवश्यकता देखिएको छ। मुलुकमा प्रजातन्त्र आएको तीन दशक हुन थाल्यो तर आमनागरिकका लागि कागलाई बेल पाक्यो हर्ष न बिस्मात् जस्तो भएको छ। देशका समस्या समाधान हुन सकिरहेका छैनन्। यो बडो चिन्ताको कुरा हो। देशमा राजनीतिक परिवर्तन भए, व्यवस्था बदलिए, पालैपालो राजनीतिक दलहरूले शासन पनि चलाए तर जनताको जीवनस्तर जहाँको त्यहीं छ। यो भन्दा दुःख लाग्दो कुरा अरु के हुन्छ ?

मुलुक बनाउने कुरामा राजनीतिक दलहरूको मुख्य भूमिका रहेको हुन्छ तर दलहरू नै गैरजिम्मेवारी बनिदिएपछि कसको के लाग्छ र ? राजनीतिक परिवर्तन मात्र नेपाली जनताको चाहना होइन, जनताको चाहना भनेको विकास र आर्थिक समृद्धिको हो। अहिले मुलुकमा स्थिर सरकार छ। सरकारले चाहने हो भने धेरै प्रगति र उन्नति गर्न सक्छ। यो वर्तमान वाम सरकारलाई कतैबाट अवरोध छैन। कसैलाई दोष दिएर उम्कने ठाउँ पनि छैन।

अब सरकारले मुलुकमा भएका साध, स्रोतलाई परिचालन गरी देशको विकास गर्नुको विकल्प छैन। मुलुकको विकासका लागि सबै मिलेर लाग्नुपर्ने आवश्यकता देखिएको छ। अब सरकारको ध्यान विकास निर्माणमा केन्द्रित हुनु जरुरी छ। विकास र समृद्धि मुखले बोलेर मात्र हुँदैन, काम गरेर देखाउनुपर्छ। विकास र समृद्धिको नारा बोकेर अघि सरेको कम्युनिस्टको सरकारले काम गरेर देखाउनुपर्छ। जनतालाई भ्रममा पार्ने काम नहोस्। जनताको काम इमानदारीका साथ होस्। दुई तिहाइ बहुमतको समर्थनमा बनेको सरकारलाई विकास र समृद्धि गर्न केले र कसले रोक्छ ? सरकारसँग इच्छाशक्ति हुने हो भने देशको विकास हुने सम्भावना देखिन्छ।

सरकारसँग राज्यको ढुकुटी छ। राज्यको ढुकुटीलाई अनावश्यक खर्च नगरी देश विकासमा लगाउने सोच सरकारसँग हुनुपर्छ। देशमा प्राकृतिक स्रोत र साधन पर्याप्त मात्रामा छन्। तिनीहरूको सही सदुपयोग गरी परिचालन गर्ने हो भने देशको उन्नति-प्रगति गर्न सकिन्छ। हामी सबैमा इच्छाशक्ति हुने हो भने विकास र समृद्धिले गति लिन सक्छ। सधैं कुरा मात्र गरेर बस्ने, काम नगर्ने बानीले पनि देशको विकास हुन नसकेको हो। जनताले यो वर्तमान सरकारबाट विकास र समृद्धिको आश गरेका छन्। तर सरकारले जुन गतिका साथ काम गर्नुपर्ने हो गर्न सकिरहेको छैन। यथार्थ कुरा यो हो। अझै पनि थुप्रै समय छ। सरकारले गतिका साथ काम गर्ने हो भने विकास र समृद्धि पाँच वर्षको कार्यकालभित्र नै सम्भव देखिन्छ।

विकास र सुशासन नै लोकतन्त्रको मर्म हो। देश विकास हुनु आजको आवश्यकता हो। देशमा गणतन्त्र आएपछि विकासको मूल फुट्छ भन्ने जनतामा एकप्रकारको आश थियो तर त्यो आश यतिखेर आएर निराशामा बदलिएको छ। अहिले देशमा स्थानीय, प्रदेश र केन्द्रको गरी तीन तहको सरकार छ। अब त विकास हुन्छ कि भन्ने जनतामा आश छ तर हालसम्म पनि देश र जनताका समस्या ज्यूँका त्यूँ छन्। कुनै पनि मुलुकको विकास हुन दूरदर्शी नेताको खाँचो हुन्छ। जब सत्तामा विकासको मार्गचित्र कोर्न सक्ने राजनेता पुग्छ तब मात्र देशको विकास र समृद्धि हुन्छ।

देश विकासका लागि नेताहरूमा गलत प्रवृत्ति फेरिनुपर्छ। सरकारले आर्थिक समृद्धिलाई प्रमुख नारा बनाए पनि समृद्धिका लक्षण नदेखिँदा धेरै जनता निराश छन्। जनतामा देखिएको निराशाका बारेमा सरकार जानकार छैन। वर्षाको समयमा धेरैजसो सडक हिलाम्मे र रोपाइँ गर्न ठिक्क पारेको खेतजस्तो देखिएका छन्। यो लाजमर्दो कुरा हो कि होइन ? जनताले सडकमा रोपाइँ गरेर सरकारको व्यङ्ग्य गरेका छन्। लोकतन्त्रमा पनि यस्तो हुन्छ त ? समयमा विकास बजेट खर्च नहुनुमा ठेकेदार, कर्मचारी र सरकार तीनै पक्ष दोषी छन्। यी तीन पक्षको मिलेमतोमा नै कामले गति नपाएको हो। विगतमा पनि यस्तै थियो, अहिले पनि यस्तै छ अनि सुधार कसरी हुन्छ ? अब पनि शासकीय सुधार हुन सकेन भने देशले प्रगति गर्दैन। देशको विकास गर्ने हो भने सबैभन्दा पहिले शासकीय सुधार हुनु जरुरी छ।

सबै इमानदारीका साथ काम गर्ने हो भने कहाँ असम्भव छ ? विकसित देशहरू त्यसै विकसित भएका होइनन्, ती देशका जनता, शासक र नेताहरू इमानदार भएको कारण विकास सम्भव भएको हो। लोभीपापीहरूले देशको विकास गर्न सक्दैनन्। देशको विकास गर्न ठूलो छाती बनाएर अघि बढ्नुपर्छ। देशमा विधिको शासन चलाउनुपर्छ। सुशासनका कुरा मात्र गरेर सुशासन आउँदैन। सुशासनका लागि भ्रष्टाचारलाई जरैदेखि उखेलेर फाल्नुपर्छ। अनि मात्र नेपाल सुशासनयुक्त मलुकमा दर्ज हुन्छ र यहाँको विकास हुन्छ।

"समयमा विकास बजेट खर्च नहुनुमा ठेकेदार, कर्मचारी र सरकार तीनै पक्ष दोषी छन्। यी तीन पक्षको मिलेमतोमा नै कामले गति नपाएको हो। विगतमा पनि यस्तै थियो, अहिले पनि यस्तै छ अनि सुधार कसरी हुन्छ ? अब पनि शासकीय सुधार हुन सकेन भने देशले प्रगति गर्दैन। देशको विकास गर्ने हो भने सबैभन्दा पहिले शासकीय सुधार हुनु जरुरी छ।"

**पाठक पत्र**

### अझै हटेन विभेद

नेपालमा अझै विभिन्न किसिमका विभेदहरू हटेका छैनन्। सामाजिक सञ्जालमा जनप्रतिनिधिले दलितले छोएको पानी नखाएको समाचार आइरहन्छ। आदिम कालदेखि नेपाली समाज जातजाति, धर्म, संस्कृतिका कारण विभाजित छ। त्यो परम्परा हिजोभन्दा केही कम भए पनि धर्म र जातजातिको नाममा एकले अर्कालाई बन्देज लगाउने प्रवृत्ति निर्मूल हुन सकेको छैन। जातीय विभेदका कारण आज दलित र गैरदलितबीच वैमनस्य बढ्दै जाँदा जन्मदेखि मृत्यु संस्कारमा समेत एकले अर्कोलाई बहिष्कार गर्ने प्रवृत्ति हाबी भएको छ।

सूचना, प्रविधि र विज्ञानले सिंगो विश्व एउटा गाउँमा परिणत भइरहेको वर्तमानमा हामीले बिहे होस् वा व्रतबन्ध, दलित र गैरदलितका लागि भान्सा छुट्टाछुट्टै बनाउँदै आएका छौं। छोइछिटो गर्ने परम्परालाई त्याग्न सकेका छैनौं। महाकवि लक्ष्मीप्रसाद देवकोटाले भनेका छन्, 'मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन।' तर, हामी अझै पनि जातीय दलदलबाट बाहिर निस्कन नसक्दा सार्वजनिक धारा होस् वा मन्दिरमा पसेको निहुँमा दलितलाई अपमान गर्ने काम रोकिएको छैन। के हामीमा मानवीयता मर्दै गएको हो ? यदि होइन भने हामी किन जात र धर्मको नाममा अझै पनि विभाजित भइरहेका छौं ? जबसम्म एक जातिले अर्को जातिको अस्तित्व स्वीकार नगर्ने र एक धर्मले अर्को धर्मलाई बहिष्कार गर्ने परिपाटी अन्त्य हुँदैन तबसम्म देशमा सद्भाव कायम रहन सक्दैन।

आज पूरा विश्व धर्मकै कारण विभाजित छ। धार्मिक विभाजनका कारण विशेषतः मुस्लिम देशहरूमा भीषण युद्ध नै चलिरहेको छ। अरबी मुलकमा सुन्नी र सिया समुदायबीच चलिरहेको धार्मिक युद्धका कारण हरेक दिन सर्वसाधारणले ज्यान गुमाउन बाध्य भएका छन्। पूरा विश्वलाई इस्लामिक बनाउने उद्घोषका साथ युद्ध चर्काइरहेको इस्लामिक स्टेटका कारण आज सिरिया रणभूमिमा परिणत भएको छ।

त्यहाँका लाखौं नागरिकले धार्मिक हिंसाकै कारण ज्यान गुमाउन बाध्य भएका छन्। धार्मिक हिंसाकै चपेटामा परेका कारण आज लाखौं थाइल्यान्डका रोहिंगा मुस्लिम समुदायले आफ्नो थातथलो छोडेर शरणार्थी जीवन बिताउनुपरेको अवस्था छ। अल्पसंख्यकरूपमा रहेको रोहिंग्या समुदायमाथि सरकारी सेनाको ज्यादतीका कारण उनीहरूले आफ्नो थातथलो छोड्न बाध्य भएका हुन्।

जातीय हिंसाका कारण कंगो, सुडानलगायतका देश क्षतविक्षत भएका छन्। धार्मिक र जातीय हिंसा उत्कर्षमा पुगे पनि ती देशहरूमा अहिले पनि शान्ति सेनाले सुरक्षा दिनुपर्ने अवस्था सिर्जना भएको छ। जातीय र धार्मिक हिंसाले निम्त्याएको नरसंहारका कारण आज ती देशको आर्थिक अवस्था कमजोर बन्दै गएको छ। नागरिकले अझै पनि सुखको सास फेरेर बाँच्न पाउने अवस्था छैन।

जातीय र धार्मिकरूपमा नेपाली समाज पनि विभाजित छ। जातीय विभेदका घटना अखबारमा आइरहनु यसको उदाहरण हो। नेपाली समाज धार्मिकरूपमा पनि विभाजित छ। देशमा भइरहने पहिचानवादी आन्दोलनले यसको पुष्टि गर्छ। धार्मिक र जातीय रूपमा नगन्य मात्रामा नेपाली समाज विभाजित भइरहेको बेला गुल्मीका महिलाहरूले भने धार्मिक सद्भावको नमुना प्रस्तुत गरेका छन्। नेपाल धर्मनिरपेक्ष राष्ट्र भएकै कारण सबै जातजाति मिलेर बसेका छन्। यद्यपि कहीं न कहीं धार्मिकरूपमा एकले अर्कोलाई हेर्ने दृष्टिकोण फरक पाइन्छ। एक धर्मले अर्को धर्मलाई नराम्रो देख्ने प्रचलन छ।

धार्मिक संस्कारमा देखिने विभाजनलाई पुर्नको लागि गुल्मीका हिन्दु र मुस्लिम महिलाहरूले उदाहरणीय काम गरेर देखाएका छन्। नेपाली समाजमा विभिन्न जातजाति र धर्ममा आस्था राख्ने समुदाय बस्दै आएका छन्। जसले जुन धर्म माने पनि त्यसको सम्मानमा अर्को जातिले कन्जुस्याइँ गर्नुहुँदैन। जातीय र धार्मिकरूपमा मिलेर बस्नु नै नेपालीको पहिचान हो। यसलाई कहिल्यै मर्न दिनुहुँदैन। हामीले एक-अर्काको धर्मलाई सम्मान गर्नुपर्छ। धर्मसँगै जातीय विभेद अन्त्य गर्न सबै एक हुनुको विकल्प छैन।

*- सञ्जीव अधिकारी, प्युठान।*

### ओली शासनमा मनपरि भयो

प्रतिपक्षमा रहँदा सत्तापक्षले आर्थिक सहायताका नाममा जथाभावी रकम वितरण गरेको भन्दै तीव्र आलोचना गर्ने ओलीले सत्तामा आसीन भएको पाँच महिनामा औषधि उपचार तथा आर्थिक सहायताका नाममा दलका पहुँचवाला नेता, कार्यकर्ता तथा संस्थालाई करोडौं रुपियाँ वितरण गरेर राष्ट्रदोहन गरेका छन्। २०७४ फागुन ३ देखि दोस्रोपटक सरकारको नेतृत्व सम्हालेका ओलीले पुरानै परम्परा कायम राख्दै राष्ट्रदोहनलाई निरन्तरता दिएका छन्। अर्थ मन्त्रालयको तथ्यांकअनुसार यस अवधिमा ७ करोड रुपियाँ औषधि उपचार तथा आर्थिक सहायताका नाममा बाँडिएको छ। यतिसम्म कि सरकारले पछिल्लोपटक असारमा फरार अभियुक्त बृजकिशोर गिरीको औषधि उपचार खर्चबापत सम्बन्धित निकायलाई २ लाख ८८ हजार ५ सय १५ रुपियाँसमेत आर्थिक सहायताका नाममा बाँडेको छ। ओली पहिलोपटक २०७२ असोजमा प्रधानमन्त्री हुँदा आर्थिक सहायताका नाममा दिल खोलेर रकम बाँडेका थिए। आफूले गरेको सबै ठीक र अरुले गरे बेथिति देख्ने ओलीको भनाइ र गराइमा भने यतिखेर विरोधाभास देखिएको छ।

पहुँचवाला नेता, कार्यकर्ता, आफ्ना आसेपासे र आफन्तका नाममा राष्ट्रकोषको रकम दुरूपयोग हुनु नयाँ र नौलो विषय पटक्कै होइन। कसले कति रकम प्राप्त गर्न सफल भए, त्यसले पनि केही अर्थ राख्दैन। तर दुई तिहाइ बहुमतवाला सरकारले पुराना बेथिति हटाएर थिति बसाल्ने जुन अपेक्षा आमजनताको थियो/छ, त्योचाहिँ देखिएन। सरकारले औषधि उपचार तथा आर्थिक सहायताका नाममा जथाभावी कार्यकर्ता र आसेपासे पोस्ने जुन प्रवृत्ति छ, यो पारदर्शी छैन। सरकारको नेतृत्वमा जुनसुकै दल पुगे पनि आर्थिक सहायताका नाममा ठूलो रकम दलका नेता तथा कार्यकर्तालाई बाँडिँदै आएको छ। सरकारले राज्यकोषबाट राष्ट्रका लागि योगदान गरेका, अति विपन्न, आर्थिक अवस्था कमजोर भई उपचार गर्नसमेत कठिनाइ भएका, संरक्षित अल्पसंख्यकका हकमा आर्थिक सहयोग उपलब्ध गराउन सक्ने प्रावधान छ। तर आर्थिक सहायता आर्थिक स्थिति बलियो भएका, उपत्यका वा बाहिर ठूला-ठूला घर भएका, सम्पन्नशाली वर्गले नै त्यस्तो सहयोग पाउँदै आएका छन्। अति विपन्नको सरकारसम्म पहुँच नै पुग्दैन, राज्यबाट आर्थिक सहायता प्राप्त गर्नु त धेरै परको कुरा हो। जनताले यो सरकारले केही गर्ला भन्ने गरेको आश पनि निराशामा परिणत भएको छ। अझै पनि ओली सरकार नसच्चिएर मनलाग्दी गरेमा जनताले माफी दिँदैनन्।


*- सन्तोष रिमाल, नुवाकोट।*

### सामाजिक सञ्जाल



प्रेमलाई प्रमाणित गरिरहनुपर्दैन। यो प्रत्येक व्य(वहारमा आफैं निःसृत भइरहेको हुन्छ।

**Dipak Karki**
**@dipakkrk**



स्वर्ग-नर्क, देवता-राक्षस, पाप-धर्म...अहँ केही हुन्छ भन्ने विश्वास लाग्दैन, सिबाय न्याय-अन्याय।

**Mahabir Bishwakarma**
**@MahabirBswkrma**




साँच्ची ! सरकारका मन्त्रीहरूलाई बल्खु, कलंकी हुँदै नागढुंगा र चाबहिल हुँदै गोकर्णसम्मको साइकल यात्रा गराएर देशको वर्तमान स्थितिबारे अवगत गराइदिनुपर्ने।

**Manavi Paudel**
**@ManaviPaudel**

२०७५, साउन
सोमबार
१४

{ यस्ता अमर्यादित गतिविधिलाई निस्तेज पार्न निजमाथि कानुनबमोजिम हदैसम्मको कारबाही गरी संविधान, कानुनको पालनामार्फत आम नेपाली महिला, विद्यार्थी र नागरिकको स्वाभिमानको रक्षा गर्न आवश्यक भएकाले यो सार्वजनिक महत्वको प्रस्ताव पेस गरिएको छ।



# नेपाल

## प्रसाईंलाई कारबाहीको माग गर्दै जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव

**नेपाल समाचारपत्र**

काठमाडौं

बी एन्ड सी मेडिकल कलेजका कार्यकारी निर्देशक दुर्गा प्रसाईंलाई कारबाहीको माग गर्दै नेपाली कांग्रेसले प्रतिनिधिसभामा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गरेको छ।

केही समयअघि प्रसाईंले सार्वजनिक सञ्चार माध्यम तथा सामाजिक सञ्जालमार्फत बंगलादेशमा मेडिकल शिक्षा आर्जन गरी स्वदेश फर्किएका तथा हाल त्यहाँ अध्ययनरत छात्रहरूप्रति अपमानपूर्ण अभिव्यक्ति दिएर संविधान र कानुनको ठाडो उल्लंघन गर्ने कार्य गरेको कांग्रेसको आरोप छ। उक्त सार्वजनिक महत्त्वको प्रस्तावमा कांग्रेस सांसद डिला संग्रौला (पन्त) प्रस्तावक र सांसद लक्ष्मी परियार तथा प्रमिला राईले समर्थन गर्नुभएको छ। स्वदेशमा मेडिकल शिक्षा आर्जनको यथोचित व्यवस्था नहुँदा रहर वा बाध्यताले विदेशमा गएर उच्च शिक्षा हासिल गर्न बाध्य हाम्रा चेलिबेटीप्रति प्रसाईंले दिएको अभिव्यक्तिले उनीहरूको इज्जत, मान र प्रतिष्ठामाथि धावा बोल्ने काम भएको भन्दै प्रसाईंमाथि कारबाहीको माग गरिएको छ।

प्रसाईंको भनाइले सिंगो नारी जगत्को अपमान गर्ने दुश्प्रयाससँगै आम स्वाभिमानी नागरिक र अभिभावकको प्रतिष्ठामा समेत गम्भीर चोट पुर्‍याउने कार्य भएको भन्दै यो अभिव्यक्तिले नेपालको दशकौं पुरानो बंगलादेशसँगको कूटनीतिक सम्बन्धमा समेत ठूलो आँच पुर्‍याएको प्रस्तावमा औंल्याइएको छ। छलफल गर्नुका कारणबारे प्रष्ट्याउँदै सार्वजनिक महत्त्वको प्रस्तावमा भनिएको छ- 'संविधानको धारा १८ को समानताको हक तथा धारा ३८ को महिलाको हकविपरीत सार्वजनिक अभिव्यक्ति दिएर सिंगो महिला जगत्को मान मर्दन गर्ने, संविधान र कानुनी शासनको धज्जी उडाउने कार्यले नेपाल र मित्रराष्ट्र बंगलादेशबीचको कूटनीतिक सम्बन्धमा समेत ठूलो आँच पुर्‍याउने दुश्प्रयास भएको छ। यस्ता अमर्यादित गतिविधिलाई निस्तेज पार्न निजमाथि कानुनबमोजिम हदैसम्मको कारबाही गरी संविधान, कानुनको पालनामार्फत आम नेपाली महिला, विद्यार्थी र नागरिकको स्वाभिमानको रक्षा गर्न आवश्यक भएकाले यो सार्वजनिक महत्त्वको प्रस्ताव पेस गरिएको छ।

नेपालको संविधानको धारा १८ ले सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने प्रत्याभूति दिएको छ। यसका अतिरिक्त हाम्रो संविधानले धर्म, जात, जाति, लिंग, भाषा वा क्षेत्र कुनै पनि आधारमा भेदभाव गर्न नपाइने मात्र होइन, हाम्रो विद्यमान कानुनले कुनै पनि व्यक्तिलाई सार्वजनिक स्थानमा अश्लिल बोली, वचन, इशारा प्रयोगमा निषेध गरेको छ।

## प्रहरी आधुनिकीकरण फोरममा नेपाल प्रहरी सहभागी

काठमाडौं, (नेस)

चीनको गुभाउ प्रदेशको गुयाङ शहरमा साउन ९ देखि १२ गतेसम्म आयोजित पहिलो अन्तर्राष्ट्रिय बिग डाटा प्रविधि तथा प्रहरी आधुनिकीकरण फोरममा नेपाल प्रहरीले सहभागिता जनाएको छ।

कुल १४ एसियन राष्ट्रका २ सय ४० जना प्रहरी अधिकृतहरूको सहभागिता रहेको उक्त फोरममा नेपाल प्रहरीका तर्फबाट प्रहरी प्रधान कार्यालय सञ्चार निर्देशनालयका प्रमुख प्रहरी नायब महानिरीक्षक डा. राजिव सुब्बासमेत ४ जना प्रहरी अधिकृत सहभागी हुनुभएको थियो।

फोरममा प्रहरी नायब महानिरीक्षक डा. सुब्बाले नेपाल प्रहरीको आधुनिकीकरण तथा बिग डाटा प्रविधि प्रयोग गर्ने बारेमा प्रस्तुतीकरण गर्नुका साथै समापन समारोहलाई सम्बोधन गर्दै नेपाल प्रहरीलगायत अन्य देशका प्रहरी संगठनबीच सञ्चार तथा सूचना प्रविधिमार्फत सहकार्यका लागि जोड दिनुभएको थियो। साथै उहाँले गुभाउ प्रदेशका उपप्रदेश प्रमुख गु रुमिन तथा केन्द्रीय गृह मन्त्रालयका अन्तर्राष्ट्रिय समन्वय विभागका उपमहानिर्देशक हु बिंचेनसँग भेटघाट गर्नुभएको थियो।

सो अवसरमा सहभागीहरूले गुभाउ प्रदेशको बिग डाटा प्रविधि प्रयोग तथा गुयाङ शहरको प्रहरी कार्यालयले प्रयोग गर्ने बिग डाटा प्रविधि प्रणाली अवलोकन गरेका थिए।

उक्त कार्यक्रमका सहभागीहरूबीच छलफलपछि ६ वटा रिजोलुसन प्रस्ताव गरी कार्यक्रम समाप्त भएको थियो। जसअन्तर्गत प्रहरी संगठनबीच बिग डाटा पुलिसिङसम्बन्धी सहकार्य गर्ने, बिग डाटा पुलिसिङसम्बन्धी उत्कृष्ट प्रयोगको आदानप्रदान गर्ने, बिग डाटा पुलिसिङसम्बन्धी संयोजक कमिटी निर्माण गर्ने, प्रहरी प्रशिक्षणमार्फत बिग डाटा पुलिसिङ अनुसन्धान प्रवर्द्धन गर्ने, बिग डाटा पुलिसिङमार्फत साझा सुरक्षाका लागि सम्बन्ध निर्माण गर्ने तथा आगामी वर्ष पनि प्रहरी कार्यका लागि पुनः अन्तर्राष्ट्रिय बिग डाटा प्रविधि फोरम गुभाउ प्रदेशमा आयोजना गर्ने निर्णय भएको छ।

## अल्पकालीन आधारभूत तालिम शुरू

काठमाडौं, (नेस)

सशस्त्र प्रहरी बल नेपाल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा सिसं १२ सशस्त्र प्रहरी निरीक्षक अल्पकालीन आधारभूत तालिम सञ्चालन भएको छ।

सो प्रतिष्ठानका कार्यकारी निर्देशक सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक रामशरण पौडेलले सोही प्रतिष्ठानमा आयोजित एक समारोहका बीच उक्त तालिमको उद्घाटन गर्नुभयो। सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पौडेलले त्यस अवसरमा यस्ता तालिमले कर्मठ, सक्षम र कुशल अधिकृत निर्माण गर्नुका साथै पेसागत दक्षता अभिवृद्धि गर्नमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।



उहाँले सशस्त्र प्रहरी कर्मचारीको व्यावसायिक क्षमता अभिवृद्धिका लागि संगठनले यस्ता व्यावसायिक तालिम सञ्चालन गर्दै आइरहेको उल्लेख गर्नुहुँदै प्रशिक्षार्थीले अनुशासित तथा लगनशील भई तालिमबाट बढीभन्दा बढी ज्ञान आर्जन गर्नेतर्फ क्रियाशील हुनुपर्ने बताउनुभयो।

सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पौडेलले उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गर्दै आवश्यकताअनुसार विभिन्न विषयमा विज्ञहरूद्वारा समेत प्रशिक्षण प्रदान गरिने चर्चा गर्नुहुँदै यस्ता तालिमप्राप्त जनशक्तिले कार्यक्षेत्रमा आइपर्ने विभिन्न जिम्मेवारी सहजताका साथ सम्पन्न गर्न सक्षम रहने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा तालिमका प्रमुख प्रशिक्षक सशस्त्र प्रहरी नायब उपरीक्षक तुलबहादुर भण्डारीले तालिमसम्बन्धी कार्ययोजना प्रस्तुत गर्नुभएको थियो। १९ हप्ता अवधिको उक्त तालिममा ड्रिल, मानवअधिकार, नक्सा अध्ययन, खबर संकलन, हुल तथा दंगा व्यवस्थापन, विपद् व्यवस्थापन, सीमा सुरक्षा, औद्योगिक सुरक्षा, हतियार ह्यान्डलिङ, स्टाफ ड्युटीलगायतका विषयमा सैद्धान्तिक तथा व्यावहारिक प्रशिक्षण दिइने कुरा जानकारी गराइएको थियो। उक्त तालिममा ५७ जना सशस्त्र प्रहरी निरीक्षक प्रशिक्षार्थीका रुपमा सहभागी रहेका छन्।

## उपभोक्ता समितिको अध्यक्षमा पुनः त्वाती



**नेपाल समाचारपत्र**

भक्तपुर

पान्डोबजार खानेपानी योजना जल उपभोक्ता समितिको प्रथम अधिवेशनले राजनकाजी त्वातीको अध्यक्षमा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ। सूर्यविनायकमा सम्पन्न अधिवेशनले उपाध्यक्षमा कान्छा सुवाल, सचिवमा कृष्णराम ध्वजू, सहसचिवमा हरि भट्टराई, कोषाध्यक्षमा रामसुन्दर सुवाल, सदस्यमा शशीकदा दोङ लामा, सानुकेशरी त्वाती, हरिकृष्ण श्रेष्ठ, राजेन्द्र त्वाती, सत्यनारायण ध्वजू र पूण्यराम ध्वजू चयन भएका छन्।

यसअघि भएको अधिवेशनको उद्घाटन कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका जिल्ला अध्यक्ष दुर्लभ थापाले प्रतिनिधिसभा सदस्यदेखि प्रदेशसभा सदस्यसम्म र स्थानीय तहका पदाधिकारीसमेतले आफूलाई कसरी तलब, भत्ता, सेवा, सुविधा बढाउन सकिन्छ भनेर मात्रै सोच्ने गरेको आरोप लगाए। जनताको भावनाविपरीत जनप्रतिनिधिले काम गर्न नसकेको टिप्पणी गर्दै उनले नेताहरूले चुनावमा बोलेका कुरा पूरा गर्नेभन्दा पनि आफ्नो दुनो मात्रै सोझ्याउने काममा तल्लिन भएको आरोप लगाए।

कार्यक्रममा पूर्वसभासद रामेश्वर ढुङ्गेलले कामहरू अधुरो राख्ने र जनताको भावनाअनुरुप नहुने गरेको चर्चा गर्दै मेलम्ची खानेपानी यसको उदाहरण भएको बताए। त्यस अवसरमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय भक्तपुरका प्रमुख सर्वेन्द्र झाले पान्डोबजार खानेपानी समिति केन्द्रीय बजेटमा परेको बताउँदै यसले खानेपानी विस्तार तीव्र पार्नसक्ने बताए।

कार्यक्रममा समितिका अध्यक्ष राजनकाजी त्वातीले समितिले ४ वटा डिप बोरिङ गरेर करिब ८ सय ५० घरधुरीलाई धारा वितरण भइसकेको बताउँदै पानी संकलनका लागि १२ लाख लिटर क्षमताको ५ वटा ट्यांकी निर्माण सम्पन्न गरेको र थप ३ लाख लिटरको ट्यांकी निर्माण गर्ने तयारीमा रहेको बताए। समितिले ९ करोड ५५ लाखको योजना स्वीकृत गरेको बताउँदै उनले समितिको कोषमा १ करोड ७ लाख मौज्दात रहेको बताए।

कार्यक्रममा समितिका संस्थापक सदस्यका तर्फबाट निशान ढुंगेल, वडा समूहको तर्फबाट शशीकला दोङ लामा, उपभोक्ताका तर्फबाट सत्यनारायण ध्वजू, सिपाडोल खानेपानी जल उपभोक्ता समितिको तर्फबाट बोधबहादुर थापा, आयोजनाका कोषाध्यक्ष रामसुन्दर सुवाल, समितिका कार्यालय प्रमुख राजेन्द्र तमखुलगायतले खानेपानीको अभाव हुन नदिन आयोजनाले महत्त्वपूर्ण निर्वाह गर्नुपर्नेमा जोड दिए।

## इन्द्रकुमारी महाकाव्यको विमोचन

**नेपाल समाचारपत्र**

काठमाडौं

पूर्वसांसद तथा कवि अशोकनाथ तिवारीद्वारा लिखित 'इन्द्रकुमारी' महाकाव्य आइतबार एक कार्यक्रमका बीच विमोचन भएको छ।

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहकी जेठी रानी इन्द्रकुमारीको जीवनीमा आधारित भई सृजना गरिएको महाकाव्यमाथि बोल्दै कवि डा. देवी नेपालले इन्द्रकुमारीलाई विषय बनाएर धेरैले महाकाव्य लेखेका तर सबैले पृथ्वीनारायण शाहलाई छुच्चो र घमण्डी देखाएको इतिहासमा यो महाकाव्यबाट पृथ्वीनारायण शाहले न्याय पाएको र उनका दागहरू मेटिएको बताउनुभयो।

कवि प्रभा भट्टराईले नेपाली साहित्यमा अर्को इन्द्रकुमारी जन्मिएकी बताउनु हुँदै जन्माउने सर्जकलाई शुभकामना दिँदै नेपाल एकीकरणको समयमा महत्त्वपूर्ण तर लुकेको पाटो खोतल्न इन्द्रकुमारी सफल रहेको बताउनुभयो।

कवि डा. रामप्रसाद ज्ञवालीले महाकाव्यमाथि बोल्दै भन्नुभयो 'विषय जति सामान्य हुन्छ, प्रस्तुति उति नै कठिन हुन्छ।



सर्जकलाई आफ्नो मौलिकता कसरी दिने भन्ने कुरामा ठूलो चुनौती हुन्छ।' तर इन्द्रकुमारी महाकाव्य यो चुनौतीबाट जोगिन सफल भएको बताउनुभयो। महाकाव्यले पृथ्वीनारायण शाहलाई न्याय गरेको बताउनु हुँदै पृथ्वीनारायण शाहले पहिलो विवाहको केही समयमै अर्को विवाह गरे भन्ने दोष दिँइदै आइएको पाइन्छ। तर यो महाकाव्यमा पृथ्वीनारायण शालले किन अर्को विवाह गरे भन्ने कुरामा प्रकाश पारेका छन्। यसअर्थ यो महाकाव्य ऐतिहासिक र कालजयी भएको बताउनुभयो।

लेखन र प्रकाशनका बारे बताउँदै कमला तिवारीले कवि र कविता नेपाली साहित्यको मात्र नभई अर्थतन्त्रको पनि अंग बन्नुपर्छ भन्नुभयो।

इन्द्रकुमारी महाकाव्यका लेखक कवि अशोकनाथ तिवारीले सानै बेलादेखि पृथ्वीनारायण शाहको बारेमा आफूले पढेको तर इन्द्रकुमारीका बारेमा पढ्दा पटक-पटक रोकिएको, इन्द्रकुमारीलाई भएको अन्यायले आफूलाई पोलेकाले इन्द्रकुमारी महाकाव्यको सृजना हुन गएको बताउनुभयो।

लेखनकुञ्जमा भएको कार्यक्रममा छन्द कवि सुदेश सत्याल, भवानी खतिवडा, गणेशप्रसाद खतिवडाले कविता वाचन गर्नुभएको थियो। कविता इन्द्रकुमारी सिमल बुक प्रकाशनले प्रकाशन गरेको हो।

सिनेमा कर्नर











अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


### आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : आर्थिक लाभ, परिवार-सुख, उत्तम भोजन, सुख-सन्तोष।
**वृष** : कार्य सिद्धि, शारीरिक स्वस्थता, हर्षविभोर, सुखानुभूति।
**मिथुन** : राज्य भय, मान-प्रतिष्ठामा आघात, अनिच्छित यात्रा।
**कर्कट** : रोग लाग्ने सम्भावना, धनहानि, कार्यमा बाधा आउने।
**सिंह** : धन-सम्पत्ति प्राप्ति, रोकिएका काम बन्ने, पुरस्कार-सम्मान।
**कन्या** : आर्थिक लाभ, शत्रु विजय, पारिवारिक सुख।
**तुला** : काममा असफलता, सन्तान-कष्ट, वायुजन्य रोगको भय, खर्च।
**वृश्चिक** : अपच-ग्यास्ट्रिकको सम्भावना, विवाद, व्यर्थको दौडधुप।
**धनु** : द्रव्यलाभ, मान-सम्मान, पराक्रम-उन्नति, कार्य सफल।
**मकर** : धन-नाश, अस्थिरता, आँखामा समस्या आउन सक्छ।
**कुम्भ** : खाद्यसामग्री-उपहारादि वस्तु प्राप्ति, उत्तम भोजन, भाग्योदय।
**मीन** : धन नोक्सानी, रोग-चोटपटकको भय, वादविवाद।



# प्रदेश-३



उनले परिवारलाई २ लाख रकम प्रदान गरेको पार्टीका जिल्ला सभापति पेम्बा छिरिङ तामाङले बताएका छन् । आचार्यले जिल्लाका ३ जनाको परिवारलाई २ लाख रकम प्रदान गरेका हुन् ।

# असारे आरोपबाट मुक्त हुने बैतेश्वर गाउँपालिकाको उद्घोष

**चिरञ्जीवी मास्के, दोलखा**



दोलखाको बैतेश्वर गाउँपालिकाले परम्परागत विकास प्रक्रियाको अन्त्य गर्दै प्रभावकारी र दिगो विकास प्रक्रिया शुरू गर्न आर्थिक वर्ष ०७५/०७६ मा असारे आरोपबाट मुक्त हुने घोषणा गरेको छ।

हरेक विकासे अड्डा र स्थानीय तहका विकासे गतिविधि असारमा आएरमात्र सञ्चालन हुने भएकाले कामको प्रभावकारीता र पारदर्शीता नहुने आरोप लाग्ने गरेको भन्दै बैतेश्वर गाउँपालिकाले आर्थिक वर्ष ०७५/०७६ को विकास निर्माण तथा सेवा प्रवाहको लागि स्वीकृत वार्षिक विकास कार्यक्रमहरू जेठ मसान्तसम्म सकाउने निर्णय गरेको कार्यकारी अधिकृत नवराज पराजुलीले बताए। गाउँपालिकाले असारमा गएर खर्च गर्ने परिपाटी र असारे विकासलाई क्रमश: अन्त्य गर्ने लक्ष्य लिएको पराजुलीको भनाइ छ। गाउँपालिकाले गर्ने खर्चसमेत जेठ मसान्तभित्रै नै गरिसक्ने पराजुलीले बताए।

असारे आरोपबाट मुक्त हुन गाउँपालिकाको परिषद् बैठकले साउनभित्र ठेक्कामार्फत गरिने कामको पक्रिया शुरू गर्ने, भाद्र मसान्तसम्म उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिलाई अभिमुखीकरण गरेरमात्र आयोजना शुरू गर्ने, भाद्र मसान्तसम्म उपभोक्ता समिति गठन हुन नसकेका आयोजना ठेक्का प्रक्रियाबाट सञ्चालन गर्ने कार्ययोजना पास गरेको छ।

त्यसैगरी परिषद् बैठकले आर्थिक वर्षको मध्यावधिमा विकास निर्माण एवं सेवा प्रवाहलाई समीक्षा गर्दै सो समयमा शुरू हुन नसकेका आयोजनाको बजेट रिभाइज गर्ने, साउनभित्र वार्षिक योजना कार्यान्वयन निर्देशिका तयार गरी आगामी आर्थिक वर्षको विकास निर्माण, सेवा प्रवाहलाई प्रभावकारी, नागरिक मैत्री एवं चुस्त दुरुस्त बनाउने निर्णयसमेत भएको कार्यकारी अधिकृत पराजुलीले बताए।

भूकम्पपछि निजी आवास निर्माणको समयमा बजारमा महँगी, कालोबजार तथा मनोमानी बढेकाले सोको नियन्त्रण गर्न अनुगमन समितिलाई सक्रिय बनाई निर्माण, ढुवानी तथा प्राकृतिक स्रोत साधनको न्यूनतम दररेट तयारीको लागि अन्तर स्थानीय तहमा एकरूपता ल्याउन सहकार्य गर्ने निर्णय भएको गाउँपालिका प्रमुख छवि लामाले बताए। गाउँपालिकाको भौतिक संरचना निर्माणका लागि नाम्दुको पाँडुडाँडामा ५५ रोपनी नि:शुल्क जग्गा उपलब्ध गराएकाले तत्कालै कार्यालय भवन निर्माणलगायतको कामसमेत शुरू गरिने लामाको भनाइ छ।

गाउँपालिकाले एक वर्षको अवधिमा हरेक बस्तीमा सडकको पहुँच पुऱ्याएको, भूकम्पपछिको पुनर्निर्माणको कामलाई तीव्रता दिएको, गाउँपालिका तथा सबै वडा कार्यालयलाई प्रविधिमैत्री बनाइएको, सार्वजनिक सुनुवाइ, गुनासो सुनुवाइ, नागरिक वडापत्र राख्नेजस्ता पारदर्शिताको कामलाई समेत प्राथमिकताका साथ अगाडि बढाइएको दोलखाका ७ गाउँपालिका र २ नगरपालिकामध्ये बैतेश्वर गाउँपालिका हरेक हिसाबले अब्बल रहेको प्रमुख लामाको दाबी छ।

बैतेश्वर गाउँपालिकाले आर्थिक वर्ष ०७४/०७५ मा स्वीकृत वार्षिक विकास कार्यक्रममा ९० प्रतिशत भौतिक प्रगति र करिब ८८ प्रतिशत वित्तीय प्रगति गर्न सकेको कार्यकारी अधिकृत पराजुलीले बताए। त्यसैगरी आर्थिक वर्ष ०७५/०७६ का लागि स्वीकृत वार्षिक विकास कार्यक्रम कार्यान्वयन गर्न ३६ करोड, ७८ लाख ८८ हजार अनुमानित आय-व्ययको प्रक्षेपण गरिएको गाउँपालिकाले जनाएको छ।

# पहिरोमा ज्यान गुमाएकाको परिवारलाई आर्थिक सहयोग

रसुवा, (नेस)

बुधबार राति गएको पहिरोमा ज्यान गुमाएकाको परिवारलाई प्रतिनिधिसभाका सदस्य एवं नेपाली कांग्रेसका नेताले आर्थिक सहयोग गरेका छन्।

जिल्लाको गोसाइकुण्ड गाउँपालिका वडा नम्बर २ टिमुरेमा मध्यराति गएको पहिरोमा परेर ज्यान गुमाएकाको परिवारलाई प्रतिनिधिसभाका सदस्य मोहन आचार्यले व्यक्तिगतरूपमा आर्थिक सहयोग गरेका हुन्। उनले परिवारलाई २ लाख रकम प्रदान गरेको पार्टीका जिल्ला सभापति पेम्बा छिरिङ तामाङले बताएका छन् । आचार्यले जिल्लाका ३ जनाको परिवारलाई २ लाख रकम प्रदान गरेका हुन्। जिल्लाको थुमनका ४५ वर्षका मिङमार गोम्बो तामाङ, टिमुरेका ४७ वर्षका दोर्जेवाङजु घले र ३७ वर्षका माहिला कार्साङ किमो घलेले पहिरोमा ज्यान गुमाएका थिए।

नेपाली कांग्रेस प्रदेश नम्बर ३ संसदीय दलको तर्फबाट प्रतिमृतक १० हजार आर्थिक सहयोग गरिएको पार्टीका जिल्ला सभापति तामाङले बताए। पहिरोमा परेर रसुवाका ३, सिन्धुपाल्चोकका ४ र नुवाकोटका २ जनाले ज्यान गुमाएका थिए। पहिरोले स्थानीय टासीदेलेक होटल पूर्णरूपमा क्षति भएको छ। पहिरोले टिमुरे गाउँ प्रवेश गर्ने स्थलमा रहेको प्रहरी चेक पोस्टसहित ५ वटा छाप्रा पुरेको थियो।

# विप्लव पार्टीका दुई पोलिटब्युरो सदस्य पक्राउ

काभ्रे, (नेस)

नेपाल कम्युनिस्ट पार्टीका २ पोलिटब्युरो सदस्यलाई प्रहरीले पक्राउ गरेको छ। तराईमा आयोजित केन्द्रीय कमिटीको बैठक सकेर फर्कने क्रममा प्रहरीले नागढुंगाबाट पक्राउ गरेको हो।

काभ्रेको नमोबुद्ध नगरपालिका-६ स्थित कुन्साङ लामाको क्रसर उद्योग र ट्रिपरमा आगजनी गरेको अभियोगमा २ दर्जनभन्दा धेरै नेकपाका कार्यकर्तालाई प्रहरीले मुद्दा दर्ता गरेको छ। तीमध्ये नेकपाका पोलिटब्युरो सदस्य कृष्ण धमला 'गम्भीर' र मोहन कार्की 'जीवन्त'लाई प्रहरीले पक्राउ गरेको हो। साउन १० गते बिहीबार नै पक्राउ गरिएको परिवारले जानकारी दिएको छ। नेकपाले पक्राउ परेका नेताद्वयलाई बालाजु प्रहरी चौकीमा राखी शुक्रबार साँझ जिल्ला प्रहरी कार्यालय धुलिखेल ल्याइएको थियो।



सुर्खेत वीरेन्द्रनगर घर भएका ५९ वर्षीय कार्की र धादिङ जिल्ला निलकण्ठ नगरपालिका वडा नम्वर ३ घर भएका ५९ वर्षीय धमलालाई प्रहरीले आगजनी र सांगठनिक अपराधमा मुद्दा चलाउने गरी ७ दिनको म्याद थप गरेको छ। २०७५ बैशाख १ गते मध्यरातमा लामाको क्रसरमा आगजनी गरिएको थियो। त्यसको जिम्मेवारी नेकपाले लिएको थियो। नेकपाका एक नेताले आफ्नो पार्टीका २ पोलिटब्युरो सदस्यलाई प्रहरीले अपहरण शैलीमा पक्राउ गरी बेपत्ता बनाएको सूचना आएको भए पनि र उनीहरूको अवस्थाबारे प्रशासनले कुनै जानकारी नै नगराएको भन्दै बिनाकारण आस्थाकै आधारमा पक्राउ गरिएका २ नेतालाई अबिलम्ब रिहाइको माग गरेको बताएका थिए। यसअघि पक्राउ गरिएका २ पोलिटब्युरो सदस्य पदम राई र ओमप्रकाश पुन अहिले पनि प्रहरी हिरासतमा छन्।

# पाँच स्थानीय तहलाई चीनको एम्बुलेन्स

दोलखा, (नेस)

पूर्वपर्यटनमन्त्री तथा नेपाल-चीन हिमालयनमैत्री समाजका अध्यक्ष आनन्दप्रसाद पोखरेलको पहलमा चीनले नेपालसँग सीमाना जोडिएका ५ स्थानीय तहलाई एम्बुलेन्स उपहार प्रदान गरेको छ।

चीनसँग सीमा जोडिएका दोलखाको भीमेश्वर नगरपालिका, सिन्धुपाल्चोकको जुगल गाउँपालिका, संखुवासभाको खाँदबारी नगरपालिका, काभ्रेपलाञ्चोकको मण्डन देउपुर नगरपालिका र लमजुङको निमुवाटारी शहरी स्वास्थ्य केन्द्रलाई चीन सरकारको चाइना एड संस्थाले १/१ वटा एम्बुलेन्स उपहार प्रदान गरेको नेपाल-चीन हिमालयनमैत्री समाजले जनाएको छ।

शनिबार भएको विशेष कार्यक्रममा उपप्रधान तथा स्वास्थ्यमन्त्री उपेन्द्र यादव र नेपालका लागि चिनियाँ राजदूत यु हङले स्थानीय तहका प्रमुखलाई एम्बुलेन्स हस्तान्तरण गरेका थिए। सो अवसरमा स्वास्थ्यमन्त्री यादवले चीनले विगतदेखि नै नेपालमा स्वास्थ्य, शिक्षा, जलविद्युत्लगायतका क्षेत्रमा उल्लेख्य सहयोग गरेको भन्दै प्रशंसा गरेका थिए।

कार्यक्रममा नेपाल-चीन हिमालयनमैत्री समाजका अध्यक्ष आनन्दप्रसाद पोखरेलले समाजको पहलमा चीनले विगतदेखि नै एम्बुलेन्स उपलब्ध गराउँदै आएको उल्लेख गर्दै आगामी दिनमा यो संख्या बढाउने अपेक्षा गरेको बताए। चीन सरकारको चाइना एड संस्थाले उपलब्ध गराएका एम्बुलेन्सका लागि नेपाल सरकारले पूर्णरूपमा भन्सार छुट गरेको पोखरेलले बताए।

एम्बुलेन्सको चाँबी ग्रहणपछि दोलखा भीमेश्वर नगरपालिकाका प्रमुख भरत केसीले देशको ग्रामीण क्षेत्रमा अहिले पनि स्वास्थ्य समस्या गम्भीर रहेको उल्लेख गर्दै चीनले उपलब्ध गराएका एम्बुलेन्सले ग्रामीण क्षेत्रको स्वास्थ्य सुधारका लागि थप टेवा पुग्ने बताए।

# ठूला सवारीसाधन सञ्चालनमा रोक

रसुवा, (नेस)

चीनसँगको अन्तर्राष्ट्रिय व्यापारिक नाका रसुवागढीमा ठूला सवारीसाधन सञ्चालन गर्न रोक लगाइएको छ।

जिल्लाको गोसाइकुण्ड गाउँपालिका वडा नम्बर २ घट्टेखोलामा बाढीले पुलमा क्षति पुऱ्याएपछि ५ टनभन्दा बढी क्षमता भएका सवारी सञ्चालनमा रोक लगाइएको हो। मालबाहक सवारी सञ्चालन गर्दा दुर्घटनाको जोखिम उच्च हुने भएकाले शनिबारदेखि सवारी सञ्चालन रोकिएको जिल्ला प्रशासन कार्यालय रसुवाले जनाएको छ। बुधबार राति गएको पहिरोका कारण बिहीबार र शनिबार दिउँसोसम्म साना-ठूला सवारी सञ्चालन हुन सकेका थिएनन्।

सामग्री आयातका लागि चीनको स्वशासित क्षेत्र तिब्बतको केरुङ पुगेका सवारी रसुवागढी नाका पारी नै रोकिएका छन्। केरुङ जाने तयारीमा रहेका सवारीसाधन भने जिल्लाको धुन्चे र स्याफ्रुमा रोकिएको प्रमुख जिल्ला अधिकारी कृष्ण पौडेलले बताउनुभएको छ। पुलको अवस्थाको बारेमा जानकारी लिनका लागि डिभिजन सडक कार्यालयको इन्जिनियर खटाइएको छ। शनिबार गएको प्राविधिक टोलीले पुलको अवस्था हेरेर फर्किएका छन्। उक्त पुल चिनियाँ टोलीले निर्माण गरेका थिए। पानीले करिब ३ मिटर जति पुलको जग खोलिसकेको छ।

भूकम्पका कारण तातोपानी नाका बन्द भएपछि २०७२ मंसिरदेखि रसुवागढी नाकाबाट सामग्री आयात तथा निर्यात हुँदै आएको छ। रसुवागढी नाकालाई चीनले २०७४ भदौ १४ गते अन्तर्राष्ट्रिय नाका घोषणा गरिसकेको छ। चीनबाट तयारी कपडा, स्याउ, लेडिज सन्डल, रबर, प्लास्टिकका जुत्ता चप्पल, हाते झोला, छालाका जुत्ता, मोटरको ब्याट्री, युपीएस, प्लास्टिकका सामग्री आयात हुने गरेको छ। नेपालबाट चीनतर्फ धातुको मूर्ति, काठका सामग्री, अम्रिसोको कुचो, बाँसको मुडा, मेहन्दी, दन्तमन्जन, श्रृंगारका सामान, चाउचाउ, पास्ता, जुस जाम, चकलेट, उनी गलैंचा कार्पेट, चुइगम, हेयर आयल, हेयर क्रिमलगायतका मुख्य वस्तु निकासी भइरहेको छ।

२०७१ सालदेखि औपचारिकरूपमा सञ्चालनमा आएको रसुवागढी नाकामा दैनिक २ सय ५० भन्दा बढी सवारीसाधन आवत-जावत गर्ने गरेका छन्। चीनले अन्तर्राष्ट्रिय नाकाको रूपमा घोषणा गरेसँगै सीमामा व्यापारी, व्यावसायी र सवारीको चाप बढ्दै गएको छ।

# नुवाकोटको जिलिङमा ३५ करोडको लगानीमा रिसोर्ट बन्दै

नुवाकोट, (नेस)

नुवाकोटको बेलकोटगढी नगरपालिकामा ३५ करोड रुपियाँको लगानीमा ग्रिनल्यान्ड रिसोर्ट एन्ड अर्गानिक फार्म हाउस स्थापना हुने भएको छ। त्रिदेशीय मार्गको रूपमा स्थापित भइरहेको नुवाकोटमा खुल्न लागेको ग्रिनल्यान्ड रिसोर्ट एन्ड अर्गानिक फार्म हाउस आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरेर खुल्न लागेको बताइएको छ।

फार्म हाउस स्थापनाका लागि कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्तासमेत गरिसकिएको छ। नुवाकोटको विदुर नगरपालिका वडा नं ५ का विष्णुप्रसाद नेपालको अध्यक्षतामा यही साउन २ गते बुधबार कम्पनी रजिस्ट्रारको कार्यालय काठमाडौंमा रिसोर्ट दर्ता गरिएको छ। रिसोर्ट बेलकोटगढी नगरपालिका वडा नं २ को जिलिङमा बन्ने बताइएको छ। पर्यटकीय दृष्टिले प्रचूर सम्भावना रहेको नुवाकोटमा भारतीय र चिनियाँ पर्यटक बढ्ने भएकाले पनि रिसोर्ट स्थापना गर्न लागिएको बताइएको छ।

रिसोर्टका प्रबर्द्धकमा जग्गाधनी ठाकुर खतिवडा, केशव अर्याल, बद्रीलाल श्रेष्ठ, शिव कोइरालालगायत ३२ जना रहेका छन्। रिसोर्टबाट त्रिशूली र तादी नदी, देवीघाट तथा गणेश र लाङटाङ हिमाल देखिने बताइएको छ। रिसोर्ट निर्माणको काम आगामी मंसिरदेखि शुरू हुने बताइएको छ। बन्न लागेको रिसोर्ट सुविधासम्पन्न र उच्चस्तरीय हुने बताइएको छ।

# दैवी प्रकोपबाट ५ हजार घरधुरी प्रभावित

हेटौंडा, (नेस)

मकवानपुरमा दैवीप्रकोपबाट ५ हजार घरधुरी प्रभावित छन्। जिल्ला विपद् व्यवस्थापन समिति मकवानपुरले दिएको जानकारीअनुसार ५ हजार परिवारका २५ हजार जना बाढीपहिरो र चट्याङलगायतको जोखिममा रहेका हुन्।

वर्षायाममा हुने सम्भावित विपद्लाई ध्यानमा राखेर यसबारे उच्च सतर्कता अपनाइएको जिल्ला दैवीप्रकोप उद्धार समिति अध्यक्ष तथा मकवानपुरका प्रमुख जिल्ला अधिकारी चक्रबहादुर बुढाले बताउनुभयो।

# सबै स्थानीय तह न्यायिक समितिविहीन

**नेपाल समाचारपत्र**

हेटौंडा

नेपालको संविधानअनुसार स्थानीय तहमा न्यायिक समिति गठनको व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहलाई २४ प्रकारका मुद्दा हेर्ने अधिकार दिइएको छ।

तीमध्ये न्यायिक समितिले १३ वटा बुँदाका विषयमा विवाद निरुपण गर्ने र ११ वटा बुँदाका विषयमा मेलमिलाप गराउन पाउने अधिकार छ।

तर, १ वर्ष बितिसक्दा पनि मकवानपुरका सबै स्थानीय तहमा न्यायिक इजलास व्यवस्थापन हुन सकेको छैन। यसले गाउँमै न्याय सम्पादनमा समस्या देखिएको छ। यहाँका १० वटा स्थानीय तहमध्ये सबैले १ वर्ष अवधि बितिसक्दा पनि न्यायिक इजलास स्थापना गर्न नसक्दा स्थानीय तहलाई प्राप्त अधिकार प्रयोग हुन सकेको छैन।

यद्यपि, स्थानीय तहमा न्यायिक समिति सञ्चालनमा आएपछि मकवानपुरमा प्रशस्त उजुरी परेका छन्। यसले स्थानीय इजलासप्रति स्थानीयको विश्वास रहेको देखाएको छ। यहाँका सबै १० स्थानीय तहमा गत आर्थिक वर्षमा २ सय १ वटा उजुरी परेका हुन्। सबभन्दा बढी उजुरी उत्तरी मकवानपुरको थाहानगरमा ६० वटा र सबभन्दा कम बकैया गाउँपालिकामा ४ वटा उजुरी परेका छन्।

हेटौंडा उपमहानगरपालिकाको न्यायिक समितिमा १ वर्ष अवधिमा १८ वटा उजुरी परेका छन्। गत फागुन ८ गते गठन भएको न्यायिक समितिले फागुन १४ गतेबाट न्यायिक इजलास शुरू गरेको कार्यालयले जनाएको छ।

उजुरीमा सबभन्दा बढी सम्बन्धविच्छेदका मुद्दा दर्ता भएको देखिन्छ। उपमहानगरपालिकामा सम्बन्धविच्छेदका १० वटा उजुरी रहेको कार्यालयले उल्लेख गरेको छ। ज्येष्ठ नागरिकसम्बन्धी, बाटो विवाद र जग्गा किचलो, घर बहालसम्बन्धी, बिगो र घर निर्माण क्षतिपूर्ति, घरबहाल दिलाएर घर खाली गरिपाउनजस्ता उजुरी परेको उपमहानगरले जानकारी दिएको छ।

हेटौंडा उपमहानगरपालिकाले न्याय सम्पादनलाई जनताको घरदैलोमा पुऱ्याउने उद्देश्यका साथ १९ वटै वडामा मेलमिलापकर्ता सूचीकृत गरेको न्याय समितिका अभिलेख प्रशासक डिल्लीराम पोखरेलले जानकारी दिनुभयो। उपमहानगरपालिकाले ६६ जनालाई मेलमिलापकर्ताका रूपमा सूचीकृत गरेको उहाँले बताउनुभयो।

थाहानगरको न्यायिक समितिमा परेका ६० वटा उजुरीमध्ये समितिले ५३ वटा उजुरीको कारबाही किनारा लगाइसकेको समिति संयोजक नगर उपप्रमुख खड्ग गोपालीले जानकारी दिनुभएको छ। न्यायिक समितिमा सबै भन्दा बढी जग्गा विवादसम्बन्धी उजुरी परेको उहाँले बताउनुभयो।

मंसिर ३ गते शुरू भएको न्यायिक समितिमा जग्गा किचलो र विवाद, घरायसी लेनदेन, झैझगडा, बहुविवाह लगायत उजुरी दर्ता भएको उहाँले बताउनुभयो। जसमध्ये २ वटा जिल्ला अदालत पठाइएको र ५ वटा उजुरीको फैसला हुन बाँकी रहेको उहाँले जानकारी दिनुभएको छ।

भीमफेदीमा हालसम्म २५ वटा उजुरी परेको न्यायिक समिति संयोजक गाउँपालिका उपाध्यक्ष पार्वती रानाले बताउनुभएको छ। गाउँपालिकामा यसअघिकै ३ वटा मेलमिलाप केन्द्रले काम गरिरहेको र सो केन्द्रबाट यस वर्ष १ सय ५ वटा उजुरी मेलमिलाप भएको उहाँले जानकारी दिनुभयो।

गाउँपालिकामा परेका उजुरीमा धेरैजसो पतिपत्नीबीच झैझगडासम्बन्धी रहेको उहाँले बताउनुभयो। गाउँपालिकामा यौनहिंसामा परेका पत्नीहरूले पतिविरुद्ध उजुरी दिने संख्या बढिरहेको उहाँले जानकारी दिनुभयो। जग्गा किचलो, बाटो किचलो, झैझगडालगायत उजुरी रहेको उहाँले बताउनुभयो।

इन्द्रसरोवरमा हालसम्म १५ वटा उजुरी परेको न्यायिक समिति संयोजक गाउँपालिका उपाध्यक्ष उमाकुमारी लामाले बताउनुभयो। न्यायिक समितिमा परेका उजुरीमध्ये महिला हिंसा र अंशसम्बन्धी उजुरी जिल्ला अदालत पठाइएको, कुटपिट र सौतेनीसम्बन्धी २ वटा उजुरी प्रहरीकामा सिफारिस गरिएको छ। यस वर्ष परेका उजुरीमध्ये २ वटा उजुरीको फैसला बाँकी रहेको उहाँले बताउनुभयो।

कैलाश गाउँपालिकामा गत वैशाखमा न्यायिक समिति गठन भएर न्याय सम्पादन गरिएकामा हालसम्म २० वटा उजुरी परेको छ। न्यायिक समिति संयोजक गाउँपालिका उपाध्यक्ष सुकुमाया थिङका अनुसार समितिमा हालसम्म कुटपिट, पतिपत्नीको झैझगडा, बालीनाली खाएको, बहुविवाह र सम्बन्धविच्छेदलगायत उजुरी परेको छ।

मनहरि गाउँपालिकामा ३६ वटा उजुरी परेका थिए। गाउँपालिका न्यायिक समितिमा ठाडो उजुरी २३ वटा तथा फिरादपत्र १३ वटा परेको गाउँपालिकाले जानकारी दिएको छ। समितिमा जग्गा किचलो, बहुविवाह, पत्नीले पिटेको तथा झैझगडाका उजुरी परेको गाउँपालिकाले जानकारी दिएको छ।

मकवानपुरगढी गाउँपालिकामा १ वर्षमा ७ वटा उजुरी परेको छ। गाउँपालिकामा औपचारिकरूपमा न्यायिक इजलास शुरू नभए पनि हालसम्म ७ वटा उजुरी परेको गाउँपालिकाले जानकारी दिएको छ। पहिलो गाउँसभा न्यायिक समिति गठन गरेको गाउँपालिकाले इजलास भने यसै महिना शुरू गर्ने जानकारी दिएको छ। समितिमा जग्गा सम्बन्धि तथा झैझगडाको उजुर बढी परेको गाउँपालिकाले जानकारी दिएको छ।

बकैया गाउँपालिकामा भने अंशवण्डा, साँधसीमाना, आली, अर्मल, लेनदेनसम्बन्धी उजुरी बढी परेका छन्। गाउँपालिकामा भदौबाट न्यायिक समिति गठन भए पनि हालसम्म न्यायिक इजलासको व्यवस्था हुन नसक्दा समस्या भएको न्याय समिति संयोजक गाउँपालिका उपाध्यक्ष सरला बोलखेले जानकारी दिनुभयो।

गाउँपालिकामा हाल साविककै ३६ जना मेलमिलापकर्तालाई सूचीकृत गरेर काम भइरहेको भन्दै उहाँले न्यायिक इजलासको काम नभएको जानकारी दिनुभयो।

बागमती गाउँपालिकाको न्यायिक इजलासमा हालसम्म ७ वटा उजुरी परेको न्यायिक समिति संयोजक एवं गाउँपालिका उपाध्यक्ष धनमाया थिङले बताउनुभयो। न्यायिक समितिमा सबभन्दा बढी जग्गा किचलो, लगानी उठौती, आली मिच्ने, सम्बन्धविच्छेदका उजुरी आएको उहाँले बताउनुभयो।

गाउँपालिकाले न्यायिक इजलास तथा मेलमिलापकर्ताको व्यवस्था गर्न नसक्दा काममा समस्या भएको उहाँले बताउनुभयो। गत फागुनमा न्यायिक समिति गठन भएको बागमतीमा यसै महिना न्यायिक इजलासको व्यवस्था गरेर काम शुरू गरिनेभएको छ।

राक्सिराङ गाउँपालिकामा हालसम्म ९ उजुरी परेको न्यायिक समिति संयोजक गाउँपालिका उपाध्यक्ष निर्मला हिम्डुङ्ले बताउनुभयो। गाउँपालिकामा न्यायिक इजलास खडा गर्न नसकेको बताउँदै उहाँले न्यायिक समितिमा जग्गा किचलो, बहुविवाह, महिला हिंसा, अंशबण्डाको उजुरी रहेको जानकारी दिनुभयो।

आली, बाँध, पैनी, कुलो वा पानीघाटको बाँडफाँट तथा उपयोग, अर्काको बाली नोक्सानी गरेको, चरन, घाँस, दाउरा, ज्याला मजुरी नदिएको, घरपालुवा पशुपछी हराएको वा पाएको, ज्येष्ठ नागरिक पालनपोषण तथा हेरचाह नगरेको, नाबालक छोरा/छोरी वा पति/पत्नीलाई इज्जत आमदअनुसार खान/लगाउन वा शिक्षादीक्षा नदिएको, वार्षिक २५ लाखसम्म बिगो भएको घरबहाल र घर बहाल सुविधासम्बन्धी मुद्दा स्थानीय निकायले हेर्नेछ।

अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुखबिरुवा लगाएको, आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको, सँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनुपर्दा कानुनबमोजिम छोड्नुपर्ने परिमाणको जग्गा नछोडी बनाएको, कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिकरूपमा प्रयोग हुँदै आएको बाटो, बस्तुभाउ निकाल्ने निकास, बस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी, पौवा, अन्त्येस्टिस्थल, धार्मिकस्थल वा अन्य कुनै सार्वजनिकस्थल उपयोग गर्न नदिएको, पतिपत्नीबीच सम्बन्धविच्छेद, अंगभंगबाहेक बढीमा १ वर्षसम्म कैद हुनसक्ने कुटपिट, गाली बेइज्जती, लुटपाटलगायतका मुद्दा स्थानीय इजलासले किनारा लगाउन पाउनेछ।

भनेअनुसारको काम र दाम नदिएपछि नेपालीले १ दिन ड्युटी इन्कार गरे कामा कम्पनीले सडकमा निकालिदिएको जनाइएको छ।

# साउदीमा अलपत्र ३६ नेपालीको अवस्था झनै नाजुक

रामधन राई, खोटाङ



कार्यरत कम्पनीले सडकमा निकालिदिएपछि साउदी अरबमा अलपत्र परेका ३६ नेपालीको अवस्था झन् नाजुक बन्दै गएको छ। सम्झौताअनुसारको काम र दाम नदिएको भन्दै ड्युटी नगएका कारण गत असार ३२ गते सडकमा निकालिएका नेपाली कामदारको अवस्था झन्-झन् नाजुक बन्दै गएको हो।

सोनमार कन्ट्रक्टिङ ट्रेडिङ एन्ड एडभरटाइजिङ कम्पनीमा क्याट्रिङको कामका लागि भन्दै २०७४ फागुन १ गते साउदी अरब पुगेका ३८ मध्ये ३६ नेपाली हाल उद्धारको प्रतीक्षामा बसिरहेका छन्। असार ३२ गते ड्युटी नगएकामा कम्पनीले झोला, कपडालगायत बन्दोबस्तीका सामग्री सडकमै निकालिदिएको सुरक्षित आप्रवासन परियोजना सामीको दित्तेलस्थित सूचना केन्द्रकी सहायक परामर्शकर्ता बुनादेवी विश्वकर्माले बताउनुभयो।

एक रात सडकमै बिताएका नेपालीसहित भारत र पाकिस्तानका कामदारलाई बिनाजानकारी साउन १ गते राति दमामको टुक्बा पूर्वी क्षेत्रमा पुर्‍याइएको बताइएको छ। ३८ मध्ये २ जनालाई भने छुटाएर कुबेतको बोर्डरमा लगिएको पीडितले बताएका छन्। अन्तर्राष्ट्रिय रोल्पाली सेवा समाज, गुरुङ तमोथी, मधेसी संस्था, नेपाल एनबीसी, एनआरएन साउदी अरबलगायतले खाना पकाएर खाने व्यवस्था मिलाइदिए पनि दिनचर्या अन्योलपूर्ण बनेको अलपत्रमध्येका केशव खड्काले जानकारी दिनुभयो।

क्याट्रिङको कामका लागि भन्दै उनीहरू जनही १ लाख २५ हजारदेखि १ लाख ५० हजार बुझाएर काठमाडौंको चाबहिल मित्रपार्कस्थित इम्पावर ओभरसिज प्रालिबाट साउदी पुगेका थिए। हालसम्म उनीहरूले जनही ९ सय रियाल मात्र तलब पाएको बताएका छन्। क्याट्रिङ, सप्लाइको नाम गर्दै अन्तिममा क्लिनिङको काममा लगाएको खड्काको भनाइ छ।

भनेअनुसारको काम र दाम नदिएपछि नेपालीले १ दिन ड्युटी इन्कार गरेकामा कम्पनीले सडकमा निकालिदिएको जनाइएको छ।

अलपत्र पर्नेमा खोटाङका १३, सोलुखुम्बुका ९ र भोजपुरका १ जना कामदार रहेका छन्। यस्तै, सिन्धुलीका ३, मकवानपुरका २, सर्लाहीका २, म्याग्दीका १ र बाग्लुङका १ जना कामदार रहेको सुरक्षित आप्रवासन सूचना तथा परामर्श केन्द्र दित्तेलका परामर्शकर्ता बुनादेवी विश्वकर्माले जानकारी दिनुभयो। अलपत्र पर्नेमा डडेल्धुराका १, कैलालीका १, दैलेखका २ र रामेछापका १ जना रहेको परामर्शकर्ता विश्वकर्माले उल्लेख गर्नुभयो।

काम गरेबापतको तलब असार ३१ गतेसम्ममा दिने शर्त कार्यान्वयन नभएपछि १ दिन काम अस्वीकार गरेको खोटाङ जालपाका शेषन राईले बताउनुभयो। अलपत्र युवाले उद्धारको अपिल गरेका छन्।

# बझाङ कारागार भत्कियो

## कैदी आतंकित, सुरक्षामा कडाइ

ललित सिंह, बझाङ



लगातार ३ दिनसम्म परेको वर्षाका कारण जीर्ण भएको जिल्ला कारागारको १५ मिटर घेरवार शनिबार राति ११:३० बजे भत्किँदा कारागारमा रहेका कैदी आतंकित भएका छन्। जेलभित्र सुतिरहेको अवस्थामा वर्षासँगै जीर्ण भएको कारागारको घेरवार एक्कासि भत्केपछि जेलभित्र रहेका ५४ जना कैदीबन्दी जेलभित्रै मरिने डरले आतंकित भएका हुन्।

'जेल घर निकै पुरानो छ, वर्षा लागेसँगै पूरै पानी चुहेर भित्र आउँछ, सुत्ने ठाउँ नभएर आलोपालो गरी राति सुत्ने गरेका छौं, राति सुतिरहेको अवस्थामा एकाएक ठूलो आवाज आयो, घेरवारसँगै घर भत्किएर सबैको एकै चिहान हुनेडरले हामी सबैले आत्तिएर गुहार माग्न थालेका हौं' -जबरजस्ती करणीमा ११ वर्षदेखि जेल सजाए भोगिरहेका कैदी भरत रावलले बताए। उनले भने- 'राति कारागारमा निकै आतंक भयो, बाहिर निकाल बाँच्न देऊ भनेर नाराबाजीसमेत भयो, सुरक्षामा बसेका प्रहरीसमेत निकै आतंकित भएका थियौं।'

'कारागारको क्षमता २५ जनाको भए पनि दोब्बरभन्दा बढी ५४ जना कैदी राखिएका छन्। हामीलाई सरकारले मानवले पाउने व्यवहार नै गरेको छैन। खानेपानी, चर्पी र ढल निकासको समेत राम्रो व्यवस्था छैन' -कर्तव्य ज्यानको सजाय भोगिरहेका अम्मर थापाले बताए। उनले भने- 'कैदीबन्दीका लागि भनेर निर्माण गरिएको नयाँ भवनमा हामीलाई सारे पनि राम्रो हन्थ्यो, अब घर कुन भत्किने हो थाहै छैन।'

कारागारको भवन २०४० सालमा निर्माण गरिएको हो। निकै जीर्ण भएको छ यसको क्षमता २५ जनाको भए पनि अहिले बाध्यताले ४३ जना कैदी र ११ जना थुनुवा गरी ५४ जनालाई जेलमा राख्न बाध्य भएको जेलर राजेन्द्र बोहराले बताए। उनले भने- 'नयाँ भवनको काम पूरा भएको छैन। काम सकेर हस्तान्तरण भएपछि कैदीलाई राख्ने हो। घेरवार भत्किएलगत्तै आफू पनि राति १२ बजे जेल घरमा पुगेर कैदीबन्दीलाई सान्त्वना दिएको छु।'

अहिले कारागारका कैदी आतंकित भए पनि बाध्यताले शान्त भएका छन्। शान्ति सुरक्षा बिग्रिन नदिन सुरक्षा कडा पारिएको छ । राति ११ :३० देखि नै सुरक्षामा कडाइ गरेको कारागार इन्चार्ज प्रहरी सहायक निरीक्षक शेरबहादुर बुढाउऐरले बताए। उनले भने- 'एक्कासि राति कारागारको पर्खाल भत्किएसँगै कैदीहरू आतंकित भएर कैदीलाई सम्हाल्दै रातिदेखि नै आँखा झिमिक्क नगरी सुरक्षा दिइरहेका छौं।'

## सभा एक दिनका लागि स्थगित

बुटवल, (नेस)

आइतबार प्रदेश नं. ५ को प्रदेशसभाको दोस्रो अधिवेशनको २४औं बैठक शुरू हुनासाथ प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले अवरोध गरेपछि सोमबारसम्मका लागि स्थगित भएको छ। नेपाली कांग्रेसले सभामुख र उपसमुख फरक-फरक दलको हुनुपर्ने संवैधानिक व्यवस्था कार्यान्वयनको माग गर्दै प्रदेश नम्बर ५ को प्रदेशसभा बैठक अवरुद्ध गरेको छ।

प्रदेशसभाको बैठक शुरू हुनासाथ बोल्दै कांग्रेस संसदीय दलकी सचेतक निर्मला क्षेत्रीले सभामुख र उपसभामुख फरक दलको हुनुपर्ने संवैधानिक व्यवस्था कार्यान्वयन गर्न माग गर्नुभयो।

## जिप दुर्घटनामा ९ घाइते

सल्यान, (नेस)

सल्यानमा जिप दुर्घटना हुँदा ९ जना घाइते भएका छन्। जाजरकोटबाट नेपालगन्ज जाँदै गरेको लु१ज ३९३४ नं को जिप बन्गाड कुपिण्डे नगरपालिका-१ समाइलानजिकै आइतबार दिउँसो दुर्घटना हुँदा ९ जना घाइते भएका हुन्।

घाइते हुनेमा जाजरकोट बारेकोट गाउँपालिका वडा न ४ का ३८ नरबहादुर बोहरा, सोही ठाउँकै विष्णु बस्नेत, जाजरकोट भेरी नगरपालिका-४ का गोपाल नेपाली, आशा नेपाली, आयुष विक, भक्त कार्की, सल्यान बन्गाड कुपिण्डे नपा-२ का देवबहादुर राना, तुल्सी राना, र बाँके कोहलपुर नपाका चालक खेम बले घाइते भएका छन्। घाइते सबैलाई नेपालगन्ज पठाइएको इलाका प्रहरी कार्यालय सल्लीबजारले जानकारी दिएको छ।

जिप के कारण दुर्घटना भएको हो त्यसबारेमा अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय सल्लीबजारका इन्चार्ज चन्द्र कठायतले जानकारी दिए। जिपमा ११ जना सवार रहेका थिए। दुर्घटनामा २ जना सकुशल रहेका थिए।

## गाँजासहित एक समातिए

इलाम, (नेस)

पश्चिमी इलामको देउमाई नगरपालिकाबाट प्रहरीले १ जना व्यक्तिलाई गाँजासहित पक्राउ गरेको छ। पक्राउ पर्नेमा देउमााई नगरपालिका-६ वाफरुङका मानबहादुर राई रहेका छन्। घरमा लुकाई छिपाई राखेको अवस्थामा ३ सय ग्राम गाँजासहित इलाका प्रहरी कार्यालय मंगलबारेबाट गएको प्रहरीको टोलीले राईलाई गाँजासहित पक्राउ गर्न सफल भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ।

यस्तै राईको घरबारीमा रहेको गाँजा खेती पनि प्रहरीले नष्ट गरेको छ। पक्राउ परेका राईविरुद्ध कानुनी प्रक्रिया अघि बढाइसकेको प्रहरीले जनाएको छ।

हार्दिक श्रद्धाञ्जली



जन्म : वि.सं. २०३३/०८/१५
स्वर्गारोहण : वि.सं. २०७५/०४/०२

स्व. क्षितिज चन्द्र श्रेष्ठ

हार्दिक श्रद्धाञ्जली



जन्म : वि.सं. २०३३/०८/१५
स्वर्गारोहण : वि.सं. २०७५/०४/०२

स्व. क्षितिज चन्द्र श्रेष्ठ

हाम्रा अनन्य मित्र पंकज चन्द्र श्रेष्ठका पूजनीय दाजु क्षितिज चन्द्र श्रेष्ठको अल्पायुमै असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।
साथै दु:खको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्तिका लागि भगवानश्री पशुपतिनाथसंग प्रार्थना गर्दै भावपूर्ण समवेदना प्रकट गर्दछौं।

नेपा ब्याक्वेट परिवार
क्षुशियुँ

प्रिजमा इलेक्ट्रोनिक परिवार
नयाँबजार

छेत्रपाटी पार्टी प्यालेस परिवार
छेत्रपाटी

युनाइटेड फुटसल परिवार
बाफल



# विश्व

**विरोध**



आप्रवासी परिवारसँग अलग्याइएका बच्चालाई उनका मातापितासँग राख्न अदालतले दिएको समयसीमा नाघेपछि पनि आदेशको पालना नभएकामा क्यापिटल हिलमा प्रदर्शन गरिरहेका प्रदर्शनकारी र उनीहरुका बालबालिका।

**बिरामी**



पाकिस्तानका पूर्वप्रधानमन्त्री नवाज सरिफ। भ्रष्टाचारको मामिलामा दोषी ठहरिएपछि जेल सजाय भोगिरहेका सरिफ आइतबार बिरामी भएपछि उनलाई अस्पताल पुऱ्याइएको बताइएको छ।



## विश्व २ मिनेट

### भारत

#### नयाँ नाम बांग्ला

कोलकता, (एजेन्सी)

भारताको पश्चिम बंगाल विधानसभाले दोस्रोपटक राज्यको नाम परिवर्तन गर्ने प्रस्ताव पारित गरेको छ। उक्त प्रस्तावअनुसार पश्चिम बंगालको नाम परिवर्तन गरी 'बांग्ला' गरिनेछ। राज्य सरकारले अब उक्त प्रस्तावको स्वीकृतिका लागि केन्द्र सरकारसमक्ष पठाउनेछ। गत वर्ष अगस्ट २९ मा पनि ममता बनर्जी सरकारले विधानसभामा राज्यको नाम परिवर्तन गर्ने प्रस्ताव पारित गरेको थियो। प्रान्तका मुख्यमन्त्री ममता बनर्जीले धेरै समयदेखि पश्चिम बंगालको नाम सबै भाषामा बांग्ला राख्नुपर्नेमा जोड दिँदै आइरहेकी थिइन्। प्रस्तावको आलोचना गरिरहेका भाजपाले राज्यको नाम 'पश्चिम बंग' गर्नुपर्ने बताउँदै आएका छन्।

### अमेरिका

#### पाँचको मृत्यु

लस एन्जलस, (एजेन्सी)

अमेरिकाको उत्तरी क्यालिफोर्नियाको जंगलमा लागेको आगोको चपेटामा १ महिला र २ बच्चासहित ५ जनाले ज्यान गुमाएका छन्। अन्य १७ जना बेपत्ता रहेको बताइएको छ। सास्टा काउन्टीमा तीव्र वेगको हुरी र भीषण आगोका लप्काका कारण रुखहरु ढलेको र कैयौं गाडी पल्टेको जनाइएको छ। आगोका कारण कम्तीमा ५ सय भवनलाई क्षति पुगेको र हजारौं घर खरानी बन्न सक्ने खतरा रहेको जनाइएको छ। आगलागीको चपेटामा परी हजुरआमा ब्लेडसो, ४ र ५ वर्षका दुई बच्चा एमिली रोबर्टस र जेम्सको मृत्यु भएको सेरी ब्लेडसोले बताए।

### सर्बिया

#### वकिलको हत्या

कासोभो, (एजेन्सी)

युद्ध अपराधको अभियोग लगाइएको सर्बियाका पूर्वराष्ट्रपति स्लोवोदान मिलोसेभिकको पक्षबाट वकालत गर्ने महत्त्वपूर्ण वकिललाई शनिबार साँझ गोली हानी हत्या गरिएको प्रहरीले जनाएको छ। ५७ वर्षीय ड्रागोस्लाभ ओग्नजानोभिकलाई राजधानी वेल्ग्रेडस्थित आफ्नै अपार्टमेन्ट भवनबाहिर गोली हानिएको थियो। गृह मन्त्रालयले जारी गरेको एक विज्ञप्तिमा यस गोली कान्डमा उनका २६ वर्षीय छोरा पनि घाइते भएको जनाइएको छ। सन् २००० को शुरुमा उनले हेगमा चलेको मुद्दाको दौरान मिलोसेभिकको कानुनी टोलीलाई सघाएका थिए।

### नर्वे

#### भालुको आक्रमण

ओस्लो, (एजेन्सी)

नर्वेको आर्कटिक क्षेत्रको द्वीपसमूह स्भाल्वार्डमा एउटा क्रुज जहाजका गार्डलाई आक्रमण गर्ने एक ध्रुवीय भालुलाई गोली हानी मारिएको प्रहरीले आइतबार जनाएको छ। टाउकामा चोट लागेका ती गार्ड अहिले जोखिममुक्त अवस्थामा रहेको अस्पतालको सूत्रले जनाएको छ। ती गार्डलाई पर्यटकको सुरक्षाका लागि खटाइएको थियो। जर्मन क्रुज कम्पनी हापाग-लोयड क्रुजले आत्मरक्षाका लागि दोस्रो गार्डले गोली चलाएको स्पष्ट पारेको छ। ती घाइते गार्डलाई हेलिकोप्टरमा राखेर स्पित्वर्गेन टापुको लन्गिरवायन शहरको अस्पतालमा पुऱ्याइएको स्थानीय सञ्चार माध्यमले जनाएको छ।

# इमरानले अगस्ट १४ अघि नै शपथ लिने

इस्लामाबाद (एजेन्सी)



जुलाइ २५ मा सम्पन्न आम चुनावको मतगणना पुरा भइसकेको छ। यस पटकको चुनवको नतिजामा आधिकारिक रूपले पाकिस्तान तहरिक ए इन्साफ सबैभन्दा ठूलो पार्टीका रूपमा उदय भएको छ।

चुनावी नतिजासँगै पाकिस्तानको भावी प्रधानमन्त्री पूर्वक्रिकेटरबाट राजनेता बनेका इमरान खान हुने पक्का भइसकेको छ। यद्यपि सरकार गठनका लागि उक्त पार्टीले आवश्यक बहुमत हासिल गर्न भने चुकेकाले इमरानका खानका लागि यो अवसर चुनौतिपूर्ण हुन सक्ने अनुमान गरिएको छ।

इमरान खानले देशको स्वतन्त्रता दिवस अगस्ट १४ अगाडि पाकिस्तानका प्रधानमन्त्री पदको सपथ लिने बताइएको छ। इमरानको पार्टी पाकिस्तान तहरिक ए इन्साफले उक्त जानकारी दिँदै उसले स-साना पार्टीसँग गठबन्धनका लागि लगातार सम्पर्क गरिरहेको जानकारी दिएको छ।

चुनाव आयोगका अनुसार पीटीआईले हासिल गरेको संसदको १ सय १५ सिट घटेर १ सय ९ सिटमा सीमित हुने जनाएको छ। शनिबार पाकिस्तान चुनाव आयोगले औपचारिक घोषणा गर्दै पीटीआईले १ सय १५ सिटमा जित हासिल गरेको र उसलाई सरकार गठन गर्न आवश्यक बहुमत जुटाउन २२ थप सांसदको समर्थन आवश्यक रहेको जनाएको थियो। त्यसैगरी पूर्वप्रधानमन्त्री

## बहुमत सिद्ध गर्न कठिन

नवाज सरिफको पीएमएल एनले ६४ र पीपीपीले ४३ सिट हालसल गरेका छन्।

एकभन्दा धेरै सिटमा चुनाव लडेर जित हासिल गरेका पीटीआई नेताले एउटै सिटको मात्र प्रतिनिधित्व गर्न पाउनेछ। पीटीआई चेयरम्यान इमरान खान आफैं ५ वटा सिटमा चुनाव लडेर सबै सिटमा जितेका छन्। उनले अब ४ वटा सिट छोड्नुपर्ने हुन्छ।

त्यसैगरी पीटीआई नेता गुलाम सरवर खानले पनि पूर्वगृहमन्त्री चौधरी निसार अली खानलाई हराउँदै राष्ट्रियसभा अर्थात् संसद्को दुई सिटमा जित हासिल गरेका छन्। उनल पनि एक सिट छोड्नुपर्ने भएको छ। त्यसैगरी खैबर पख्तुनख्वाहका पूर्वमुख्यमन्त्री परवेज खट्टकले संसद् र विधानसभा दुवै सिटमा चुनाव जितेका छन्। यदि उनले पुनः मुख्यमन्त्री पद नै सम्हाल्ने हो भने राष्टियसभाको सिट छोडनुपर्नेछ। यसको अर्थ पीटीआईले हासिल गरेको सिट घटेर १ सय ९ मा सीमित हुनेछ।

यसबीच पीटीआई नेतृत्वले अब साना पार्टी र स्वतन्त्र सांसदहरुसँग सम्पर्क गर्ने निर्णय गरेको छ। पीटीआईले पहिले नै सरकार गठनका लागि पीपीपी र पीएमएल-एनसँग हात नमिलाउने घोषणा गरेको थियो।

पीटीआईका पूर्वसचिव जनरल जहाँगिर तारिनले स्वतन्त्र तथा मुत्ताहिदा कौमी मुभमेन्ट पाकिस्तान (एमक्युएम-पी)सँग सम्पर्क गर्न थालेको सूत्रले जनाएको छ। उक्त पार्टीसँग ६ वटा सिट रहेको छ। तीबाहेक १३ स्वतन्त्र उम्मेदवारले नेसनल एसेम्बलीका सिट जितेका छन्। त्यसैगरी पीएमएल कायद (पीएमएल-क्यु)ले ४ वटा सिट हासिल गरेका छन्। यदि पीटीआईलाई जीडीए, एमक्युएम-पी, पीएमएल-क्यु र अबामी मुस्लिम लिगको समर्थन प्राप्त भयो भने पनि १ सय २२ सिट पुग्नेछ। तर यसको बाबजुद उसलाई आवश्यक बहुमत पुरा गर्न १५ सिट खोज्नुपर्ने हुन्छ। यो संख्या नेसलन एसेम्बली सिट जित्ने स्वतन्त्र उम्मेदवारको संख्याभन्दा बढी छ।

नेसनल एसेम्बली सिट जित्ने अन्य पार्टीमा ३ सिट बलुचिस्तान नेसनल पार्टी -मेगल, (बीएनपी-पी), एक-एक सिटमा जित्ने जम्मुरी वतन पार्टी, अवामी नेशनल पार्टी र पाकिस्तान तहरिक ए इन्सानियत छन्। विद्यमान अवस्थालाई हेर्ने हो भने इमरान खानका लागि पाकिस्तानमा सरकार बनाउन अत्यन्त कठिन हुने अनुमान गरिएको छ।

# ४२ हजार वर्ष अगाडिको जुका जीवितै



मस्को (एजेन्सी)

रुसमा वैज्ञानिकहरुको एक समूहले बरफमा जमेको ३० हजारदेखि ४२ हजार वर्ष पुरानो एक जोडी जुकालाई पुनर्जीवित पारेको दावी गरेका छन्। उक्त जीवमध्यको एक सतहबाट करिब १ सय फिटमुनिबाट संकलन गरिएको माटोको नमुनामा फेला परेको हो भने त्यहाँको अन्य पदार्थ रेडियोकार्बनअनुसार करिब ३२ हजार वर्ष पुरानो भएको बताइएको छ। अर्को जुका सतहको करिब ११ फिटमुनिबाट संकलित ४१ हजार ७ सय वर्ष पुरानो माटोको नमुनासँगै फेला परेको हो।

ती नमुनालाई प्रयोगशालामा माइनस ४ डिग्री फरेन्हाइटमा सुरक्षित राखिएको थियो। अलग राखिएका ती जुकाहरुलाई पछि ६८ डिग्रीमा खानसँगै राखिएको थियो। कयौं हप्तापछि ती जुकाहरुले जीवित रहेको संकेत देखाए र हलचल गर्दै त्यहाँ राखेको खाना खान थाले। 'हाम्रो आँकडाले बहुकोषीय जीवहरु प्रतिकूल मौसममा १०औं हजार वर्षसम्म जीवित रहन सक्ने देखाएको छ' डोक्लेडी बाइलोजिकल साइन्समा प्रकासित एक सोधमा अनुसन्धानकर्ताहरुले बताए। अन्य सोधले जुकाका केही प्रजाति अत्यन्त प्रतिकूल वातावरण सून्यभन्दा तलको तापक्रममा साढे २५ वर्षसम्म जीवित रहन सक्ने र सुख्खा वातावरणमा ३९ वर्ष जीवित राख्न सकिने देखाएको थियो।

# क्याम्बोडियाली चुनावमा पुन हुनसेनकै वर्चश्व रहने संकेत



नोम पेन्ह, (एजेन्सी)

क्याम्बोडियाको आमनिर्वाचनको मतदान कार्य आइतबार सकिएको छ। मत सर्भेक्षणअनुसार सन् १९८५ देखि सत्तामा रहँदै आएका प्रधानमन्त्री हुन सेनलाई खासै कसैको गम्भीर चुनावी चुनौती नरहेको देखाएको छ।

तर राजनीतिक विश्लेषकहरुले गतनिर्वाचनमा झिनो अन्तरले हारेको क्याम्बोडिया नेसनल रेस्क्यु पार्टीलाई विघटन गरिएकाले यस चुनाव केवल देखावटी भएको आरोप लगाएका छन्।

संयुक्त राज्य अमेरिका र युरोपेली संघ ( ईयू ) ले क्याम्बोडियाको निर्वाचनको विशवसनियताबारे प्रश्न उठाउँदै आएका छन्। तर सत्तारुढ क्याम्बोडियन पिपुल्स पार्टीले यस चुनावमा अन्य १९ वटा पार्टीले पनि प्रतिस्पर्धा गरिरहेको जनाएको छ। राष्ट्रिय चुनाव आयोगले ८० दशमलव ४९ प्रतिशत मत खसेको बताएको अन्तर्राष्ट्रिय समाचार निकाय रोयटर्सले जनाएको छ।

विश्लेषकहरुले यति धेरै प्रतिशतमा मत खस्नुले पनि हु सेनको वैधानिकताको महत्त्वपूर्ण परीक्षण भएको प्रतिक्रिया जनाएका छन्। चुनाव प्रचारप्रसारको क्रममा चुनाव वहिष्कार गर्न आह्वान गर्दै हिँड्ने विपक्षी पार्टीका कार्यकर्ताहरुलाई चुनाव भाँड्न खोजेको आरोप लगाइएको छ।

शुक्रबार सरकारले राष्ट्रका इन्टरनेट सेवा प्रदायकहरुलाई रेडियो फ्रि एसिया , भ्वाइस अफ अमेरिका र भ्वाइस अफ डेमोक्रेसीलगायत स्वतन्त्र न्युज वेवसाइटहरु बन्द गर्न आदेश दिएको थियो।

अन्य अंग्रेजी भाषामा निस्कने अखबारहरुको साइट पनि बन्द गरिएका छन्। वर्षौं लामो गृहयुद्धपछि सन् १९९३ मा संयुक्त राष्ट्र संघको शान्ति स्थापना अभियानअन्तर्गत क्याम्बोडियामा पहिलो आम निर्वाचन सम्पन्न भएको थियो। सन् १९७५ देखि १९७९ सम्म कट्टरपन्थी खमेरुजको कम्युनिस्ट शासनकालमा करिब २० लाख मानिसको ज्यान गएको थियो। खमेरुजकै पूर्वसेना रहेका हुनसेनले पछि त्यही शासन सत्ताको विरोध गरेका थिए। उनले राष्ट्रमा तिव्र आर्थिक उन्नतिका लागि महत्वपुण योगदान दिएका छन्।

# चुनावसामू मुगावेको पत्रकार सम्मेलन

हरारे, (एजेन्सी)

जिम्बावेको आम निर्वाचनसम्मुख त्यहाँका पूर्वराष्ट्रपति रोवर्ट मुगावेले अचानक पत्रकार सम्मेलन गरेका छन्। मुगावेले आफूलाई आफैंले स्थापना गरेको जानु - पीएफ पार्टीबाट जबर्जस्ती निकाल्ने आफ्ना उत्तराधिकारी इम्मर्सन नान्गाग्वालाई समर्थन नगर्ने बताएका छन्। उनले पत्रकार सम्मेलनमा आफूलाई सताउनेहरुलाई मत दिन नसकिने र आफूले अन्य २२ जना उम्मेदवारमध्येलाई छान्ने जानकारी दिएका छन्। जिम्बावेमा आज निर्वाचन हुँदै छ। गत नोभेम्बरमा मुगोवेलाई अपदस्थ गरिएपछिको यो पहिलो चुनाव हो।

राजधानी हरारेस्थित आफ्नो निवासस्थानमा उनले पत्रकारहरुलाई भनेका छन्- 'सैनिक विद्रोहकै एक उद्देश्यअन्तर्गत मलाई अपदस्थ गरिएको हो। मैले हिंसात्मक द्वन्द्व ननिम्ताउन मात्र त्यसै पद छोकेको थिएँ। म अब विपक्षी मुभमेन्ट फर डेमोक्रेटिक चेन्ज ( एमडीसी ) का नेता नेल्सन चामिसाले चुनाव जितोस् भन्ने चाहन्छु। उनले राम्रो गरिरहेका छन्।'

९४ वर्षीय मुगावेले जिम्बावेको सत्तामा पुग्न चामिसा एक मात्र उपयुक्त उम्मेदवार भएको बीबीसीलाई बताएका छन्।



# भूकम्पमा चौध जनाको मृत्यु



जाकार्ता, (एजेन्सी)

इन्डोनेसियाको एउटा लोकप्रिय पर्यटकीय स्थलमा आइतबार शक्तिशाली भूकम्प आउँदा कम्तिमा १४ जना मानिसको ज्यान गएको छ।

स्थानीय समयअनुसार हिजो बिहान करिब सात बजे लोम्बोक टापुको केन्द्रीय भागमा ६ दशमलव ४ रिक्टर स्केलको भूकम्प आएको थियो।

बालीदेखि करिब ४० किमि पूर्वमा रहेको यस टापुको सुन्दर समुद्री तटहरु र पदयात्रा मार्गहरु भएका कारण विश्वभरिका पर्यटकहरु यहाँ आउने गरेका छन्। सरकारी अधिकारीहरुले भूकम्पका कारण १ सय ६० जनाभन्दा घाइते र हजारौं घर क्षतिग्रस्त भएको बताएका छन्।

मारिनेमध्ये माउन्ट रिन्जानीमा पर्वतारोहण गरिरहेका एकजना मलेसियाली पर्यटक पनि रहेका छन्। अमेरिकी भौगर्भिक सर्भेक्षणले भूकम्पको केन्द्रविन्दु उत्तरी लोम्बोकदेखि ५० किमि उत्तरपूर्वमा पर्ने माताराम रहेको बताएको छ।

त्यसपछि ५ दशमलव ७ रिक्टर स्केलको एउटा लगायत ६० पटकभन्दा बढी अन्य स-साना भूकम्प महशुस भएको थियो। राष्ट्रसंघको दैवी प्रकोप निकायका प्रवक्ता सुतोपो पुर्वो नुग्रोहोका अनुसार अधिकांशको कन्क्रिट भग्नावशेमा पुरिएर मृत्यु भएको बताएका छन्।

भिटोभको नेतृत्वमा वर्तमान महासचिव बासु पौडेलको नेतृत्वको समूहले बाजी मार्ने निश्चित भए पनि कांग्रेसको बुँइ चढेर नेकपाकै साथीहरू चुनावी प्रतिस्पर्धामा आउनु गलत भएको भन्दै धेरै व्यवसायीले चिन्ता प्रकट गरेका छन्।

## भिटोभको निर्वाचनमा नेकपामा दुई धार

# न्यौपानेको आगुवाइमा कांग्रेससँग साझेदारी

**नेपाल समाचारपत्र**

काठमाडौं

दुई ठूला कम्युनिस्ट पार्टी एक भएर इतिहासकै ठूलो नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बनेको छ। इतिहासकै शक्तिशाली पार्टी बनेसँगै नेकपालाई कमजोर पार्ने विभिन्न षड्यन्त्र भइरहको विषयमा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड आफैंले पटक-पटक सर्वजनिकरूपमा भाषण नै गर्दै हिँडेका छन्।

यद्यपी पार्टीलाई कमजोर बनाउन केन्द्रीय स्तरकै नेताहरूको सक्रियतालाई नेकपाले नजरअन्दाज गरेको देखिएको छ।

नेकपाका नेता मुकुन्द न्यौपानेले पार्टीको विषयगत क्षेत्राधिकार बाहिर गएर नेपाल राष्ट्रिय पर्यटन व्यवसायी संगठनमा आफूले मागेको पद नपाएका पर्यटन व्यवसायीलाई जम्मा गरेर सामानान्तर संगठन स्थापना गरे। अहिले त्यसको बाछिटा गाउँ पर्यटन प्रबर्द्धन मञ्च (भिटोफ) को निर्वाचनमा समेत देखाइदिएका छन्। नेपाल कम्युनिस्ट पार्टीका नाममा सम्पूर्ण बामपन्थीहरू एक भइरहेको समयमा न्यौपानेले भने भएका बामपन्थीहरूलाई नेपाली कांग्रेस निकटका व्यवसायीको स्वार्थमा मिसाइदिएका छन्।

जसका कारण तत्कालीन नेकपा एमाले समर्थक भनेर चिनिएका हाल नेकपाका शुभेच्छुक नै भिटोफको अध्यक्षमा प्रतिस्पर्धा गर्ने तयारीमा पुगेका छन्। न्यौपानेले संरक्षण गरेर हुर्काउन खोजेको समूहले नेपाली कांग्रेस निकटका व्यसायीलाई साथ दिँदै अध्यक्षमा ध्रुव सिंखडालाई साथ दिएको छ। त्यस्तै नेकपाको आधिकारिक संस्थापन समूहले भिटोफमा वर्तमान महासचिव बासु पाण्डेलाई अध्यक्षको प्रत्यासीका रूपमा अघि सारी समूह तयार गरेको छ। देशैंभर नेकपा एक भएको सन्देश दिन नेकपाका अध्यक्षद्धयलाई भ्याइनभ्याइ भइरहेको समयमा न्यौपाने भने पर्यटन व्यवसायमा संगठित भएका व्यवसायीलाई टुक्राटुक्रा पारे कांग्रेसको समूहसँग सहकार्य गराउने अवस्थामा पुगेका छन्।

पछिल्लो चार वर्षको अवधिलाई हेर्ने हो भने पर्यटनका व्यावसायिक संगठनमा नेकपाले आफ्ना समर्थक व्यवसायीलाई नेतृत्वमा पुऱ्याउन सफल भएको देखिन्छ। न्यौपानेले पर्यटन भएको संगठनसमेत ध्वस्त पार्न थालेपछि नेकपाका नेता एवं तत्कालीन एमालेका पर्यटन प्रबर्द्धन विभागका प्रमुख सूर्य थापा आफैं पार्टी नेतृत्वका सामू न्यौपानेको पार्टी हितविपरीत गरेको गतिविधि उजुरीको रूपमा जानकारी गराएका छन्।

देशैंभर नेकपा एक भएको सन्देश प्रवाह हुनुपर्ने अवस्थामा न्यौपानेले पर्यटन क्षेत्रमा कांग्रेसलाई काखी च्यापेर के प्राप्त गर्न खोजेका हुन् भन्दै ठमेलका चोक र गल्लीमा गफ हुन थालेको छ। भिटोभको नेतृत्वमा वर्तमान महासचिव बासु पौडेलको नेतृत्वको समूहले बाजी मार्ने निश्चित भए पनि कांग्रेसको बुँइ चढेर नेकपाकै साथीहरू चुनावी प्रतिस्पर्धामा आउनु गलत भएको भन्दै धेरै व्यवसायीले चिन्ता प्रकट गरेका छन्।

न्यौपानेलाई साथ दिने सीताराम सापकोटा, कुमार थापा र राजेन्द्र सपाकोटा अहिले भिटोफको निर्वाचनमा नेकपा निकटका व्यवसायीलाई भन्दा पनि कांग्रेस निकटका व्यवसायीलाई जिताउने अभियानमा कम्मर कसेर लागेका छन्। भिटोफमा कांग्रेस समर्थकलाई जिताउन लाग्नेमा आग्रपंक्तिमा कुनै समय दिनेश अधिकारी 'चरी' को व्यवसायिक साझेदारसमेत रहेका पर्यटन व्यवयासी संगठन नेपालका उपाध्यक्ष कुमार थापा अग्रमोर्चामा रहेका छन्।

उनी जुनसुकै मूल्य चुकाएर भए पनि कांग्रेससहितको टिम जिताउने अभियानमा लागेका छन्। आसाइ ट्रेक्सका मालिकसमेत रहेका थापा फेक रेस्क्युको छानबिनको दायरामा रहेका व्यवसायी हुन्।

उनीसँगै लामो समय व्यावसायिक साझेदारी गरेका एक व्यवयासीले नेपाल समाचारपत्रलाई भने- 'उनी आफू फेक रेस्क्युमा लाग्नेमात्र नभई अहिले अरू व्यवसायीलाई समेत कारबाहीबाट जोगाउँछु भन्दै हिँडेका छन्। उनले ठमेल र दरबारमार्गमा कुराकानीका क्रममा आफूसँग पर्यटन सचिवको राम्रो सम्बन्ध भएको भन्दै धेरैलाई कारबाहीबाट जोगाउने आश्वासनसमेत दिएका छन्।'

# अझै सार्वजनिक भएन बाघको संख्या

काठमाडौं, (नेस)

मुलुकका प्राकृतिक बासस्थानमा रहेका वयस्क बाघको संख्या यकिन गर्न विगत १० महिनायता सरकारसहित राष्ट्रिय/अन्तर्राष्ट्रिय संरक्षण साझेदार जुटे पनि बाघ गणनाको नतिजा अझै सार्वजनिक हुन सकेको छैन।

गणना सकिए पनि समयमा त्यसबारेको तथ्यांक विश्लेषण नसकिँदा आइतबारको विश्व बाघ दिवसका अवसरमा नतिजा सार्वजनिक हुन सकेन। हरेक वर्षको जुलाई २९ तारिखमा बाघ पाइने मुलुकमा यो दिवस मनाउने गरिन्छ। यस वर्षको दिवसको नारा 'समृद्धिका लागि बाघ' तय गरिएको छ। बाघ गणनाको तथ्यांक विश्लेषण गर्न अझै करिब १ महिना लाग्ने वन तथा वातावरण मन्त्रालयले जनाएको छ।

'नतिजालाई विस्तृतरूपमा केलाएर मात्रै संख्या यकिन गर्न सकिन्छ, ढिलो होस् तर सही तथ्यांक आओस् भनेर दिवसमा संख्या सार्वजनिक गर्न सकिएन' -सो मन्त्रालयका एक अधिकारीले नेपाल समाचारपत्रसँग भने। गत मंसिर दोस्रो सातादेखि फागुनसम्म चलेको गणनामा १ हजार ६ सय ४३ क्यामेरा ट्रयापिङ र स्थलगत अध्ययन अवलोकन गरिएको थियो। गणनाका लागि चितवन-पर्सा, बाँके-बर्दिया र शुक्ला-लालझाडी-जोगबुढा ३ कम्प्लेक्स विभाजन गरिएको बताइएको छ। यसअघि सन् २०१३ को गणनाअनुसार नेपालमा १ सय १८ वटा बाघ फेला परेका थिए भने त्यसअघि सन् २०१० को गणनामा १ सय २१ बाघ रहेका थिए।

यसपटकको गणनामा सन् २०१३ को भन्दा सकारात्मक नतिजा पाइएको तर समग्र तथ्यांक विश्लेषण गर्न समय लागेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले जनाएको छ। 'नेपाल राष्ट्रिय लक्ष्यमा सफलतापूर्वक अघि बढिरहेको छ। बाघ पाइने अन्य मुलुकभन्दा नेपालले गर्व गर्न लायक नतिजा प्राप्त गर्न सफल भइरहेको छ' -विभागका महानिर्देशक मनबहादुर खड्काले भन्नुभयो।

सन् २०१० मा रसियाको सेन्ट पिटर्सबर्गमा सम्पन्न बाघ पाइने विभिन्न १३ मुलुकको अन्तर्राष्ट्रिय सम्मेलनले दुर्लभ जन्तु बाघ संरक्षणमा हातेमालो औंल्याउँदै सन् २०२२ भित्र बाघको संख्या दोब्बर पार्ने प्रतिबद्धता जनाएको थियो। यसैबीच वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेतले बाघ संरक्षणका लागि अनुसन्धान र स्पष्ट योजनाको खाँचो औंल्याउनुभएको छ। बाघ दिवसका अवसरमा आयोजित मूल समारोहलाई सम्बोधन गर्दै उहाँले कस्तो ठाउँमा बाघको संख्या कति उपयुक्त हुन्छ भन्ने सुनिश्चित गर्न अध्ययन अनुसन्धान आवश्यक भएकामा उहाँले जोड दिनुभयो।

राष्ट्रिय योजना आयोगका सदस्य डा. कृष्णप्रसाद ओली र वन मन्त्रालयका सचिव डा. विश्वनाथ ओलीले स्थानीय समुदायको सर्वोपरी हितलाई ध्यानमा राखेर संरक्षणका पहल अघि बढाउनुपर्ने बताउनुभयो। कार्यक्रमका अन्य वक्ताले मानव वन्यजन्तुबीचको बढ्दो द्वन्द्व रोकथाम, चोरी शिकारी नियन्त्रण र सरोकारवाला निकायबीच गतिलो हातेमालो जरुरी भएकामा जोड दिए।

## हराएको...

धर्म सिन्धुको तृतीय परिच्छेदमा भएको व्यवस्थाबारे उहाँ भन्नुहुन्छ- 'अब नआउने नै भनेर टुंगो भएपछि सबैको सरसल्लाहमा पितृकार्य गर्न मिल्छ।' भट्टराईका अनुसार ३२ वर्षको भए २० वर्ष, ६४ वर्षभन्दा माथि भए १५ वर्ष र त्योभन्दा माथि भए १२ वर्षसम्म पर्खनुपर्छ। हराएको दिन वा त्यस्तो घटना भएको थाहा भए त्यसैलाई आधार मानेर तिथि गर्ने प्रचलन छ। यद्यपि कहिलेकाँही १ सय वर्ष पुगेपछि मात्र काजकिरिया गर्नुपर्ने तर्क पनि आउने गरेको पाइन्छ।

## प्रमाणपत्र...

त्यसैले पनि प्रस्तावित प्रधानन्यायाधीशको शैक्षिक प्रमाणपत्रका बारेमा अनुसन्धान गर्नु स्वाभाविक हो। न्यायपरिषद्को रेकर्ड प्रणाली अद्यावधिक नहुँदा समस्या उत्पन्न भएको देखिन्छ।'

कामु प्रधानन्यायाधीशको शैक्षिक प्रमाणपत्रको बारेमा सञ्चारमाध्यममा समाचार आइरहनु र समितिले पनि बैठक सार्नुलाई अर्थपूर्णरूपमा हेरिएको छ। न्यायपरिषद्लाई बुझाएको शैक्षिक योग्यता प्रमाणपत्रमा एसएलसीको प्रमाणपत्रमा दुईवटा फरक-फरक सिम्बोल नम्बर फेला परेपछि समितिले प्रश्न चिह्न उठाएको छ।

तत्कालीन शेरबहादुर देउवा नेतृत्वको सरकारले विभिन्न सार्वजनिक संस्थानमा नियुक्ति गरेका १२ जना पदाधिकारीको सर्वोच्चले पुनर्बहाली गरेको थियो। तत्पश्चात् प्रधानमन्त्री केपी शर्मा ओली र नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड रुष्ट हुन सक्ने भएर सुनुवाइ अनुमोदन अघि बढ्न नसकेको हुन सक्ने अधिवक्ताहरू बताउँछन्।

नाम नबताउने सर्तमा एक अधिवक्ता भन्छन्- 'विगतमा सहजै प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अघि बढेको थियो। यसपटक नेतृत्व तहबाटै दबाब आएर पनि नियुक्ति प्रक्रिया लम्बिएको हुन सक्छ। अर्को कुरा देउवा नेतृत्वको सरकारले नियुक्ति गरेका पदाधिकारी सर्वोच्चले पुनर्बहाली गरेपछि पनि यो सरकार आक्रोशित भएको हुन सक्छ।'

विगतमा प्रस्तावित प्रधानन्यायाधीशको सहजै सुनुवाइ प्रक्रिया अघि बढे पनि यसपटक सुनुवाइ भए पनि अनुमोदन हुन सकेको छैन। संविधानमा संवैधानिक परिषद्को सिफारिसमा संसदीय सुनुवाइको अनुमोदनपछि राष्ट्रपतिले प्रधानन्यायाधीश नियुक्ति गर्ने संवैधानिक व्यवस्था छ। प्रस्तावित प्रधानन्यायाधीश जोशीको नाम अनुमोदन भए उहाँ आगामी २०७५ असोजसम्म प्रधानन्यायाधीशको रूपमा जिम्मेवारी सम्हाल्नुहुनेछ। यसअघि सुनुवाइ समितिले सुनुवाइकै दिन अनुमोदनसम्बन्धी निर्णय गर्दै आएको थियो। सुनुवाइ सकेर समितिले निर्णय सुनाउनकै लागि बोलाइएको बैठक दुई पटकसम्म स्थगित भएपछि शंका उब्जिएको छ। प्रधानन्यायाधीश नियुक्तिका लागि न्यायपरिषद्बाट प्रस्तावित नामलाई अनुमोदन गर्न संसदीय सुनुवाइ समितिको कुल सदस्य संख्याको दुई तिहाइ आवश्यक पर्दछ। हाल संसदीय समितिमा कायम १४ सदस्य संख्यामा १० सदस्यहरू सत्तारुढ घटक नेकपा र संघीय समाजवादी फोरमका रहेका छन्, जुन कुल सदस्य संख्याको दुई तिहाइ बढी हुन आउँछ।

संसदीय सुनुवाइ विशेष समितिलाई संवैधानिक अंगका पदाधिकारी, सर्वोच्चका प्रधानन्यायाधीश र न्यायाधीश तथा राजदूतको सुनुवाइ गर्ने अधिकार संविधानले दिएको छ। तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुली पनि जन्ममिति विवादकै कारण गत चैत १ गते बर्खास्ती हुनुभएको थियो।

## श्रीपेच...

यदी कसैले सुरक्षा संवेदनशीलता बेगर मनपरी गर्न खोजे त्यसलाई नियन्त्रण गर्न अलार्म सिस्टम जडान गर्ने तयारी गरेको छ। विदेशमा जस्तै अत्याधुनिक सुरक्षा प्रणाली जडान गर्ने योजनासहित टेन्डर आह्वान गरिएको संयोजक दाहालको भनाइ छ।

समितिले करिब ४५ लाख रुपियाँ बराबरको सुरक्षा तयारी गरेको छ। २०७१ सालपछि श्रीपेचको अवस्थाबारे कुनै जानकारी दिइएको छैन। हाल श्रीपेच सेनाको कडा सुरक्षा घेरामा स्टिलको दराजभित्र राखिएको छ। अब समितिले नेपाली सेनासँग छलफल गरेर सर्वसाधारणको प्रदर्शनीका लागि श्रीपेच राखिने भएको छ। पूर्वराजा ज्ञानेन्द्रले २०६५ साल जेठ २९ गते नारायणहिटी छाडेपछि श्रीपेचलगायत महत्त्वपूर्ण सामग्री कडा सुरक्षा घेराभित्र राखिएको थियो। ज्ञानेन्द्रले नारायणहिटी दरबार छाड्नुअघि हाम्रा पिता पुर्खाको विरासतको रूपमा रहेको श्रीपेचलाई सदाको लागि जोगाएर राख्न देशबासीको नाममा अनुरोध गर्नुभएको थियो तर नारायणहिटी दरबार छाडेको एक दशक बितिसक्दा पनि सरकारले श्रीपेच प्रदर्शनीमा राख्न सकेको छैन।

सोकेस तयार भएलगत्तै नेपाली सेनाले बुलेटप्रुफ सिसा परीक्षणसमेत गरिसकेको अवस्थामा सुरक्षाको कारण देखाउँदै श्रीपेच देखाउन नसक्नु सरकारकै कमजोरी हो। ल्याटिन अमेरिकाको एक दुर्लभ चराको प्वाँखको कल्कीबाट बनेको श्रीपेच सुन, चाँदी, हिरा, मोती, पन्नाजडित दुर्लभ र बहुमल्य छ।

# विदेश पठाउने भन्दै १ करोड ठग्ने चार पक्राउ

**नेपाल समाचारपत्र**

काठमाडौं

विभिन्न देशमा रोजगार दिलाइदिने बहानामा १ करोड ५० लाख ठगी गरेको अभियोगमा प्रहरीले ४ जनालाई पक्राउ गरेको छ।

प्रहरीले उत्तर कोरियास्थित कृषि फर्ममा जागिर लगाउने भनी झुक्याएर ठगी गरेको अभियोगमा ३ र मकाउ पठाउने बहानामा ठगी गरेको अभियोगमा १ जनालाई पक्राउ गरेको हो। उनीहरूलाई कोरियाको कृषि फर्ममा राम्रो रोजगारीको अवसर छ भनी प्रतिव्यक्ति ७ लाखका दरले सर्वसाधारणबाट रकम असुलेको अभियोगमा पक्राउ गरेको हो।

पक्राउ पर्नेमा सिन्धुलीका रामबहादुर थापा, मकवानपुरका दिनेश श्रेष्ठ र कल्पना ढुंगाना रहेका छन्। तीनै जनालाई महाराजगन्जबाट प्रहरीले पक्राउ गरेको हो। पक्राउ परेका तीनै जनालाई काठमाडौं जिल्ला अदालतबाट म्याद लिई थप अनुसन्धान भइरहेको छ। साथै दिनेश भन्ने रामबहादुर थापा र कल्पना ढुंगानाले अस्ट्रेलिया, पोल्यान्ड, दक्षिण अफ्रिकालगायतका देशमा समेत रोजगारीको राम्रो अवसर छ भनी सर्वसाधारण नागरिकलाई झुक्याई ५ जनाबाट ४२ लाख रुपियाँभन्दा बढी रकम लिई ठगी गरेको उजुरी प्राप्त भएको ब्युरोले जनाएको छ।

यस्तै मकाउ पठाउँछु भनी ठगी गरेको अभियोगमा प्रहरीले १ जनालाई पक्राउ गरेको छ। मकाउमा तलब सुविधासहितको रोजगारीको अवसर दिलाउने भनी २३ जनाबाट प्रतिव्यक्ति २ लाख ७५ हजार रुपियाँ उठाई ठगी गरेको उजुरीको आधारमा भण्डारीलाई पक्राउ गरेको हो।

सुनसरी धरानका बालकृष्ण भण्डारीलाई ललितपुरस्थित थसिखेल कुसुन्तीबाट पक्राउ गरिएको छ। ललितपुर जिल्ला अदालतबाट म्याद लिई थप अनुसन्धान भइरहेको र ठगीमा संलग्न अन्य व्यक्तिको खोजतलास भइरहेको केन्द्रीय अनुसन्धान ब्युरोले जनाएको छ।

# भाङ हालेको भोज खाँदा ३५ बिरामी

सीताराम अधिकारी, धादिङ

न्वारनको भोजमा भान्सेले खानामा भाङ मिसाएपछि गजुरी गाउँपालिका-४ गैरीगाउँमा आइतबार ३५ जना बिरामी परेका छन्।

अनिल चेपाङको छोरीको न्वारनको भोज खाएपछि नातेदार गाउँबासी बिरामी परेको विजय चेपाङले बताउनुभएको छ।

वाकवाक लाग्ने, रिंगटा लाग्ने, केही समयपछि बेहोस भएर नबोली बस्ने, तथा केही मानिस भने डर लागेको बताउने र रुने कराउने गरिरहेको विजय चेपाङले जानकारी दिनुभयो।

उनीहरू सबैलाई दही, घ्युलगायतको खाने कुरा खुवाएर होसमा ल्याउने गरी प्राथमिक उपचार भइरहेको छ। गाउँमै निको नहुने अवस्था आएमा थप उपचारका लागि तयारी अवस्थामा टोली तयारी गरिएको गजुरी गाउँपालिका अध्यक्ष राजेन्द्रविक्रम बस्नेतले बताउनुभएको छ। गाउँसम्म पुग्न आदमघाटबाट ५ घन्टा लाग्छ। लगातार पानी परिरहेको र कच्ची सडकमा पहिरोसमेत आएका कारण गाउँसम्म पुग्नका लागि कठिनाइ उत्पन्न भएको छ।

खाना खाएका चेपाङ संघका सन्तमान चेपाङ, संगिता चेपाङ, विमला चेपाङलगायतका चेपाङ अगुवासमेत बिरामी परेर सुतिरहेका छन्।

भोजमा भात, आलु, कालो दाल, मासु र तरकारी पकाइएको थियो। सगुनका रूपमा जाँड र रक्सीसमेत राखिएको वीरसिंह चेपाङले बताउनुभयो।

खाना खान बाँकी रहेका कम्तीमा ३५ जनालाई फेरि तरकारी पकाएर खुवाउने तयारी गरिएको वीरसिंहले जानकारी दिँदै तरकारी वा दालमा भाङ मिसाइएको हुनसक्ने अनुमान गरिएको छ।

# बाढी नआउँदै राप्तीपारि तयारी खाजा स्टक

बाँके, (नेस)

मनसुन सक्रिय भएसँगै बाँकेका स्थानीय निकाय सतर्क भएका छन्। बाढीबाट वर्षेनी ठूलो जनधनको क्षति हुने भएकाले यसपाली स्थानीय निकायले सचेतनासँगै पूर्वतयारी गरिसकेका छन्।

विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि उल्लेख्य बजेट छुट्याएका स्थानीय निकायले नदी तटीय क्षेत्रका बासिन्दालाई बाढी पूर्वतयारीलगायत सचेतनाबारे गोष्ठी, प्रशिक्षण दिनुका साथै तयारी खाजाको व्यवस्था गरिसकेका छन्।

सबै स्थानीय निकायमा विपद् व्यवस्थापन कोष स्थापना गरिसकिएको छ। राप्ती नदीमा भारतले बनाएको लक्ष्मणपुर बाँध, कलकलवा तटबन्ध तथा सडकजस्तो बाँधले गर्दा ठूलो क्षति ब्यहोर्दै आएको राप्तीसोनारी, डुडुवा र नरैनापुर गाउँपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि राम्रै बजेट छुट्याएका छन्।

२०७१ पछिका बाढीमा सबैभन्दा बढी क्षति ब्यहोरेका राप्तीसोनारी गाउँपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि २ करोड रुपियाँ छुट्याएको छ। त्यस्तै सधैं राप्ती नदीको मार पर्ने डुडुवा गाउँपालिकाले ३७ लाख र नरैनापुर गाउँपालिकाले ३५ लाख रुपियाँ छुट्याएका छन्। विपद् पूर्वतयारी तथा प्रतिकार्यमा कोहलपुर नगरपालिकाले २९ लाख, जानकी गाउँपालिकाले २५ लाख, बैजनाथ गाउँपालिकाले ३० लाख, नेपालगन्ज उपमहानगरपालिकाले १० लाख र खजुरा गाउँपालिकाले ५ लाख रुपियाँ छुट्याएका छन्।

बाढी आउँदा उद्धार गर्न सधैं समस्या पर्ने राप्तीपारि यसपाली बेलैमै उद्धार टोलीको साथै तयारी खाजा तयारी अवस्थामा राखिएको छ। चाउचाउ, बिस्कुट, दालमोठहरू किनेर स्टक राखिएको छ। गाउँपालिकाले आफ्नै हिसाबले यस्तो व्यवस्था गरेका छन्।

राप्तीपारिको गंगापुरमा रहेको शसस्त्र बेसक्याम्पमा एउटा रबर बोट, २५ वटा लाइफज्याकेट, डोरी, स्टेचर, फस्टएड किट तयारी अवस्थामा राखिएको छ। सशस्त्र प्रहरीको बागेश्वरी गण राप्तीपारि र गंगापुर बेस क्याम्पलाई उद्धारका लागि तयारी अवस्थामा राखिएको छ।

जिल्ला विपद् समितिले स्थानीय निकाय तथा तटीय क्षेत्रका बासिन्दालाई बाढी पूर्वतयारी तथा प्रतिकार्यका लागि सचेत गराइरहेको छ। राप्ती नदीमा पानीको बहाव ५ दशमलव ४ मिटर हुनेबित्तिकै साइरन बज्ने गर्दछ।

# हरिवन नगरपालिका उत्कृष्ट



सोम दियाली, सर्लाही

झापाको अर्जुनधारा नगरपालिकाका जनप्रतिनिधिहरूले हरिवन नगरपालिका र यहाँका जनप्रतिनिधिको काम र कार्यशैलीको प्रशंसा गरेका छन्।

अर्जुनधारा नगरपालिका वडा नम्बर ११ का वडाध्यक्ष भैरव खड्काको नेतृत्वमा ६ दिने भ्रमणका क्रममा झापाबाट सिधैं सर्लाहीको हरिवन आइपुगेको टोलीले हरिवन नगरपालिकाका जनप्रतिनिधि र यहाँको विकास निर्माणका काम उत्कृष्ट भएको बताएको हो।

'हरिवन नगरपालिकाका जनप्रतिनिधिले गरेको राम्रो काम हामीले मात्रै होइन, अन्य गाउँ तथा नगरपालिकाका जनप्रतिनिधिले पनि अनुशरण गर्नुपर्ने खालको रहेछ' -भ्रमण टोली संयोजक खड्काले भने।

उनले हरिवन नगरपालिकाले सबै नागरिकलाई करका दायरामा ल्याउन एकीकृत सम्पत्ति कर लागू गरेको, नगरलाई अर्गानिक नगर बनाउने अभियान शुरू गरेको, नागरिकलाई कृषिमा आत्मनिर्भर बनाउने उद्देश्यले कृषि क्रान्ति शुरू गरेको लगायतका काम उत्कृष्ट भएको बताउनुभयो। त्यस्तै यहाँ विकास निर्माणका काम पनि शतप्रतिशत सम्पन्न भएको प्रति आफूलाई गर्व लागेको भ्रमण टोली संयोजक खड्काले प्रतिक्रिया दिए।


हरिवन नगरपालिकाका मेयर गणेश प्रसाईंसँग यहाँ भइरहेका महत्त्वपूर्ण योजना र विकास निर्माणका कामबारे जानकारी लिँदै भ्रमण टोली सदस्य एवं अर्जुनधारा नगरपालिका वडा नम्बर १० का वडाध्यक्ष बलदेव तामाङले हरिवन नगरपालिकाको गतिविधिबाट आफू निकै प्रभावित भएको बताए। 'हामी हरिवन नगरपालिकाको कार्य सम्पादनबाट निकै प्रभावित भएका छौं', उनले भने- 'हामी यहाँ भएका राम्रा र उत्कृष्ट कार्यहरू आफ्नो नगरपालिकामा गएर प्रयोगमा ल्याउने छौं।'

सर्लाही जिल्लामा मात्रै होइन, प्रदेश नम्बर २ मै लोकप्रिय मेयरका रूपमा छवि बनाएका हरिवन नगरपालिकाका मेयर गणेश प्रसाईंले आफ्नो नगरको गतिविधि जानकारी गराउन पाउँदा निकै खुसी लागेको बताउनुभयो।

2018, JUL
Monday
30

# अर्थ

> यसले गर्दा कुलेखानीबाट ४६ मेगावाट उत्पादन बन्द हुँदासमेत पिक समयको विद्युत माग र आपूर्ति व्यवस्थापन गर्न सहज भएर लोडसेडिङ गर्नु नपरेको प्राधिकरणले जनाएको छ।





## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ साउन १४, जुलाई ३०, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।५५ | ११०।१५ |
| युरो १ को रू. | १२७।७१ | १२८।४१ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४३।६३ | १४४।४२ |
| स्विस फ्रन्क १ को रू. | ११०।१५ | ११०।७६ |
| अस्ट्रेलियन डलर १ को रू. | ८१।१३ | ८१।५७ |
| क्यानाडियन डलर १ को रू. | ८३।९३ | ८४।३९ |
| सिङ्गापुर डलर १ को रू. | ८०।४४ | ८०।८८ |
| जापानी यन १० को रू. | ९।८७ | ९।९२ |
| चिनियाँ युआन १ को रू. | १६।०८ | १६।१७ |
| साउदी अरब रियाल १ को रू. | २९।२१ | २९।३७ |
| कतारी रियाल १ को रू. | ३०।०९ | ३०।२५ |
| थाई भाट १ को रू. | ३।२८ | ३।३० |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।८२ | २९।९९ |
| मलसियन रिङ्गिट १ को रू. | २६।९७ | २७।११ |
| दक्षिण कारियन वन १०० को रू. | ९।८२ | ९।८७ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।३९ |
| डेनिस क्रानर १ का रू. | १७।१४ |
| हङकङ डलर १ का रू. | १३।९६ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# महानगरपालिकाविरुद्ध उद्योगी व्यवसायी सडकमा



नेपाल समाचारपत्र

वीरगन्ज

वीरगन्ज महानगरपालिकाले कर वृद्धि गरेको भन्दै उद्योगी व्यवसायी सडकमा उत्रिएका छन्। वीरगन्ज उद्योग वाणिज्य संघको आह्वानमा उद्योगी व्यवसायीहरू सडकमा उत्रिएका हुन्।

संघले करको दर पुनरावलोकनका लागि महानगरपालिकालाई ७ दिने अल्टिमेटमसमेत दिएको छ। घण्टाघरबाट निकालिएको र्‍याली माइस्थान, आदर्शनगर हुँदै वीरगन्ज महानगरपालिकामा पुगेको थियो। र्‍यालीमा सहभागीहरूले कवाडी कर खारेज गर, औद्योगिक उत्पादनमा लगाएको कर खारेज गर, सम्पत्ति, घर जग्गा करमा गरेको वृद्धि फिर्ता गर, यातायात तथा ट्रान्सपोर्टमा गरिएको कर वृद्धि फिर्ता गर, नयाँ सवारी कर फिर्ता गर लगायतका नारा लेखिएको प्ले कार्ड बोकेका थिए।

महानगरपालिकामा वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष एवम् प्रदेश सांसद ओमप्रकाश शर्माले नगरप्रमुख विजयकुमार सरावगीलाई ७ दिने अल्टिमेटमसहित ज्ञापनपत्र बुझाएका छन्। ज्ञापन पत्रमा आर्थिक वर्ष २०७५/०७६ का लागि कायम गरेको कर, शुल्क, दस्तुर असुलीको निर्णय पुनरावलोकन माग गरिएको छ। तर, मेयर विजय सरावगीले भने उद्योगी व्यवसायीको प्रतिनिधि राजस्व परामर्श समितिमा बसेर कर निर्धारण गर्दा पनि विरोध गर्नु उचित नभएको बताउनुभयो। 'करका सम्बन्धमा बजारमा कतिपय जायज विषय पनि आए, कतिपय अफवाह फैलिएको छ,' उहाँले भन्नुभयो- कुनै पनि समस्या छ भने छलफलबाट समाधान खोज्नुपर्छ।'

उद्योग वाणिज्य संघका प्रतिनिधिकै रोहबरमा कर निर्धारण गरिएको भन्दै उहाँले भन्नुभयो- 'नगरबासीलाई मर्का पर्ने गरी कर निर्धारण गरिएकै छैन। तैपनि कुनै समस्या भए समाधान निकाल्न सकिन्छ।' मेयर सरावगी वीरगन्ज उद्योग बाणिज्य संघका पूर्वअध्यक्ष हुन्।

## साइबर सुरक्षामा सामूहिक प्रयासको खाँचो औंल्याइयो

काठमाडौं, (नेस)

साइबर सुरक्षाका लागि विश्वव्यापी ऐक्यबद्धता जनाउँदै नेपालमा पहिलोपटक आयोजित दुई दिने 'सिस्को ग्लोबल साइबर सेक्युरिटी समिट-२०१८' सम्पन्न भएको छ।

इन्फर्मेसन सेक्युरिटी रेस्पोन्स टिम नेपाल (एनपीसर्ट)को मुख्य आयोजना र आइसिटी फ्रेमको सहआयोजनामा आयोजित समिटमा साइबर अपराध, साइबर नीति र कानुन तथा सुरक्षाका विभिन्न अभ्यास बारे विश्लेषण र निदानका विषयमा छलफल भएको थियो।

समिटले साइबर सुरक्षाका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा सरोकारवालाबीच सहकार्य हुनुपर्नेमा समिटले निष्कर्श निकालेको छ। कार्यक्रममा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका उपकुलपति प्रा.डा. जीवराज पोखरेलले साइबर सुरक्षा चुनौतीलाई न्यूनीकरण गर्न सामूहिक प्रयास आवश्यक रहेको बताउनुभयो।

समिटका मुख्य वक्ता आइक्यान एसिया प्यासिफिकका रिजनल सेक्युरिटी, स्टाबिलिटी एन्ड रिजेलेन्सी म्यानेजर चाम्पिका वाइजायातुङ्गाले डोमेन नेम सेक्युरिटीका लागि विश्वभर अझै चेतना अभिवृद्धि हुन नसकेको बताए। उनले नेपालको राष्ट्रिय डोमेन (डट एनपी) पनि डोमेन नेम सेक्यरिटीमा पर्न नसकेको जानकारी दिए। उनले नेपालको राष्ट्रिय डोमेनलाई सुरक्षित गर्न साइबर सेक्युरिटीका विज्ञहरूको सामूहिक प्रयास आवश्यक भएको बताए।

समिटमा साइबर सुरक्षासम्बन्धी विभिन्न विषयवस्तुमा नेपाल, भारत, श्रीलंका, बंगलादेश, अमेरिका र बेलायतकाका सहभागी थिए। सो अवसरमा क्लाउड कम्प्यटिङ एन्ड सेक्यरिटी, म्यानेजिङ रिस्क इन डिजिटल इनभाइरोमेन्ट, थ्रेट एन्टेलिजेन्स सेयरिङ, यनिफाइड थ्रेट म्यानेजमेन्ट , साइबर सरक्षाका लागि सचेतनालगायतका विषयमा वक्ताहरूले पेश गरेका कार्यपत्रमा छलफल तथा अन्तर्क्रिया गरिएको थियो।

साथै साइबर सेक्यरिटी रिजिलेन्स विषयमा २ चरणमा विज्ञहरूबीच प्यानल छलफलसमेत भएको थियो। समिटमा सरकारी, व्यावसायिक, बैंक तथा वित्तीय संस्था, दूरसञ्चार तथा इन्टरनेट सेवाप्रदायक, शैक्षिक संस्थालगायतका क्षेत्रबाट करिब २ सय जनाको सहभागिता रहेको थियो।

समिटकै अवसर पारेर पहिलो दिन शुक्रबार नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) र राष्ट्रिय कृषि तथा अनुसन्धान केन्द्र (नार्क) मा प्रि-समिट वर्कसप आयोजना गरिएको थियो। वर्कसपमा 'साइबर सेक्युरिटी टेक्नोलोजी' र 'साइबर सेक्युरिटी क्याप्चर द फ्ल्याग (सिटिएफ)' विषयमा सहभागीलाई विभिन्न विधाका विज्ञले क्षमता अभिवृद्धि तालिम प्रदान गरेका थिए।

# कुलेखानी-२ को जेनेरेटर मर्मतमा १० प्राविधिक



नेपाल समाचारपत्र

हेटौंडा

कुलेखानी-२ को जेनेरेटर मर्मत कार्य शुरू भएको छ। नेपाली प्राविधिक र जापानी प्राविधिकले मर्मत शुरू गरेका हुन्। जापानी फुजी कम्पनीका चारसहित १० प्राविधिक मर्मतमा जुटेका छन्।

फुजी इलेक्ट्रिक कम्पनी जापानका प्राविधिकले बिग्रिएको जेनेरेटर निरीक्षण गरेपछि काम थालिएको हो। उनीहरूले जेनेरेटरको मर्मत गर्न १ करोड ३० लाख रुपियाँ लाग्ने कोटेसन विद्युत् प्राधिकरणलाई दिएका थिए। प्राधिकरणका प्राविधिकले थोरै लगानीमा आफैंले छिटो मर्मत सम्भार गर्न सक्ने बताएका थिए। तीन साताभित्र जेनेरेटर मर्मत सक्ने लक्ष्य छ। आयोजना प्रमुख आभास ओझाले रोटरमा भएको रिङ भाँच्चिएकाले जेठ २१ गतेदेखि १६ मेगावाट विद्युत् उत्पादन बन्द भएको बताउनुभयो। रिङ र वाइन्डिङ फेरेर जेनेरेटर पुनर्सञ्चालनमा ल्याउन सकिने प्राविधिकले बताएका छन्।

फुजी इलेक्ट्रिक कम्पनी जापानका चार प्राविधिकले जेनेरेटरका सबै पार्टपुर्जाको निरीक्षण गरेर जापान फर्किएका थिए। त्यसपछि प्राविधिकले मर्मतको लागत र समयबारे प्राधिकरणलाई जानकारी गराएका थिए। रिङ र वाइन्डिङ फेर्न जापानबाट उपकरण ल्याइएको आयोजना प्रमुख ओझाले बताउनुभयो। कुलेखानी-२ को एउटा जेनेरेटर बिग्रिएकाले कुलेखानी-१ मा एउटामात्र जेनेरेटर सञ्चालनमा छ। कुलेखानी-२ को एक जेनेरेटरमा समस्या भएर सञ्चालन नहुँदा पहिलोको २ वटै जेनेरेटर सञ्चालन गर्दा पानी खेर जाने भएकाले एउटा मात्र जेनेरेटर सञ्चालन गरिएको हो। एउटा युनिट बन्द भएको अवस्थामा पहिलो ६० मेगावाटमा चलाउँदा इन्द्रसरोवरको पानी खेर जाने भएकाले पहिलो ३० मेगावाटमा मात्र सञ्चालन गरिएको छ। युनिट-२ को जेनेरेटर बिग्रिएकाले उत्पादन क्षमताको ५० प्रतिशत (४६ मेगावाट) विद्युत् उत्पादन भइरहेको छ। कुलेखानी पहिलोबाट विद्युत् उत्पादन गरी निक्लिएको पानीबाट दोस्रो विद्युत्गृह सञ्चालन हुन्छ।

कुलेखानी विद्युत् प्राधिकरणको 'पावर ब्याकअप' हो। कुलेखानीलाई अन्य विद्युत् केन्द्रजस्तो २४सै घण्टा चलाइँदैन। विद्युत्को माग बढेका बेला आवश्यकताका आधारमा केन्द्रको निर्देशनअनुसार मात्र सञ्चालन गरिन्छ। कुलेखानी पहिलोमा ३०/३० मेगावाटका दुई वटा र दोस्रोमा १६/१६ मेगावाटका दुई वटा टर्वाइन छन्। हाल दुवै विद्युत्गृहका एउटा/एउटामात्र टर्वाइन चलाइएको प्राधिकरणले जनाएको छ। वर्षा लागेसँगै खोला तथा नदीमा पानीको बहाव बढेकाले नदीप्रवाहमा आधारित (रन अफ रिभर) जलविद्युत् केन्द्रबाट विद्युत् उत्पादन बढेको छ।

# करोडौंको कोल्ड स्टोर खण्डहर बन्दै



नेपाल समाचारपत्र

विराटनगर

मोरङको पुरानो सदरमुकाम रंगेली नगरपालिका- ६ आमतोला चोक नजिकै २०६४ सालमा शिलान्यास भएको कोल्डस्टोर अझै सञ्चालनमा आउन सकेको छैन। कोल्डस्टोर २०६७ सालमा नेपाल चर्खा प्रचारक गान्धी तुलसी स्मारक महागुठीले निर्माण सम्पन्न गरे पनि अझै सञ्चालनमा आएको छैन।

कोल्ड स्टोरेज हालसम्म सञ्चालमा नआउँदा दक्षिण पूर्वी मोरङका कृषकले उपयोग गर्न नपाउँदा निरास भएका छन्। कोल्ड स्टोरेज सञ्चालन नहुँदा रंगेली नगरपालिका सुनबर्सि नगरपालिका, रतुवामाई नगरपालिका, धनपाल थान गाउँपालिका र कानेपोखरी गाउँपालिकालगायतका गाउँका कृषकले आफूले खेत बारीमा उत्पादन गरेको आलु, प्याज, लसुनलगायतका सामग्री कोल्ड स्टोरेजमा राख्नबाट बञ्चित हुनु परेको बताएका छन। विराटनगरका अरूण शर्माले १२ कठ्ठा जग्गा दान दिएपछि नेपाल-भारतको संयुक्त लगानीमा ३ करोडको लागतमा निर्माण सम्पन्न भए पनि सञ्चालनमा नआउँदा बालुवामा पानी हालेसरी भएको स्थानीयको भनाइ छ। स्थानीय रासरोज महजतोले भने कोल्डस्टोरेज बनाएकर के गर्नु सञ्चालन गर्न कसैले सकेनन्, हाम्रो समस्यामाथि कसैको ध्यान जान सकेको छैन। तत्कालीन भारतीय राजदूत शिवशंकर मुखर्जीले २०६४ भदौ ७ गते सो कोल्ड स्टोरेजको शिलान्यास गरेका थिए। २०६७ सालमा निर्माण सम्पन भएता पनि हालसम्म सञ्चालन नहुँदा यस भेगका कृषकले उब्जाएको आलु, प्याज, लसुनलगायत सामग्री लामो समय राख्न नसक्दा लाखौंको घाटा हुने गरेको छ।

रंगेली नगरपालिका-३ का कृषक हरिशंकर मण्डलले अहिले ६ बिघा खेती गर्ने गर्देछन। उनी आफ्नो खेतमा उत्पादन गरेको आलु नबिग्रियो भनेर कोल्ड स्टोरेजमा राख्न २० किलोमिटर यात्रा गरेर विराटनगरका कोल्ड स्टोरेजमा राख्न बाध्य छन्। यस्तै रंगेली नगरपालिकाका राधेश्याम राजवंशीले कोल्डस्टोरेज सञ्चालनमा नआउँदा आफूले खेतीमा अहिले आलु उत्पादन समेत कम गर्ने गरेको बताउनुभयो। कोल्ड स्टोरेज सञ्चालनमा नआउँदा कागलाई बेल पाक्यो हर्सन बिस्मत भएको अनुभव भएको उनी बताउँछन्। अर्का कृषक नेत्र भट्टराईका अनुसार आफूले उब्जाएको तरकारीहरू नजिकै रहेको कोल्डस्टोरेजमा राख्न पाउने भयो भनेर खुशी भएको तर अहिलेसम्म सञ्चालनमा नआउँदा दु:खी भएको बताए। रंगेली नगरपालिकाका कार्यकारी अधिकृत लक्ष्मीप्रसाद रेग्मीका अनुसार २०७४ साउन २७ गते कार्यपालिकाको निर्णयले उक्त गुठीको सम्बन्धित निकायमा सो कोल्डस्टोरेज नगरपालिकालाई लिज वा करार या सधैंका लागि नगरपालिकालाई हस्तान्तरण गर्नेका लागि नेपाल चर्खा प्रचारक गान्धी तुलसी स्मारक महागुठीलाई लिखित पत्रसहित जानकारी गराएको बताउनुभयो।

परिपत्र गरेको एक वर्ष बितिसक्दा समेत सम्बन्धित निकायले बेवास्ता गरेको कारण रंगेली नगरपालिकाले २०७४/०७५ सालमा समेत उक्त कोल्ड स्टोरेजमा रकम छुट्याउन नसकेको र यस आर्थिक वर्ष २०७५/०७६ सालमा समेत बजेट नछुटिआएको उहाँले बताउनुभयो। अधिकृत रेग्मीका अनुसार कोल्डस्टोरेज सञ्चालनमा ल्याउनका लागि ८० लाख देखि १ करोड रुपियाँसम्म खर्च लाग्ने छ।

२०७५, साउन
सोमबार
१४

उच्च अदालत पोखराको बागलुङ इजलासले केही दिनअघि बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङस्थित प्रशासन कार्यालय र स्थानीय तहलाई कानुन विपरीत हेभी इक्वीपमेन्ट प्रयोग गरेर नदीजन्य वस्तुको दोहन गर्ने कार्य रोक्न आदेश गरेको थियो। तर, जलजला गाउँपालिकाको बगरफाँट, लामाखेत, मिलनचोक, लस्ती, नाग्लीवाङस्थित कालीगण्डकी नदी किनारमा केही जनप्रतिनिधि, कर्मचारी, प्रहरी र प्रशासनको मिलेमतोमा नदीजन्य बस्तुको अवैध दोहन तथा चोरी निकासी भइरहेको स्थानीयबासीले गुनासो गरेका छन्।

# अर्थ

## PRESS RELEASE

### ड्याट्सनको मेगा एक्स्चेन्ज विक

काठमाडौं, (नेस)

नेपालका लागि ड्याट्सन गाडीको आधिकारिक बिक्रेता पायोनियर मोटो कर्प प्रालिले साउन १० गतेदेखि १७ गतेसम्मको लागि देशभर एक्स्चेन्ज योजना ल्याएको छ। मेगा एक्स्चेन्ज विक नाम दिइएको यस योजनामा ग्राहकले आफ्नो कुनै पनि पुरानो गाडीसँग नयाँ डाट्सन गाडी साट्न सक्ने छन्।

नयाँ गाडी चढ्ने रहर भएकालाई ड्याट्सनले उच्चतम मूल्यांकनका साथमा पूरा गर्ने जनाएको छ। देशभरका शोरुममा सञ्चानलन हुने एक्स्चेन्ज अफरमा ग्राहकले अन द स्पट नै आफ्नो पुरानो गाडीको उच्चतम मूल्यांकन प्राप्त गरी ७५ हजार रुपियाँसम्मको एक्स्चेन्ज बोनस पनि पाउनुहुने छ। साथै १ लाख ७५ हजार रुपियाँसम्मको क्यास डिस्काउन्ट अनि अन स्पाट फाइनान्सिङको सुविधा पनि प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ। हरेक गाडीमा ३ वर्षसम्मको वारेन्टी, ३ वर्षसम्म सर्भिसिङ तथा १ वर्षको सडक कर पनि समावेश गरिएको कम्पनीको भनाइ छ।

### एनआईसी एसिया बैंक र युनाइटेड इन्स्योरेन्सबीच सम्झौता

काठमाडौं, (नेस)

एनआईसी एसिया बैंकले युनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) सँग बैंकास्योरेन्स सम्झौता गरेको छ। यस सम्झौताअनुसार अब यस बैंकका ग्राहकले बैंकको २३३ वटै शाखाबाट सहज रुपमा युनाइटेड इन्स्योरेन्स कम्पनीको निर्जीवन बीमा पोलिसी खरिद गर्न सक्नेछन्। उक्त सम्झौतापत्रमा बैंकको तर्फबाट बैंकका कामु प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपाने र इन्स्योरेन्स कम्पनीको तर्फबाट कामु प्रमुख कार्यकारी अधिकृत रमेशकुमार भट्टराईले हस्ताक्षर गर्नुभयो।



बैंकलाई आमजनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंकप्रतिको भरोसाले गर्दा मुलुकभर २३३ शाखा कार्यालय, २२१ एटीएम, १४ वटा एक्सटेन्सन काउन्टर एवम् १५ वटा शाखारहित बैंकिङ इकाईमार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको छ। बैंकको वासलातको आकार १७५ अर्बभन्दा बढी पुगेको छ भने कुल निक्षेप करिब १५० अर्ब तथा कुल कर्जा करिब ११९ अर्ब रहेको छ।


### माछापुच्छ्रे बैंकका आठ नयाँ शाखा खुले



काठमाडौं, (नेस)

माछापुच्छ्रे बैंकले आठ नयाँ शाखा सञ्चालन गरेको छ। बैंकले मोरङको जहदा गाउँपालिकास्थित जहदा शाखा, सुनसरीको धरान उपमहानगरपालिकास्थित धरान शाखा, भोजपुरको भोजपुर नगरपालिकास्थित भोजपुर शाखा शाखा शुरूवात गरेको छ। त्यस्तै रौतहटको चन्द्रपुर नगरपालिकास्थित चन्द्रपुर शाखा, रौतहटकै वृन्दावन गाउँपालिकास्थित वृन्दावन शाखा कार्यालय, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकास्थित डोल्पा शाखा, भोजपुरको टेम्केमैयुङ गाउँपालिकास्थित टेम्केमैयुङ शाखा र उदयपुरको कटारी नगरपालिकास्थित कटारी शाखा शुरूवात गरेको छ। बैकले चैत मसान्तसम्म ६८ अर्ब निक्षेप परिचालन गरी ६२ अर्ब कर्जा प्रवाह गरी ८१ करोड मुनाफा गरेको छ।

### नबिल बैंकको वृक्षरोपण कार्यक्रम



काठमाडौं, (नेस)

नबिल बैंकले ३४औं वार्षिकोत्सवको अवसर पारेर विभिन्न सामाजिक काम गरेको छ, त्यस क्रममा बैंकले मीनभवन नजिकको बागमती नदीको किनारामा बृक्षरोपण तथा सरसफाई कार्यक्रम सञ्चालन गरेको छ। बैंकको ३०औं वार्षिकोत्सवको उपलक्षमा २०७१ देखि यस क्षेत्रमा वृक्षारोपण कार्यक्रम आयोजनाको शुरूवात गरिएको थियो। बैंकको वार्षिकोत्सवको अवसरमा रक्तदान, खेलकुदलगायत वृक्षारोपण तथा सरसफाई कार्यक्रम आयोजना गरी मनाएकोमा अध्यक्ष शम्भुप्रसाद पौड्यालले खुशी व्यक्त गर्नु भयो।

## पाइलटले रक्सी सेवन गरेपछि फ्लाई दुबईको उडान रद्द




दीपेन्द्र थापा काठमाडौं

पाइलटले रक्सी खाएर विमान उडाउन गएको जानकारी पाएपछि आइतबार दुबईका लागि उड्न तयार रहेको फ्लाई दुबईको फ्लाइट नम्बर एफजेड ५७६ विमान रोकिएको छ। पाइलट नाजिर हुसेनले रक्सी सेवन गरेको जानकारी आएपछि चेकजाँज गर्दा पुष्टि भएपछि विहान ९.४० बजे उडान तालिका रहेको उक्त विमानको उडान रोकिएको थियो।

१ सय ५४ जना यात्रु लिएर त्रिभुवन विमान स्थलमा उडान गर्ने तयारीमा रहेको अवस्थामा विमानस्थल प्रशासनलाई विमानकै कर्मचारीबाट पाइलट र को-पाइलटको अवस्था शंकास्पद रहेको भन्दै सूचना आएको आधारमा विमानस्थल प्रशासनले चेकजाँच गरेको थियो। विमानस्थल प्रशासनले पाइटल र को-पाइलटको मादक पदार्थ सेवन गरेको पत्ता लगाउन (ब्रथलाइजर) ले चेक जाँच गर्दा पाइटलले अल्कोहल प्रयोग गरेको पाइएको त्रिभुवन विमानस्थलका प्रमुख राजकुमार क्षेत्रीले जानकारी दिनुभयो।

क्षेत्रीका अनुसार ब्रथलाइजरमा मादक पदार्थ सेवन गरेको भेटिएपछि पाइलटको मेडिकल चेकजाँच गरिएको र त्यसमा पनि मादक पदार्थ सेवन गरेकै आएका थियो। पाइलट हुसेनले मादक पदार्थ सेवन गरेको पुष्टि भएपछि उनलाई विमान उडान रोकिएको बताउनुभयो। पाइलटलाई विमान उडाउन रोकिएपछि फ्लाई दुबईका यात्रु दिनभर विमानस्थलमा अलपत्र परेका थिए। करिब १२ घण्टासम्म विमानस्थलमा अलपत्र परेका यात्रुलाई ७.२० मा दुबईबाट आएको फ्लाई दुबईका नयाँ टिमले विमान र यात्रु लिएर गएको क्षेत्री जानकारी दिनुभयो। पाइलटका कारण उडान रोकिएको विमानका चालक दलका सदस्यहरू भने दिउँसो ४.४० को फ्लाई दुबईकै नियमित उडानबाट फर्किएका थिए। फ्लाई दुबईका काठमाडौं इन्चार्ज अबित श्रेष्ठले आफू उडानको व्यवस्थापन गर्न विमानस्थलमा रहेको भन्दै आफूले थप जानकारी दिन नमिल्ने तपाईं जुन जानकारी जहाँबाट पाउनुभयो उतै पुष्टि गर्नुहोस् भने। घटनाको बारेका विस्तृत विवरण उल्लेख गरेर नेपाल नागरिक उड्डयान प्राधिरणले दुबईको नियमक निकायलाई पत्रचार गरिसकेको छ, पाइलट हुसेनमाथि उतैबाट कारबाही हुनेछ।

अन्तर्राष्ट्रिय विमान कम्पनीको हकमा भने यस्तो कानुनी कारबाही गर्ने प्रावधान प्राधिकरणसँग नरहेको बताइएको छ। मादक पदार्थ सेवन गरेर विमान उडाइएको पाइएमा परामर्श दिने, चेतावनी दिने, तालिम दिने, जरिवाना गराउने, निलम्बन गर्ने, उडान रद्द गर्नेलगायतका प्रावधान रहेका छन्। नेपालको हवाई इतिहासमा यो घटना सम्भवत पहिलो भएको हुन सक्ने नागरिक उड्डयन प्राधिकारण अधिकारीले जनाए। नेपालीको हकमा प्राधिकरणले उडान हुनुभन्दा अगाडि छड्के चेकजाँच गर्न गर्दै आए पनि हालसम्म यस्तो नपाएको ती अधिकारीको भनाइ रहेको छ ।

## नेप्सेमा झिनो अंकको सुधार

काठमाडौं, (नेस)

साताको पहिलो दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ३ दशमलव ६२ अंकले बढेर १ हजार १ सय ९४ दशमलव ८२ को बिन्दूमा पुगेको छ।

कुल १ सय ५३ कम्पनीको ७ लाख ८१ हजार ४८४ कित्ताको शेयर १८ करोड ४९ लाख ९ हजार २७० रुपियाँको कारोबार भएको छ। यस दिन सबैभन्दा बढी कारोबार जलविद्युत् लगानी कोष तथा विकास बैंकको भएको छ। जसको १ करोड २६ लाख ३४ हजार ३५४ रुपियँको कारोबार भएको छ। कारोबार रकमकै आधारमा दोस्रो र तेस्रो स्थानमा क्रमश: एनसीसी बैंक र नेपाल बैंक परेका छन्।

त्यस्तै धेरै कमाउनेमा नेसनल हाइड्रोपावर कम्पनीका लगानीकर्ताहरू रहेको छ। कम्पनीको शेयर मूल्य ७ दशमलव ५० प्रतिशतले बढेको छ। त्यस्तै धेरै गुमाउनेमा सिटी एक्सप्रेस फाइनान्सका लगानीकर्ता रहेको छ। जसको शेयर मूल्यमा ९ दशमलव ६७ प्रतिशतले घटेको छ।

यस दिन पाँच वटा समूह घटेको छन् भने बाँकी पाँच वटा समूह बढेका छन्। जीवन बीमा समूहको सूचक सबैभन्दा धेरै ५२ दशमलव ६७ अंकले बढेको छ। त्यस्तै बैंकिङ समूह २ दशमलव ९४, विकास बैंक समूह ६ दशमलव ७७, निर्जीवन बीमा कम्पनी समूह ९ दशमलव ९२ र अन्य समूह ६ दशमलव ३६ अंकले बढेका छन्। साथै होटल समूह २० दशमलव १४, जलविद्युत् समूह ३ दशमलव ९९, फाइनान्स समूह १ दशमलव १२ उत्पादन मूलक समूह ६ दशमलव ८२ र लघुवित्त समूह १ दशमलव ५ अंकले घटेका छन्।

त्यस्तै 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पनि शून्य दशमलव ५९ अंकले बढेर २ सय ५१ दशमलव ५५ अंकमा पुगेर बन्द भएको छ।

## सुजुकीको स्विफ्ट एक्स्चेन्ज क्याम्प शुरू

काठमाडौं, (नेस)

सुजुकीका चार पाङ्ग्रे सवारी साधनको नेपालका लागि आधिकारिक बिक्रेता तथा सीजी होल्डिङको अटोमोटिभ विभाग सीजी मोटोकर्पले स्विफ्ट एक्स्चेन्ज क्याम्प शुरू गरेको छ।साउन १३ गतेदेखि साउन १५ गतेसम्म नयाँ स्विफ्ट तेस्रो संस्करणको मोडललाई लक्षित गर्दै ३ दिने एक्स्चेन्ज क्याम्पको आयोजना गरेको हो।

स्विफ्टको नयाँ मोडलसँग एक्स्चेन्ज गर्दा कम्पनीले उपभोक्तालाई ठाउँमै मूल्य निर्धारण गरी ४० हजार रुपियाँको विशेष एक्स्चेन्ज बोनस प्रदान गर्नेछ। कम्पनीले सोही मोडलमा ११ दशमलव ९९ प्रतिशत ब्याजदरमा फाइनान्सको व्यवस्था गरिदिने भएको छ।

तेस्रो संस्करणको नयाँ स्विफ्ट यस श्रेणीको सर्वाधिक स्पोर्टी रुप भएको मोडल हो। पूर्ण रुपमा नयाँ डिजाइनसहितको यस सवारी साधन पाँचौ संस्करणको हर्टेक्ट प्ल्याटफर्ममा निर्मित छ। यस मोडलमा पूर्वपरीक्षण गरिएको के १२ भीभीटीट इन्जिन रहेको छ जसले ८३ पिएस पावरसहित २२ किलोमिटर प्रतिलिटरको माइलेज प्रदान गर्छ।

नयाँ स्विषटमा डबल एयरब्याग, एन्टिलक ब्रेकिङ प्रविधि, फ्रन्टल पेडेस्ट्रियन प्रोटेक्सन प्रविधि, फोर्स लिमिटर र प्रिटेन्स्नरसहितको सिट बेल्ट एवम् सुरक्षामा केन्द्रित आइसोफिक्स् चाइल्ड सिट एन्कोरेजस्ता प्रविधि उपलब्ध छन्। नयाँ स्विफ्टमा ब्लुटुथ ह्याण्ड्स फ्रि प्रविधि, अटो एसि, आयल ह्वील, पुश स्टार्ट बटन, रिमोट किलेस इन्ट्री, फ्रन्ट फगल्याम्पस्, सेक्युरिटी आलार्म सिस्टम आदि इत्यादि प्रविधि समावेश गरिएको छ।

## निगमद्वारा ट्रिपर हस्तान्तरण

काठमाडौं, (नेस)

नेपाल आयल निगमले पशुपति क्षेत्रमा साफा राख्ने हेतुले विकास कोषलाई संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत पशुपति क्षेत्र विकास कोषलाई एक थान हाइड्रोलिक ट्रिपर हस्तान्तरण गरिएको निगमले जनाएको छ।

आइतबार निगमका निमित्त प्रमुख सुशील भट्टराईले कोषका सदस्यसचिव डा. प्रदीप ढकाललाई ट्रिपरको ट्रिपरको साँचो हस्तान्तरण गर्नु भयो। साथै निगमले १३ लाख ९५ हजार रुपियाँ पनि कोषलाई प्रदान गरेको छ। निगमले ट्रिपरका लागि आवश्यक इन्धनका साथै सरसफाईको लागि १० जान कामदार समेत उपलब्ध गराउने छ। निगम र कोषबीच यो सम्झौता पाँच वर्षका लागि भएको निगमले जानएको छ।

## पञ्चकन्या ग्रुपद्वारा सब-डिलरको भेटघाट सम्पन्न



काठमाडौं, (नेस)

पञ्चकन्या ग्रुपले प्लाष्टिक डिभिजनअन्तर्गत सब-डिलरको भेटघाट तथा अन्तरक्रिया कार्यक्रम जापानी कम्पनी सेकिसुईको सहकार्यमा बबरमहल, काठमाडौंमा आयोजना गर्‍यो। जसमा एचडीपीई, सीपीभीसी, पीपीआर, पीभीसी पाइप एन्ड फिटिङस् बिक्री गर्ने करिब ७०० जना सब-डिलरको सहभागिता थियो। सो अवसरमा पञ्चकन्या ग्रुपका प्रबन्ध निर्देशक प्रदीपकुमार श्रेष्ठ, कार्यकारी निर्देशकद्वय उज्ज्वलकुमार श्रेष्ठ, उदीप श्रेष्ठलगायतको उपस्थिति थियो।

## रियल स्कुल अफ नेपालको नारायणघाट अडिसन सम्पन्न



काठमाडौं, (नेस)

रियल स्कुल अफ नेपाल,२०१८ अन्तर्गत सातौं क्षेत्रीय फाइनल मध्यमाञ्चलको नारायणघाटमा सम्पन्न भएको छ। यस प्रतियोगिताबाट सैनिक आवसीय महाविद्यालय विजयी विद्यालय घोषित भएको छ। विजयी विद्यालयका सहभागी विद्यार्थीहरू सोनीया कार्की, सीम्रन क्षेत्री, निश्चल मगर, सबीना थापा, जीवन महतो र प्रमेश दराई रहेका छन्। विजयी विद्यार्थीले काठमाडौंमा सम्पन्न हुने रियल स्कूल अफ नेपाल,२०१८ को अन्तिम चरणको प्रतियोगितामा अन्य विजयी विद्यालयका विद्यार्थीसँग प्रतिस्पर्धा गर्नेछन्।

## बालुवा चोरीमा संलग्न ट्याक्टर र ट्रिपर पक्राउ

नेपाल समाचारपत्र

पर्वत

कालीगण्डकी नदीमा एक्साभेटर प्रयोग गरेर बालुवा चोरी निकासी गरेको भन्दै प्रहरीले ६ वटा ट्याक्टर र एक वटा ट्रिपर नियन्त्रणमा लिएको छ।

कालीगण्डकीबाट बालुवा चोरीका लागि नदीमा उत्खनन् गर्दै गरेको अवस्थामा कुस्मा नगरपालिका-१ राजाको बगरमा ट्याक्टर र ट्रिपर नियन्त्रणमा लिएको हो। कालिगण्डकी नदीको किनारवाट बिल भरपाई नभई अवैध रुपमा लुकिछिपी नदीजन्य पदार्थ बालुवा उत्खनन् गरेको अवस्थामा जिल्ला प्रहरी कार्यालय पर्वतबाट खटिएको प्रहरी गस्ती टोलीले फेला पारेर नियन्त्रणमा लिएको कार्यालयले जनाएको छ।

प्रहरीले नियन्त्रणमा लिएका सवारी साधनमा ध १ त ३०४, ध १ त ५१०९ , ग १ त , ध १ त ३६३, ध १ त ३६६ र ग १ त ४८६४ न का ६ वटा ट्याक्टर तथा ग १ ख ३५८४ नम्बरको ट्रिपर नियन्त्रणमा लिएको हो। प्रहरीले नियन्त्रणमा लिएका ट्याक्टर र ट्रिपरलाई आवश्यक कारबाहीको लागि कुश्मा नगरपालिकामा पठाइएको प्रहरीले जनाएको छ।

कालीगण्डकी नदीको पर्वतको कुस्मादेखि म्याग्दीको सदरमुकाम बेनी बजारसम्म विभिन्न स्थानमा जथाभावी रुपमा एक्साभेटर जस्ता ठूला उपकरण प्रयोग गरेर बालुवा चोरी भैरहेको छ। नदीमा एक्साभेटर प्रयोग गर्न कानुनी रुपमा बन्देज भए पनि कुस्मा नगरपालिका र जलजला गाउँपालिकाको क्षेत्रमा दिनहुँ दर्जनौ एक्साभेटर प्रयोग गरी विभिन्न ठाउँबाट बालुवा निकाल्ने काम भइरहेको छ।

जथाभावी रुपमा बालुवा निकाल्दा नजिकका बस्ती समेत जोखिममा परेको भन्दै स्थानीयबासीले जनप्रतिनिधि र स्थानीय प्रशासनसँग यसलाई रोक्न माग गरेका छन्। तर, जनप्रतिनिधि नै जथाभावी बालुवा निकाल्ने काममा संलग्न भएका कारण कतै सुनुवाई नभएको जलजला गाउँपालिका ८ का सोमबहादुर जिसीले बताउनुभयो। गाउँपालिकाका अध्यक्ष यामबहादुर मल्ल (रामकृष्ण) आफै क्रसर व्यवसायी हुन भने उनले अन्य क्रसर व्यवसायी र निर्माण व्यवसायीलाई एक्साभेटर प्रयोग गर्न लिखित अनुमति दिएका छन्।

# अन्तर्राष्ट्रिय खेलकुदका पदकधारी सम्मानित



**नेपाल समाचारपत्र**

काठमाण्डौ

राष्ट्रिय खेलकुद परिषद राखेपले अन्तराष्ट्रिय प्रतियोगिताहरूमा नेपालका लागि पदक जित्ने करिब १ हजार खेलाडीलाई पुरस्कारसहित सम्मान गरेको छ।

काठमाडौंमा आइतबार आयोजित खेलाडी तथा श्रष्ठा सम्मान कार्यक्रममा मन्त्रालयले आर्थिक वर्ष २०७४/७५ मा बिभिन्न अन्तराष्ट्रिय प्रतियोगितामा पदक जित्ने, एशियाली खेलकुदमा पदक तथा दक्षिण एशियाली खेलकुदमा स्वर्ण पदक जित्ने खेलाडी, अहिलेसम्मका ओलम्पियनहरूले पाउने मासिक पारिश्रमिक, गत वर्ष आयोजना भएको राखेप च्याम्पियनसिपमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई नगदसहित सम्मान गरेको हो।

गत वर्ष अन्तराष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक जित्ने मुवा थाइका अनिशा खड्का र राहुल थोकर लामा १ लाख पुरस्कारसहित सम्मानित भए। उनीहरूले कम्बोडियामा गतवर्ष पहिलो विश्व कुन खेमर च्याम्पियनसिपमा स्वर्ण पदक जितेका थिए।

त्यस्तै मंगोलियामा भएको नवौं विश्व बडिबिल्डिङ तथा फिजिक स्पोर्टस च्याम्पियनसिपमा रजत विजेता ननिता महर्जनले ६५ हजार तथा त्यसै प्रतियोगितामा काश्य जितेका रुजेश शाहीले ३५ हजार रूपैयाा पुरस्कार पाए। त्यसैगरी कोरियामा भएको ५१औं एशियाली बडिबिल्डिङ च्याम्पियनसिपमा काश्य जितेका कमल भण्डारी पनि ३५ हजार नगद पुरस्कारसहित सम्मानित भए। यो पुरस्कार युवा तथा खेलकुद मन्त्रालयले प्रयोजन गरेको हो।

अहिलेसम्मका ओलम्पिकमा नेपालबाट प्रतिनिधित्व गर्ने खेलाडीलाई नयाा आर्थिक वर्ष २०७५/७६ देखि मासिक ३ हजार भत्ता उपलब्ध गराउने निर्णयअनुसार राखेपले ८० जना ओलम्पियनलाई मासिक भत्ता प्रदान गरी निर्णय कार्यान्वयन गरेको छ। सन् १९६४ को टोकियो ओलम्पिकमा सहभागी स्वर्गीय भुपेन्[illegible]बहादुर केसीदेखि सन् २०१६ को रियो ओलम्पिकमा सहभागी गौरिका सिंहसम्मले अबदेखि मासिक ३ हजार भत्ता पाउनेछन्।

परिषदले एशियाली खेलकुदमा सहभागी भइ पदक जितेका ८ खेलाडी तथा दक्षिण एशियाली खेलकुदमा पहिलो संस्करणदेखि १२औं संस्करणसम्मका स्वर्ण विजेता ९६ खेलाडीलाई गत मंसिरदेखिको मासिक ५ हजार भत्ता एकमुष्ट वितरण गरेको छ। ९६ खेलाडीमध्ये तेक्वान्दोका दीपक विष्टको ४, संगीना बैद्यको २, एथ्लेटिक्सका बैकुण्ठ मानन्धरको ३ र करातेका दीपक श्रेष्ठको २ स्वर्ण छ। उनीहरूले प्रति स्वर्ण ५ हजारका दरले ८ महिनाको भत्ता एकमुष्ट बुझेका हुन्।

त्यस्तै गत वर्ष आयोजित राखेप च्याम्पियनसिपमा उत्कृष्ट प्रदर्शन गर्ने फरक खेलका ६२ खेलाडीहरू नगद १५ हजारका दरले सम्मानित भएका छन्। कार्यक्रममा गत आर्थिक वर्षमा नेपालका लागि अन्तराष्ट्रिय प्रतियोगितामा स्वर्ण र रजत जित्ने ४१७ जना खेलाडीलाई पुरस्कारसहित सम्मान गरिएको थियो।

त्यस्तै आठौं राष्ट्रिय खेलकुदको लोगो र मस्कट डिजाइन गर्ने सन्तोष विष्टलाई ८० हजार, गीत रचना गर्ने नारायण खतिवडालाई २५ हजार प्रदान गरिएको थियो। आठौं राष्ट्रिय खेलकुदको नारा रचना गरेका राखेप सदस्यसचिव केशवकुमार विष्टले पाएको ५ हजार पारिश्रमिक भने राखेपकै खातामा फिर्ता गरिदिएका छन्।

खेलकुद मन्त्रालयले दुई खेलकुद पत्रकारलाई जनही ५० हजारका दरले सम्मानित गरेको छ। नेपाल टेलिभिजनका राज सिलवाल र बीबीसी नेपाली सेवाका निरञ्जन राजवंशी सम्मानित भएका हुन्। खेलकुद परिषदले सागमा स्वर्ण विजेता खेलाडीका लागिल ४० लाख, एशियाली खेलकुदमा पदक विजेता खेलाडीका लागि ४ लाख ४० हजार र बिभिन्न अन्तराष्ट्रिय खेलमा पदक विजेता खेलाडीका लागि १९ लाख २५ हजार तथा राखेप च्याम्पियनसिपमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीका लागि ९ लाख रूपैयाा पुरस्कार स्वरूप वितरण गरेको छ। कार्यक्रमका प्रमुख अतिथि रक्षामन्त्री इश्वर पोखरेल, युवा तथा खेलकुद मन्त्री जगतबहादुर विश्वकर्मा, राखेप सदस्यसचिव केशवकुमार विष्ट लगायतले खेलाडीलाई पुरस्कार वितरण तथा सम्मान गरेका थिए।

## नेपाल ९ विकेटले विजयी

*काठमाडौं, (नेस)*

*एमसीसी टी-२० त्रिकोणात्मक सिरिजको पहिलो खेलमा नेपाल ९ विकेटले विजयी भएको छ।*

*बेलायतको लर्डस् मैदानमा जारी त्रिपक्षीय टी २० शृंखलाको पहिलो खेलमा नेपालले एमसीसीलाई ९ विकेटले पराजित गरेको हो। वर्षाका कारण ६ ओभरमा छोट्याइएको सो खेलमा एमसीसीले पहिले ब्याटिङ गर्दै नेपाललाई ४१ रनको चुनौती दिएको थियो। उक्त लक्ष्य नेपालले ४ दशमलव ४ ओभरमा १ विकेट गुमाएर पूरा गरेको थियो।*

*एमसीसीका लागि कप्तान माहेला जयवर्द्धनेले सर्वाधिक २४ रन बनाउँदै नटआउट रहे। सोमपाल कामीले २ र शक्ति गौचनले १ विकेट लिएका थिए। सन्दीप लामिछाने भने एक ओभर बलिङ गर्दा १३ रन दिएर सबैभन्दा महँगा साबित भए। जवाफी ब्याटिङमा उत्रिएको नेपालले आठ बल बाँकी छँदै एक विकेट गुमाएर विजय लक्ष्य हात परेको थियो।*

*नेपालका सुवास खकुरेलले १५ बलमा २ चौकासहित १६ रन बनाइ आउट भए। खेलको एकमात्र छक्कासहित ४ बलमा १२ रन ज्ञानेन्द्र मल्लले बनाए भने अनिल शाहले ९ बलमा दुई चौकासहित ९ रन बनाए। नेपालले अब टी-२० अन्तर्राष्ट्रिय खेलमा नेदरल्यान्ड्ससँग खेल्नेछ। नेदरल्यान्ड्सले पनि पहिलो खेलमा एमसीसीलाई पराजित गरेको थियो।*

## धरहरा

### अचम्मको कुर्ची



'आफ्नो आङको जुम्रा नदेख्ने अर्का आङको भैंसी' यो उखानसँग मेल खाने उपयुक्त पात्र नेपाली राजनीतिमा बग्रेल्ती भेटिन्छन्। सत्तामा रहँदा पर्याप्त तारिफ र प्रशंसाका शब्द/बाक्य रुचाउने नेताज्यूहरू सत्ताबाहिर रहँदा शतप्रतिशत परिवर्तन हुन्छन्।

सत्ताबाट बिदा हुने बित्तिकै मन्त्री, प्रधानमन्त्रीलाई खोट देखाउनु, विपक्षी विरुद्ध अनेकथरी विशेषण जोड्दै गालीगलौजमा उत्रिनु नेताज्यूहरूको वास्तविक परिचय हो। हिजोआज कांग्रेस खरो रूपमा सरकार विरोधी बन्या छ, सडक र सदनबाट सरकारलाई असफल बनाउने मिसनमा लाग्या छ।

कांग्रेस सभापति देउवा भन्छन्- 'जसरी पनि सरकारलाई घुँडा टेकाउँछौं', 'केपी सरकार जुनसुकै हालतमा बर्खास्त गराउनेछौं।' गाली गर्न अरू नयाँ कुरा, नयाँ वाक्य र नयाँ शब्द जान्या भए पो, जे जान्या छन्, त्यहि त हो नि बोल्ने। लजास्पदरूपमा खस्किएको आफ्नो दल हैंसियत र संगठन सुधार्ने वाक्य त उनी झुक्किएर पनि बोल्न जान्दैनन् कि क्या हो ?

धरहरा उनको बोली बुझ्दैन, कहिँकतै त्यस्तो पनि बोल्छन कि, बोल्छन् भने यसो खबर पाऊँ है पाठकवृन्द। निकै प्रष्ट बोली भएका ओली पनि निकै परिवर्तन भएका छन्, हिजोआज उनी निकै ढुलमुल शैलीमा बोल्न थाल्या देख्दा/सुन्दा त्यो कुर्ची नै अचम्मको रैछ भन्ने धरहरालाई लाग्या छ।

## ई-प्लानेट अन्तर कलेज फुटसल हुंदै

**नेपाल समाचारपत्र**

काठमाडौं,



यही साउन १७ र १८ गते दोस्रो ई-प्लानेट अन्तरकलेज फुटसल प्रतियोगिता आयोजना हुने भएको छ। आइतबार आयोजक नेसनल कलेजले जानकारी गराएअनुसार ३२ कलेजले सहभागी जनाउने प्रतियोगिताका खेलहरू बालुवाटारस्थित ढुकु फुटसल हबमा सञ्चालन हुनेछन्। प्रतियोगितामा टेन प्लस टु र ब्याचलर लेभलका विद्यार्थीले सहभागीता जनाउनेछन्। सहभागी टोलीलाई ८ समूहमा विभाजन गरिनेछ जसअनुसार प्रतियोगिताका समूह चरणका खेल राउन्ड रोविनको आधारमा र त्यसपछिका खेल नकआउट हुने आयोजकको दावी छ।

दुईदिने यो प्रतियोगिताको विजेताले नगद ३५ हजार रुपियाँसहित कूल ५० हजार रुपियाँबराबरको पुरस्कार तथा दोस्रो हुनेले नगद २० हजार रुपियाँसहित कुल ३० हजार रुपियाँबराबरको पुरस्कार प्राप्त गर्नेछन्। यसका साथै प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने एक खेलाडी, उच्च गोलकर्ता तथा उत्कृष्ट गोलकिपरले पनि आकर्षक गिफ्ट ह्याम्पर प्राप्त गर्नेछन्। धुम्बाराहीस्थित नेसनल कलेज अन्तरकलेज फुटसल प्रतियोगिता आयोजना गर्ने नेपालकै पहिलो कलेज रहेको आयोजकको दाबी छ। सन् २०१० मा कलेजले पहिलोपटक फुटसल प्रतियोगिता आयोजना गरेको थियो। बीचमा रोकिएको प्रतियोगिता गत वर्षदेखि पुन: शुरू भएको हो। गत वर्ष १६ टोली सहभागी रहने यस प्रतियोगितामा यसअघिको संस्करणको उपाधि नेसनल कलेजले जितेको थियो। सहभागी जनाउन ६ हजार रूपियाँ दर्ता शुल्क बुझाउनुपर्ने जानकारी पनि गराइएको छ।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ